# पैयूँ गाउँपालिका

# गाउँ शिक्षा योजना

(२०८३/२०८४–२०९३/२०९४)




प्रकाशक

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हुवास , पर्वत

गण्डकी प्रदेश

नेपाल

पैयूँ गाउँपालिकाको गाउँ सभाबाट योजना स्वीकृत मितिः२०८३/०३/०९ गते

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

## मेरो भनाइ

शिक्षा मानव विकासको मूल आधार हो। समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षा बिना दिगो सामाजिक तथा आर्थिक विकासको परिकल्पना गर्न सकिँदैन। नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन र विकासको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। यही संवैधानिक व्यवस्था तथा स्थानीय आवश्यकतालाई ध्यानमा राखी हाम्रो गाउँपालिकाले यो गाउँ शिक्षा योजना तर्जुमा गरेको हो।

गाउँ क्षेत्रमा शैक्षिक पहुँच विस्तार हुँदै गएको भए तापनि सिकाइ उपलब्धि सुधार, शैक्षिक समानता सुनिश्चितता, शिक्षण—सिकाइको गुणस्तर अभिवृद्धि, सूचना प्रविधिको प्रभावकारी प्रयोग, शिक्षकको पेशागत विकास तथा विद्यालय व्यवस्थापनका क्षेत्रमा अझै सुधार आवश्यक देखिन्छ। भौगोलिक अवस्था, सामाजिक—आर्थिक असमानता, लैङ्गिक विभेद तथा अपाङ्गतासँग सम्बन्धित चुनौतीका कारण सबै बालबालिकाले समान स्तरको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर अझै पूर्ण रूपमा सुनिश्चित हुन सकेको छैन।

यस गाउँ शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोत—साधन तथा सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारका लागि स्पष्ट मार्गदर्शन प्रदान गरेको छ। योजना तयार गर्दा विद्यालय शिक्षा क्षेत्र योजना, दिगो विकासका लक्ष्यहरूसँग समन्वय कायम गरिएको छ, जसले हाम्रो शिक्षा प्रणालीलाई अझ व्यवस्थित, समावेशी र परिणाममुखी बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ।

हाम्रो विश्वास छ 'शिक्षा केवल विद्यालयको सीमाभित्र सीमित रहने प्रक्रिया होइन, यो जीवनभरि चलिरहने सिकाइको आधार हो। बालमैत्री, समावेशी, सुरक्षित तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अभिभावक तथा समुदायको सक्रिय सहभागिता र उत्तरदायी शासकीय अभ्यासमार्फत् शिक्षा क्षेत्रमा दिगो सुधार सम्भव छ।

यस योजनाको सफल कार्यान्वयनका लागि निर्वाचित जनप्रतिनिधि, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदार सबै पक्षको सक्रिय सहकार्य र साझा प्रतिबद्धता आवश्यक छ। सामूहिक प्रयास र प्रभावकारी कार्यान्वयनमार्फत् हाम्रो गाउँलाई सिकाइमैत्री, समावेशी तथा गुणस्तरीय शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्ने हाम्रो दृढ सङ्कल्प व्यक्त गर्दछु।

तोरण मल्ल ठकुरी

**अध्यक्ष**

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

विषय सूची


**परिच्छेद १** **1**

**परिचय** **1**

१.१ भौगोलिक अवस्थिति 1

१.२ जनसाङ्ख्यिक संरचना 4

१.३ सामाजिक तथा सांस्कृतिक अवस्था 4

१.४ आर्थिक अवस्था 5

१.५ शैक्षिक अवस्था 5

**परिच्छेद २** **12**

**दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** **12**

२.१ दूरदृष्टि 12

२.२ लक्ष्य 12

२.३ उद्देश्य 12

२.४ रणनीतिहरू 12

२.५ अपेक्षित उपलब्धि 15

२.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण 15

**परिच्छेद ३** **18**

**विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र** **18**

३.१ प्रारम्भिक बालविकास र शिक्षा 18

३.२ आधारभूत शिक्षा 22

३.३ माध्यमिक शिक्षा 27

३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ 33

**परिच्छेद ४** **38**

**अन्तरसम्बन्धित विषय क्षेत्रहरू** **38**

४.१ पाठ्यक्रम र मूल्याङ्कन 38

४.२ शिक्षक व्यवस्थापन र विकास 42

४.३ समता र समावेशीकरण 46

४.४ विद्यालय दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रम 51

४.५ आपतकालीन अवस्थामा शिक्षा 55

४.६ विद्यालय भौतिक पूर्वाधार विकास 58

४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि 63

**परिच्छेद ५ 67**

**विद्यालय सुशासन तथा व्यवस्थापन 67**

५.१ परिचयः 67

५.२ संस्थागत क्षमता विकास 68

५.३ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध 72

५.४ अनुगमन तथा मूल्याङ्कन 76

**परिच्छेद ६ 80**

**लगानी र स्रोत व्यवस्थापन 80**

६.१ परिचय 80

६.२ वर्तमान अवस्था 80

६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्बन्धित विषय क्षेत्रअन्तर्गतका क्रियाकलापहरूको बजेट विवरण 94

**परिच्छेद ७ 96**

**कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण 96**

७.१ परिचय 96

७.२ वर्तमान अवस्था 96

७.३ उद्देश्य 97

७.४ रणनीतिहरू 98

७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 98


पैयुँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

## योजनाको सारांश

गाउँ शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो। यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ। योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन्।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ। यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन-मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ। स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक निजी साझेदारीलाई जोड दिइएको छ।

समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो। योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सिप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

### क) विषय प्रवेश

संविधानतः सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ। नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विद्यालय शिक्षासम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ। यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्त्वपूर्ण मानिन्छ ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो। यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यावसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ। साथै

यसले (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुऱ्याउँछ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीमूलक र समावेशी हुनुपर्दछ। यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ। यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गतामैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरूसहितको स्थानीय शिक्षा योजनामार्फत् स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ ।

**ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य**

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो। गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षाबिना दिगो विकास सम्भव हुँदैन। सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ। स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिविना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो। देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ। एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ। यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ ।

शिक्षा योजना निर्माणको अर्को महत्त्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो। शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबिचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ ।

जैदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

समावेशिता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो। बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ। शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ ।

त्यसै गरी शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ। शिक्षकको पेसागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ। साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत् मात्र सम्भव हुन्छ ।

यसरी शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ। यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ। त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो ।

**ग) योजना निर्माण प्रक्रिया**

शिक्षा योजना निर्माण गर्दाका देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको थियो।

क) नेपालको संविधान
ख) सोह्रौं आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच
च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
छ) विद्यालय शिक्षा क्षेत्र योजना
ज) राष्ट्रिय शिक्षा नीति २०७६,
झ) दिगो विकास लक्ष्य
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८
ट) स्थानीय तहको मध्यकालीन खर्च संरचना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड) राजनीतिक दलको घोषणापत्र

ढ) विद्यालय सुधार योजना र अन्य सरकारी तथा गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि।

त्यसै गरी योजना निर्माणका क्रममा देहायबमोजिमका प्रक्रियाहरू अवलम्बन गरिएको थियो।

क) कार्यपालिकाको बैठकको निर्णय
ख) योजना निर्माण समितिको गठन
ग) योजना निर्माण कार्यदल गठन
घ) सरोकारवालाहरूको भेलाको उपस्थिति र निर्णय
ङ) प्रथम मस्यौदा तयारी
च) योजनाको अन्तिम रूप
छ) योजनाको मूल्याङ्कन
ज) योजनाको स्वीकृति र कार्यान्वयनको अवस्था

**ग) योजनाको दस्तावेजको स्वरूप**

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरू चुनौतीहरू र अवसरहरू उल्लेख गरिएको छ। दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरू प्रस्तुत गरिएको छ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ। यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन्। परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ। यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन्। परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापनअन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा पर्यवेक्षण प्रणाली समावेश गरिएको छ। परिच्छेद ६ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ। परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरू उल्लेख गरिएको छ।



गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

# परिच्छेद १
## परिचय

### १.१ भौगोलिक अवस्थिति

नेपालको संविधान २०७२ मा उल्लेख भएअनुसार गरिएको राजनैतिक विभाजनअनुसार व्यवस्था गरिएका सात ओटा प्रदेशहरूमध्ये गण्डकी प्रदेश अन्तर्गतको एउटा जिल्ला पर्वत हो। कालञ्जर हम्पाल पर्वत, डहरेको लेक, पैयूँ, पञ्चासे, सेतीवेणी, महाशिला, मोदीवेणी, विश्वकै ठुलो मानिएको शालिग्राम, गुप्तेश्वर गुफा, अल्पेश्वर गुफा, सहस्रधारा, शालग्रामयुक्त कालीगण्डकी नदी, विभिन्न स्थानमा रहेका ऐतिहासिक तथा प्रसिद्ध प्राचीन कोटहरू जस्ता प्राकृतिक र धार्मिक स्थलहरू रहेको यो जिल्ला पर्या—पर्यटन, धार्मिक पर्यटन, कृषि तथा लघु उद्यम आदिको विकासका लागि बलियो सम्भावना बोकेको जिल्लाका रूपमा चिनिन्छ। यो जिल्ला पहाडी भौगोलिक बनावट भएको, प्राकृतिक, सांस्कृतिक तथा सामाजिक विविधताका दृष्टिले महत्त्वपूर्ण र सुन्दर जिल्ला हो (जि.वि.स. पर्वत, २०७४)।

यस जिल्लामा रहेका विभिन्न स्थानीय तहहरूमध्ये पैयूँ गाउँपालिका एक हो। नेपाल सरकारको मिति २०७३ साल फागुन ३० गतेको निर्णयअनुसार जिल्लाका साविकमा कायम रहेका ४७ ओटा गा.वि.स. र एउटा नगरपालिकालाई समायोजन गरी गठन भएका यस जिल्लाका सातओटा स्थानीय तहहरू (जलजला, मोदी, महाशिला, पैयूँ) एवम् बिहादी गरी ५ ओटा गाउँपालिका र कुश्मा तथा फलेवाससहित २ ओटा नगरपालिकामध्ये पैयूँ गाउँपालिका एक हो। साविकमा कायम रहेका बेउलीबास, टकलाक, त्रिवेणी, हुवास (दुई ओटा वडा कायम), सरौंखोला र भोर्लेसहित छ ओटा गा.वि.स. हरूलाई समावेश गरी सात ओटा वडा रहेको पैयूँ गाउँपालिका गठन गरिएको छ। वर्तमान पर्वत जिल्लाको महाशिला गाउँपालिका-१ अन्तर्गत (साविकको होश्राङ्दी गा.वि.स.-१) पर्ने कालीगण्डकीको वायाँ किनार पर्वतको दक्षिणी भेगमा उत्तरबाट दक्षिणतर्फ फैलिएको र गोर्ल्याङको डाँडाको काखमा अवस्थित ऐतिहासिक तथा पुरातात्त्विक महत्त्व बोकेको पैयूँकोटका नामबाट यस गाउँपालिकाको नाम "पैयूँ" रहन गएको देखिन्छ। यस कोटको नाम र मध्यकालमा पैयूँ राज्यका नामबाट शासित पर्वतको दक्षिणी पूर्वी क्षेत्रलाई अहिले पनि पैयूँ क्षेत्र भनेर चिनिन्छ। चौबीसी राज्यअन्तर्गत पैयूँ राज्यको सबैजसो भाग अहिले पर्वत जिल्लामा समावेश गरिएको छ। पैयूँकोट कसरी नाम रहन गयो भन्ने बारेमा विभिन्न प्रकारका जनश्रुतिहरू रहेको पाइन्छ। पैयूँ भन्ने रुखको बाक्लो घारी वा जङ्गल भएको स्थानमा कोटघर निर्माण गरिएकाले यस ठाउँलाई पैयूँकोट भनिएको हो भन्ने जनश्रुति यहाँ रहेको छ। हाल पैयूँकोट रहेको ठुलो चौरमा घोडालाई पैयाँ कुदाएर तालिम गर्न सक्ने फराकिलो ठाउँमा कोट दरबार भएकाले यसलाई पैयूँकोट भन्न थालिएको हो भन्ने भनाइ पनि प्रचलित छ।

मध्यकालमा अस्तित्वमा रहेका बाइसी चौबीसी राज्यअन्तर्गतको एक प्रमुख राज्य पैयूँ थियो। मध्यकालको पैयूँ राज्य हालको पर्वत जिल्लाकै महत्त्वपूर्ण क्षेत्रका रूपमा रहेको छ। पैयूँ राज्य १६ औं शताब्दीदेखि १९ औं शताब्दी (वि.सं. १५०२—१८४२) सम्म अस्तित्वमा रहेको थियो। पैयूँ

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

राज्यका प्रथम राजा रामसिंह सेन थिए भने अन्तिम राजा नायब अकवरसिंह सेन थिए। तत्कालीन समयमा पूर्वमा भिरकोट, पश्चिममा कालीगण्डकी र पाल्पा राज्य, उत्तरमा पर्वत राज्य र दक्षिणमा पाल्पा, गुल्मी, खाँची र अर्घा राज्यको चौकिल्लाभित्र पैयूँ राज्य रहेको थियो। लिच्छवी शासनको पतनपश्चात् मगरात प्रदेशमा मगरहरूको बाहुल्य भएका कारण पैयूँ राज्य मगरहरूको बलढेङ्गी राज्यअन्तर्गत समाहित भएको थियो। पाल्पाली राजा मुकुन्द सेन प्रथमले गुल्मी, अर्घा र खाँचीको मद्दतले मगरहरूको बलढेङ्गी राज्यलाई परास्त गरेपछि पैयूँ क्षेत्रमा आले, राना, चितौरे र थापा मगरहरूको संयुक्त मुख्यौली शासन चलेको थियो। यिनीहरूको मुख्यौली शासन, परस्परको विरोधका कारण र वरिपरिका राज्यहरूमा राजपूत वंशका राजाहरूको शासनको सुरुवात भइसकेकाले त्यसको प्रभावका कारण हुन सक्दछ, यी चार थरी मगरहरूले पैयूँ राज्यमा राजपूत वंशका राजा थाप्ने र उनैको हुकुम शिरोधार्य गर्ने सल्लाह गरेअनुरूप गञ्जु आले, पिउर राना, शेरु चितौरे र बदल थापाले वनारसको घाँसपानीस्थित राजपूतहरूको गाउँ बाँसी भन्ने ठाउँमा पुगी त्यहाँबाट राजपूत नाइकेका छोरा रामसिंह सेन र उनकी गर्भिणी श्रीमतीलाई समेत बोकेर ल्याई वि. सं. १५०२ मा बडादसैंको अष्टमीका दिन रामसिंह सेनलाई पैयूँ राज्यको राजपूत सेनवंशका प्रथम राजा बनाइएको पाइन्छ। राजा रामसिंहले रैतीको भारा नलागोस् भनेर उपहार ल्याइदिनेहरूलाई जमिन उपलब्ध गराई कर माफी गरिदिएका थिए भने आफूलाई वनारसबाट बोकी ल्याई राजा बनाउने चार ओटा मगरलाई चार काजी बनाई चार ओटा क्षेत्रको क्षेत्रपाल बनाएका थिए। यी चार क्षेत्रका क्षेत्रपालले पैयूँ राज्यलाई मानेकाले यस क्षेत्रलाई चारपाला पैयूँ भनेर पनि चिनिन्छ। यही ऐतिहासिक तथा पौराणिक महत्त्व बोकेको चर्चित स्थान पैयूँकोट र चौबीसी राज्यअन्तर्गतको प्रमुख राज्य पैयूँ राज्यका नामबाट नै यस गाउँपालिकाको नाम पैयूँ राखिएको हो ।

पैयूँ गाउँपालिका २८° १९" देखि २८° ०८" उत्तरी अक्षांश र ८३° ३८ १३" देखि ८३° ४२ ४९" पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ। यस गाउँपालिकाको पूर्वी सिमानामा स्याङ्जा जिल्लाको भू—भाग, पश्चिममा बिहादी र महाशिला गाउँपालिका, उत्तरी भागमा महाशिला गाउँपालिका र दक्षिणमा स्याङ्जा जिल्लाको भू—भाग पर्दछ। यस गाउँपालिकाको कुल क्षेत्रफल ४२.६५ वर्ग किलोमिटर रहेको छ भने समुद्र सतहबाट ५६० मिटर उचाइदेखि १८२० मिटरसम्मको उचाइमा यो गाउँपालिका फैलिएर रहेको छ। २०७८ सालको जनगणनाअनुसार जनसङ्ख्याका दृष्टिले जिल्लाका सात ओटा स्थानीय तहमा पाँचौं र गाउँपालिकाहरूमध्येमा तेस्रो स्थानमा यो गाउँपालिका पर्दछ (जि.स.स., पर्वत, २०७८)। गाउँपालिकामा रहेका ३,२६८ घरधुरीमा कुल जनसङ्ख्या १२,७२५ बराबर रहेको छ। जसमा महिला ५३.४% र पुरुषको सङ्ख्या (४६.६% रहेको छ। जिल्ला निर्वाचन कार्यालय पर्वतका अनुसार वि. सं. २०७९ मा सम्पन्न आम निर्वाचनमा यस गाउँपालिकामा कुल मतदाता १०३७५ बराबर रहेका छन् ।

यस गाउँपालिकाको कुल क्षेत्रफल ४२.६५ वर्ग कि.मि. बराबर रहेको देखिन्छ। क्षेत्रफलका दृष्टिले सबैभन्दा ठुलो वडा नं. २ (साविक त्रिवेणी गा.वि.स.) रहेको छ भने सानो वडा नं. ४ रहेको छ। क्षेत्रफलका हिसाबले सानो वडा भए तापनि सघन बस्ती भएका कारण यस वडामा जनसङ्ख्या



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

तथा घरपरिवार सङ्ख्या सबैभन्दा बढी रहेको देखिन्छ। सबैभन्दा कम जनसङ्ख्या वडा नं. १ टकलाकमा रहेको देखिन्छ ।

ढुङ्गा, गिटी, बालुवा, वन पैदावर, सडकमार्ग आदिबाट प्राप्त आयको अतिरिक्त व्यक्तिगत कर, मालपोत कर, सम्पत्ति कर तथा संविधानले व्यवस्था गरे अनुरूपका स्रोतबाट प्राप्त हुने आयकर एवम् केन्द्रीय र प्रादेशिक सरकारबाट प्राप्त हुने अनुदान नै आगामी दिनमा गाउँपालिकाका आम्दानीका प्रमुख स्रोतहरू हुन्। गाउँपालिकाले स्पष्ट योजना, नीति तथा कार्यक्रम निर्माण गरी स्थानीय स्रोतहरूको अधिकतम परिचालन गर्दै आन्तरिक आय आर्जन वृद्धितर्फ लाग्नुपर्ने हुन्छ। गाउँपालिकाको समग्र विकासका लागि आन्तरिक स्रोतको परिचालनबाट प्राप्त हुने राजस्वको ठुलो भूमिका रहेको हुन्छ। यस गाउँपालिका पनि प्राकृतिक साधन तथा स्रोतका दृष्टिले धनी रहेको छ। पैयूँखोला तटीय क्षेत्रका ढुङ्गा, गिटी, बालुवा तथा ग्रामीण सडकहरूबाट पटके करका रूपमा प्राप्त हुने राजस्व जिल्ला समन्वय समिति पर्वतमार्फत् सङ्कलन हुँदै आएको छ। यो राजस्व सङ्घीय, प्रादेशिक र स्थानीय सरकार वा तहमा भागबण्डा लाग्ने संवैधानिक व्यवस्था भएबाट यसको निश्चित अंश गाउँपालिका कोषमा पनि प्राप्त हुने देखिन्छ। प्राकृतिक स्रोतबाट प्राप्त हुने राजस्वलाई संविधानले तीन भाग लाग्ने व्यवस्था गरेको भए तापनि यस बारेमा अझैसम्म प्रस्ट मोडालिटी अहिलेसम्म निर्माण नभएकाले यस आर्थिक वर्षका लागि जिल्ला समन्वय समिति पर्वतबाट उठाइएको राजस्व गाउँपालिकामा कति भाग जाने हो त्यसको एकिन हुन सकिरहेको छैन। संविधानले प्रदान गरेको अधिकारको प्रयोग गरी आन्तरिक स्रोत परिचालनबाट गाउँपालिकाले आयआर्जन अर्थात् राजस्व सङ्कलनका लागि निकै ठुलो प्रयत्न गर्नुपर्ने देखिन्छ ।

नेपाल सरकारले स्थानीय तहको पुनर्संरचना गर्दाका बखत गाउँपालिकाको केन्द्र साविक हुवास गा.वि.स.को कार्यालयमा तोकेबमोजिम सोही स्थानबाट गाउँपालिकाको प्रशासनिक कार्य सञ्चालन भइरहेको थियो। प्राकृतिक तथा भौगोलिक सुन्दरताले विभूषित यस पैयूँ गाउँपालिका मल्लकालमा पैयूँ राज्यअन्तर्गतको एक भू—भाग थियो। तत्कालीन पैयूँ राज्यको शीतकालीन राजधानी रहेको फूलबारी दरबार रहेको स्थान, नायब साहेबको मन्दिर, छतिवनको रुख, नेकर्गा, चिन्नेखर्क जस्ता प्रसिद्ध ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाहरूले यो क्षेत्र धनी रहेको हुँदा पर्यटकीय तथा आर्थिक विकासको प्रबल सम्भावना बोकेको गाउँपालिकाका रूपमा यो रहेको छ। नेपालको एकीकरणपश्चात् यो क्षेत्र स्याङ्जाको नुवाकोट गौंडाअन्तर्गत रहेको थियो। वि. सं. २०१८ सालमा राजा महेन्द्रद्वारा जिल्ला विभाजन हुँदा यो क्षेत्र वर्तमान पर्वत जिल्लामा समावेश गरिएको थियो । लामो समयसम्मको योजनाबद्ध आर्थिक विकासको परिणामस्वरूप पनि नेपालका स्थानीय निकायहरू आर्थिक रूपले समृद्धिको उच्च तहमा पुग्न सकेको पाइएन। केन्द्रीकृत राज्य व्यवस्थाका कारण स्थानीय तहका साधन तथा स्रोतहरूमाथि केन्द्रको नै बढी अधिकार रहने र केन्द्रीय सरकारको विनियोजित बजेटमार्फत् स्थानीय निकायहरू सञ्चालन भइरहँदा जनअपेक्षित रूपमा गाउँमा विकासका आयामहरू समुन्नत अवस्थामा पुग्न सकेनन्। वर्तमान नेपालको संविधान २०७२ ले स्थानीय तहहरूलाई विभिन्न आर्थिक तथा राजनैतिक अधिकारहरू प्रदान गरेको छ। स्थानीय तहहरू अधिकार



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

सम्पन्न हुने भएका छन्। पैयूँखोला किनारको आसपासमा रहेका सम्म परेका बेंसी फाँटदेखि लिएर उच्च लेकसम्म फैलिएको भू-भाग भएकाले बालुवा गिटीदेखि लिएर विभिन्न प्रकारका वन पैदावरहरूको प्राचुर्यता यहाँ रहेको छ। यिनै प्राकृतिक साधन तथा स्रोतको उपयोग र यहाँका पर्यटकीय तथा धार्मिक सम्पदास्थलहरूको माध्यमबाट गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा ठुलो योगदान पुग्ने देखिन्छ ।

**१.२ जनसाङ्ख्यिक संरचना**

राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसङ्ख्या १२,७२५ रहेको छ। महिला ५३.४% र पुरुष ४६.६% छन्। लैङ्गिक अनुपात ८७.२४% रहेको छ।

**१.३ सामाजिक तथा सांस्कृतिक अवस्था**

पैयूँ गाउँपालिका सामाजिक विविधता, सांस्कृतिक सम्पन्नता र उच्च जातीय सद्भाव भएको एक ऐतिहासिक स्थानीय तह हो। भौगोलिक रूपमा पहाडी धरातलमा फैलिएको यस गाउँपालिकामा विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्बीहरूको सम्मिश्रण रहेको छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार यस क्षेत्रमा मुख्य गरी ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, नेवार, ठकुरीका साथै दलित समुदायअन्तर्गत कामी, दमाइ, सार्की र सीमान्तकृत वर्गहरूको बसोबास रहेको छ। यहाँ बसोबास गर्ने विभिन्न समुदायहरूबिच सदियौँदेखि आपसी सहयोग, पारस्परिक सम्मान र सामाजिक सहिष्णुता रहिआएको छ, जुन यहाँको समाजको मुख्य सबल पक्ष हो।

सांस्कृतिक दृष्टिकोणले पैयूँ गाउँपालिका धार्मिक ऐतिहासिकता र जीवन्त परम्पराले धनी छ। यहाँका बासिन्दाहरूले सनातन हिन्दु र बौद्ध धर्मका मूल्य मान्यताहरूलाई अङ्गीकार गर्दै आएका छन्। यस क्षेत्रमा बडादसैं, तिहार, माघे सङ्क्रान्ति, चैते दसैं, कृष्ण अष्टमी, हरिबोधनी एकादशी, तीज जस्ता धार्मिक चाडपर्वहरू हर्षोल्लासका साथ मनाइन्छ। विशेष गरी मगर र गुरुङ समुदायको बाहुल्यता रहेका बस्तीहरूमा ल्होसार, भूमे पूजा तथा परम्परागत कौडा, सोरठी र घाटु नाच जस्ता संवर्द्धनयोग्य सांस्कृतिक धरोहरहरू जीवन्त रहेका छन्, जसले स्थानीय पर्यटन र सांस्कृतिक पहिचानमा समेत टेवा पुऱ्याएका छन्। यहाँ बोलिने मुख्य भाषा नेपाली हो भने मगर र गुरुङ समुदायले आफ्नो मातृभाषासमेत प्रयोग गर्ने गर्दछन्।

यद्यपि यस सामाजिक बनोटभित्र चेतनाको कमीका कारण केही परम्परागत कुरीतिहरू, लैङ्गिक विभेद र जात व्यवस्थाका अवशेषहरू अझै पनि पूर्ण रूपमा उन्मूलन हुन सकेका छैनन्। ग्रामीण परिवेश र भौगोलिक विकटताका कारण कतिपय विपन्न, सीमान्तकृत तथा दलित समुदायका बालबालिकाहरू अझै पनि गुणस्तरीय शिक्षा र विकासको मूल प्रवाहमा समाहित हुन चुनौतीपूर्ण अवस्था छ। तसर्थ पैयूँ गाउँपालिकाको यो शिक्षा योजनाले यहाँको यही सामाजिक-सांस्कृतिक विविधतालाई आत्मसात् गर्दै सबै वर्ग, जाति र लिङ्गका बालबालिकाका लागि समतामूलक, समावेशी र सांस्कृतिक मूल्य मान्यताको जगेर्ना गर्ने खालको शिक्षा प्रणालीको विकासमा विशेष जोड दिएको छ।



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

## १.४ आर्थिक अवस्था

पैयूँ गाउँपालिकाको आर्थिक आधार मुख्य रूपमा कृषि, पशुपालन, वैदेशिक रोजगारी (रेमिट्यान्स) र साना तथा घरेलु व्यवसायमा आश्रित रहेको छ। पहाडी भूगोल, बेंसी र खोचहरू समेत रहेको यस क्षेत्रमा परम्परागत तथा निर्वाहमुखी खेती प्रणालीको बाहुल्यता छ। यहाँका बासिन्दाहरूको मुख्य पेसा कृषि र पशुपालन हो, जहाँ धान, मकै, गहुँ, कोदो जस्ता खाद्यान्न बालीका साथै अदुवा, कफी, सुन्तला, तरकारी र फलफूल जस्ता नगदे बालीको व्यावसायिक खेतीतर्फ कृषकहरूको आकर्षण क्रमिक रूपमा बढ्दै गएको छ। गाउँपालिकाको मुख्य व्यापारिक केन्द्र हुवास बजार लगायतका क्षेत्रहरूमा व्यापारिक तथा आर्थिक गतिविधिहरू केन्द्रित छन्, जसले स्थानीय स्तरमा वस्तु तथा सेवाको परिपूर्ति र रोजगारी सिर्जनामा टेवा पुर्‍याएका छन्।

यस गाउँपालिकाको अर्थतन्त्रलाई चलायमान बनाउन वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण (रेमिट्यान्स) ले सबैभन्दा ठुलो र निर्णायक भूमिका खेलेको छ। यहाँका अधिकांश घरधुरीका युवा जनशक्ति रोजगारीका लागि विभिन्न मुलुकहरूमा कार्यरत छन्, जसले गर्दा स्थानीय बासिन्दाहरूको क्रयशक्ति, जीवनस्तर र शिक्षा-स्वास्थ्यमा हुने लगानीमा वृद्धि भएको छ। यद्यपि युवा जनशक्ति पलायन हुनु र गाउँमा कृषि मजदुरहरूको अभाव हुनुले कृषि क्षेत्रको उत्पादकत्वमा केही चुनौतीहरू थपेको छ। तीव्र बसाइँसराइ र कृषिमा आधुनिकीकरणको कमीका कारण युवाहरूलाई स्थानीय स्तरमै रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्ने दायित्व गाउँपालिकासमक्ष रहेको छ। तसर्थ यस स्थानीय शिक्षा योजनाले पालिकाको यही आर्थिक धरातललाई मध्यनजर गर्दै सामुदायिक विद्यालयहरूमा प्राविधिक, व्यावसायिक र उद्यमशीलतामा आधारित सिपमूलक शिक्षा प्रदान गर्ने नीति लिएको छ, ताकि भविष्यमा स्थानीय स्तरमै दक्ष र आत्मनिर्भर जनशक्ति तयार गरी पैयूँको दिगो आर्थिक विकासमा योगदान पुर्‍याउन सकोस्।

## १.५ शैक्षिक अवस्था

पैयूँ गाउँपालिकाको शैक्षिक परिदृश्य क्रमिक रूपमा रूपान्तरण र विकासको चरणमा रहेको छ। यस गाउँपालिकामा आधारभूत तथा माध्यमिक तहका २४ ओटा सामुदायिक विद्यालयहरू र ५ ओटा संस्थागत (निजी) विद्यालयहरू सञ्चालनमा रहेका छन्। गाउँपालिकाले नेपालको संविधानको भावना र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुरूप आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षालाई निःशुल्क बनाउने नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिरहेको छ। विगतका वर्षहरूमा सञ्चालित विद्यालय भर्ना अभियान, छात्रा, दलित तथा विपन्न विद्यार्थीहरूका लागि लक्षित छात्रवृत्ति र नेपाल सरकारद्वारा प्रदान गरिने दिवा खाजा कार्यक्रमका कारण विद्यालय उमेरका बालबालिकाहरूको खुद भर्ना दर (Net Enrollment Rate) सन्तोषजनक रहेको देखिन्छ। साथै विद्यालयहरूको भौतिक पूर्वाधार सुधार, बालमैत्री कक्षाकोठा निर्माण र प्रारम्भिक बालविकास केन्द्र (ECED) हरूको स्तरोन्नतिका लागि पालिकाले योजनाबद्ध प्रयासहरू गरिरहेको छ।

शैक्षिक पहुँचमा सुधार भए तापनि शिक्षाको गुणस्तर, सिकाइ उपलब्धि र शैक्षिक सुशासनका क्षेत्रमा पैयूँ गाउँपालिकासमक्ष अझै थुप्रै चुनौतीहरू विद्यमान छन्। ग्रामीण तथा पहाडी भूगोलका कारण

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

विद्यालयहरूमा भौतिक दूरीको विकटता हुनु र तीव्र बसाइँसराइका कारण हालका वर्षहरूमा सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या क्रमिक रूपमा घट्दै जानु यहाँको प्रमुख समस्या हो। विद्यालयहरूमा विज्ञान, गणित र अङ्ग्रेजी जस्ता मुख्य विषयहरूमा विषयगत स्थायी शिक्षकहरूको न्यूनता छ, जसले गर्दा विद्यार्थीहरूको वास्तविक सिकाइ उपलब्धि राष्ट्रिय औसतभन्दा कमजोर रहने गरेको छ। अधिकांश विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि (ICT) को पहुँच पुग्न सकेको छैन भने डिजिटल शिक्षण विधिमा शिक्षकहरूको दक्षता विकास हुन बाँकी छ। यसका साथै, विद्यालयहरूको आन्तरिक मूल्याङ्कन प्रणाली र सिकाइ व्यवस्थापन अझै पनि परम्परागत परीक्षा प्रणालीमा मात्र सीमित रहेकाले विद्यार्थीहरूको वास्तविक क्षमताको मूल्याङ्कन हुन सकेको छैन। विद्यालय व्यवस्थापन समिति (SMC) र प्रधानाध्यापकहरूको प्रशासनिक तथा शैक्षिक नेतृत्व क्षमता सुदृढ गरी विद्यालय तहमा पूर्ण जवाफदेहिता र सुशासन कायम गर्नु आवश्यक छ। तसर्थ यस स्थानीय शिक्षा योजनाले यी चुनौतीहरूलाई सम्बोधन गर्दै पैयूँका विद्यालयहरूलाई प्रविधिमैत्री, रोजगारमूलक र स्थानीय परिवेश सुहाउँदो गुणस्तरीय शिक्षाको केन्द्र बनाउने दीर्घकालीन लक्ष्य राखेको छ।

### १.५.१ सबल पक्षहरू

पैयूँ गाउँपालिकाको शैक्षिक विकासका निम्ति स्थानीय स्तरमा भएका प्रयास र विद्यमान अनुकूलताहरू सुखद रहेका छन्, जसलाई यस योजनाका प्रमुख सबल पक्षका रूपमा लिइएको छ। गाउँपालिकाले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम शिक्षाको अधिकारलाई उच्च प्राथमिकतामा राखी नीति तथा कार्यक्रमहरू तर्जुमा गर्दै आएको छ। विद्यालय उमेरका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउन प्रत्येक वर्ष सञ्चालन गरिने विद्यार्थी भर्ना अभियान र समुदायको सक्रिय सहभागिताका कारण पालिकाभित्र प्राथमिक तथा आधारभूत तहमा खुद भर्ना दर (Net Enrollment Rate) उत्साहजनक रहेको छ। सीमान्तकृत, दलित, जेहेन्दार तथा छात्राहरूका लागि गाउँपालिका र सङ्घीय सरकारमार्फत् नियमित रूपमा छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाइएको छ, जसले शिक्षामा समतामूलक पहुँच बढाउन मद्दत पुर्‍याएको छ। सरकारले प्रदान गर्दै आएको दिवा खाजा कार्यक्रमको स्थानीय स्तरमा प्रभावकारी कार्यान्वयन भएकाले विशेष गरी प्रारम्भिक बालविकास र प्राथमिक तहका विद्यार्थीहरूको विद्यालयमा नियमित उपस्थिति र पोषणको स्तरमा समेत सकारात्मक सुधार देखिएको छ।

यस गाउँपालिकाभित्र भौतिक पूर्वाधारको क्षेत्रमा पनि क्रमिक रूपमा राम्रो प्रगति भएको छ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तथा पालिकाको आन्तरिक लगानीबाट थुप्रै विद्यालयहरूमा सुरक्षित कक्षाकोठा, खेलमैदान र आधारभूत खानेपानीको प्रबन्ध गरिएको छ भने केही मुख्य विद्यालयहरूमा छात्रामैत्री शौचालय र सेनिटरी प्याड वितरणलाई अनिवार्य बनाइएको छ। सूचना तथा सञ्चार प्रविधि (ICT) को विकासका लागि केही विद्यालयहरूमा कम्प्युटर ल्याब स्थापना गर्ने र शिक्षकहरूलाई प्रविधिमैत्री शिक्षणतर्फ अभिप्रेरित गर्ने कार्यहरू थालनी भएका छन्। सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूको ठुलो हिस्सा शैक्षिक योग्यता पुगेका र तालिमप्राप्त हुनुका



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

साथै स्थानीय तहमा विद्यालय व्यवस्थापन समिति (SMC) र शिक्षक अभिभावक सङ्घ (PTA) को गठन नियमित रूपमा भई विद्यालयको रेखदेखमा स्थानीय समुदायको चासो र अपनत्व जीवन्त रहनु पैयूँ गाउँपालिकाको शिक्षा क्षेत्रको एक सुदृढ र बलियो जग हो।

### १.५.२ शिक्षा क्षेत्रका समस्याहरू

**क) समतामूलक पहुँच र सहभागितामा समस्या (Issues in Equitable Access and Participation)**

पैयूँ गाउँपालिकाका ७ ओटै वडाहरूमा सबै वर्ग र क्षेत्रका बालबालिकाको विद्यालयमा समान पहुँच र सहभागिता हुनुपर्नेमा अझै पनि गम्भीर अवरोधहरू रहेका छन्।

- पहाडी धरातल र छरिएर रहेका बस्तीहरूका कारण साना बालबालिकाहरूका लागि बालविकास केन्द्र (ECED) र प्राथमिक विद्यालयहरू भौगोलिक रूपमा धेरै टाढा छन्, जसले गर्दा वर्षायाममा नियमित विद्यालय जान कठिन छ। साथै आर्थिक रूपमा विपन्न र ज्याला-मजदुरीमा आश्रित परिवारका बालबालिकाहरू विद्यालय भर्ना भए तापनि घरायसी कामको बोझका कारण नियमित उपस्थित हुन सक्दैनन्। यसले गर्दा आधारभूत तह पार गर्दा नगर्दै विद्यार्थीहरूले विद्यालय छोड्ने (Drop-out) दर अपेक्षित रूपमा शून्यमा झर्न सकेको छैन।

**ख) गुणस्तर र सान्दर्भिकताको अभाव (Lack of Quality and Relevance)**

हाल पालिकाका सामुदायिक विद्यालयहरूमा प्रदान गरिने शिक्षा समयसापेक्ष, प्रविधिमैत्री र व्यावहारिक हुन नसक्नु अर्को ठुलो समस्या हो।

- वर्तमान शिक्षा प्रणाली अझै पनि बढी सैद्धान्तिक र घोकन्ते विद्यामा आधारित छ। विद्यार्थीहरूले माध्यमिक तह (कक्षा १२) उत्तीर्ण गरिसक्दा पनि आफ्नो स्थानीय परिवेश सुहाउँदो (जस्तैः आधुनिक कृषि, पशुपालन, पर्यटन वा साना उद्योग) व्यावहारिक सिप सिक्न पाउँदैनन्। बजारको माग र स्थानीय आवश्यकतासँग शिक्षाको तादात्म्यता नमिल्दा शिक्षा केवल प्रमाणपत्र प्राप्त गर्ने माध्यम मात्र बनेको छ, जसले गर्दा युवाहरूमा बेरोजगारी र विदेश पलायन हुने प्रवृत्ति बढेको छ।

**ग) शिक्षक व्यवस्थापनमा चुनौती (Challenges in Teacher Management)**

सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर खस्कनुको एउटा मुख्य कारण शिक्षक दरबन्दीको त्रुटिपूर्ण वितरण र विषयगत शिक्षकहरूको अभाव हुनु हो।

- पैयूँ गाउँपालिकाभित्रका माध्यमिक र आधारभूत तहका विद्यालयहरूमा विज्ञान, गणित र अङ्ग्रेजी जस्ता मुख्य विषयहरूमा स्थायी तथा योग्य विषयगत शिक्षकहरूको चरम अभाव छ। विद्यार्थी सङ्ख्या र भूगोलका आधारमा 'शिक्षक दरबन्दी मिलान' (Teacher Matching) प्रभावकारी हुन सकेको छैन। कतिपय विद्यालयमा विद्यार्थी थोरै र शिक्षक धेरै छन् भने कतिपय विकट क्षेत्रका विद्यालयहरू शिक्षकविहीन अवस्थामा छन्। निजी स्रोत वा राहतमा शिक्षक राख्नुपर्दा विद्यालयहरूमा आर्थिक सङ्कट चुलिएको छ।



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

## घ) भौतिक पूर्वाधारको नाजुक अवस्था (Poor Physical Infrastructure)

सुरक्षित र बालमैत्री सिकाइ वातावरणका लागि आवश्यक पर्ने न्यूनतम भौतिक पूर्वाधारको कमी धेरैजसो विद्यालयहरूमा देखिन्छ।

- पालिकाका केही नमुना विद्यालयबाहेक धेरैजसो ग्रामीण विद्यालयका भवनहरू पुराना, साँघुरा र भूकम्पीय जोखिमयुक्त छन्। कक्षाकोठाहरूमा पर्याप्त उज्यालो र हावा आवतजावत गर्ने व्यवस्था छैन। सबैभन्दा ठुलो समस्या शुद्ध खानेपानी र छात्रामैत्री शौचालयको अभाव हो। शौचालयहरूमा सेनिटरी प्याड बक्स र त्यसको उचित विसर्जनको व्यवस्था नहुँदा महिनावारीका समयमा छात्राहरू विद्यालयमा अनुपस्थित हुने वा बिचमै घर फर्कनुपर्ने बाध्यता छ।

## ङ) पाठ्यक्रम र मूल्याङ्कन प्रणालीमा त्रुटि (Flaws in Curriculum and Evaluation System)

परम्परागत त्रैमासिक र वार्षिक लिखित परीक्षामा मात्र आधारित मूल्याङ्कन प्रणालीले विद्यार्थीको वास्तविक क्षमता र सिर्जनशीलताको मापन गर्न सकेको छैन।

- विद्यालयहरूमा बुझेर सिक्ने भन्दा पनि परीक्षाका लागि कण्ठ गर्ने प्रवृत्ति हावी छ। अक्षराङ्कन (Letter Grading) र निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) को मर्मअनुरूप विद्यार्थीहरूको व्यावहारिक तथा आन्तरिक मूल्याङ्कन र सिकाइ व्यवस्थापन (Learning Management) गर्न सकिएको छैन। राष्ट्रिय पाठ्यक्रम लागु भए तापनि पैयूँ गाउँपालिकाको आफ्नै मौलिक इतिहास, कला-संस्कृति र सम्भावनाहरू समेटिएको "स्थानीय पाठ्यक्रम" (Local Curriculum) को निर्माण र पाठ्यसामग्री प्रभावकारी नहुँदा विद्यार्थीहरू आफ्नो माटो र परिवेशबाट टाढिँदै गएका छन्।

## च) समता र समावेशीकरणको व्यावहारिक अभाव (Challenges in Equity and Inclusion)

कागजी रूपमा समावेशी शिक्षाको कुरा गरिए तापनि व्यावहारिक रूपमा अपाङ्गता भएका, सीमान्तकृत र लक्षित वर्गका बालबालिकाहरू अझै पनि उपेक्षामा छन्।

- पैयूँका अधिकांश विद्यालयहरू भौतिक रूपमा अपाङ्गता भएका बालबालिकाहरूका लागि पहुँचयोग्य छैनन्। विद्यालय भवनहरूमा व्हीलचेयर गुड्ने "र्याम्प" (Ramp) र अपाङ्गतामैत्री शौचालयको व्यवस्था छैन। विशेष आवश्यकता भएका (बहिरा, दृष्टिविहीन वा बौद्धिक अपाङ्गता भएका) बालबालिकाहरूका लागि छुट्टै विशेष कक्षा वा विशेष शिक्षकको व्यवस्था नहुँदा उनीहरू शिक्षाको उज्यालोबाट वञ्चित हुनुपरेको छ। दलित र आर्थिक रूपमा पिछडिएका बालबालिकाहरूका लागि दिइने छात्रवृत्ति रकम अति न्यून हुँदा त्यसले उनीहरूको पढाइ खर्च धान्न सकेको छैन।

## छ) विद्यालय सुशासन र व्यवस्थापनमा कमजोरी (Weakness in School Governance and Management)

विद्यालय तहमा प्रशासनिक चुस्तता, वित्तीय पारदर्शिता र जवाफदेहिताको कमी हुनु शैक्षिक सुशासनको प्रमुख चुनौती हो।



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

- धेरैजसो विद्यालयका प्रधानाध्यापक (Headmaster) हरूमा आधुनिक शैक्षिक नेतृत्व, योजना निर्माण (SIP) र वित्तीय व्यवस्थापनसम्बन्धी व्यावसायिक क्षमताको अभाव छ। विद्यालय व्यवस्थापन समिति (SMC) र शिक्षक अभिभावक सङ्घ (PTA) को गठनमा अत्यधिक राजनीतीकरण हुने गरेको छ, जसले गर्दा समितिहरू विद्यालयको शैक्षिक गुणस्तर सुधारमा भन्दा प्रशासनिक खिचातानीमा अल्झिएका छन्। विद्यालयहरूमा नियमित सामाजिक परीक्षण (Social Audit) र सार्वजनिक सुनुवाइ गर्ने परिपाटी नहुँदा समुदाय र विद्यालयबिचको आपसी विश्वास र अपनत्व कमजोर बन्दै गएको छ।

**ज) वित्तीय दिगोपना र स्रोत परिचालनको अभाव (Inadequate Financial Sustainability and Resource Mobilization)**

शिक्षा क्षेत्रका लागि आवश्यक पर्ने बजेटको कमी र उपलब्ध स्रोतको सही सदुपयोग हुन नसक्नु अर्को दीर्घकालीन समस्या हो।

- गाउँपालिकाको आफ्नो आन्तरिक आयको स्रोत सीमित छ, जसले गर्दा शिक्षा क्षेत्रको गुणात्मक सुधार, प्रविधि (ICT) विस्तार र विज्ञान प्रयोगशाला निर्माणका लागि पर्याप्त बजेट विनियोजन गर्न सकिएको छैन। सङ्घीय सरकारबाट आउने ससर्त अनुदान केवल शिक्षकको तलब र प्रशासनिक खर्चमै सकिने गरेको छ। स्थानीय स्तरमा रहेका सहकारी, निजी क्षेत्र र बैंकहरूको संस्थागत सामाजिक उत्तरदायित्व (CSR) कोषलाई शिक्षा क्षेत्रमा आकर्षित गर्न सकिएको छैन। साथै, पैयूँ गाउँपालिकाबाट बाहिरिएका र वैदेशिक रोजगारीमा रहेका शिक्षाप्रेमीहरू (डायस्पोरा) को सहयोगलाई संस्थागत रूपमा परिचालन गर्ने ठोस संयन्त्रको अभाव छ।

### १.५.३ अवसरहरू

संविधान र कानुनी व्यवस्थाअनुसार शिक्षा स्थानीय तहको अधिकारभित्र परेपछि स्थानीय सरकारले आफ्नै योजनाअनुसार गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न सक्ने अवसर प्राप्त भएको छ। यससँगै शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्ने क्षमता र तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाबाट सहकार्य र स्रोत जुटाउने वातावरण पनि उपलब्ध छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार भएसँगै डिजिटल शिक्षण—सिकाइ, अनलाइन सामग्री र शिक्षक—विद्यार्थी समन्वयमा सहजता आएको छ। स्थानीय पाठ्यक्रम विकासका क्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन र जीवनोपयोगी विषयवस्तु समावेश गर्न सकिने भएकाले शिक्षा केवल सैद्धान्तिक नभई व्यावहारिक र वर्तमान चुनौतीसँग सुसङ्गत हुने सम्भावना बढेको छ। त्यस्तै, स्थानीय स्तरमा विद्यमान रैथाने ज्ञान, सिप र प्रविधिलाई पाठ्यक्रम र सिकाइ अभ्यासमा आन्तरिकीकरण गर्न सकिनुले विद्यार्थीको सांस्कृतिक र सामाजिक सन्दर्भसँग शिक्षालाई जोड्ने अवसर दिन्छ। साथै वैकल्पिक सिकाइको सहजीकरणमार्फत् प्रत्येक विद्यार्थीले सिक्न पाउने अधिकार सुनिश्चित गर्न सकिने भएकाले पहुँच, समावेशीकरण र गुणस्तर एकसाथ बढाउने वातावरण तयार भएको छ। यसप्रकार कानुनी अधिकार, स्रोत व्यवस्थापन, प्रविधि र स्थानीय

ज्ञानको उपयोगले पैयूँ गाउँपालिकाको शिक्षा प्रणालीलाई दिगो, समावेशी र जीवनोपयोगी बनाउन महत्त्वपूर्ण अवसर प्रदान गरेको छ।

### १.५.४ चुनौतीहरू

पैयूँ गाउँपालिकाको समग्र शैक्षिक प्रणालीलाई समयसापेक्ष, गुणस्तरीय, प्रविधिमैत्री र व्यावहारिक बनाउने सन्दर्भमा स्थानीय स्तरमा थुप्रै जटिल चुनौतीहरू विद्यमान रहेका छन्। ग्रामीण र पहाडी धरातलमा छरिएर रहेका बस्तीहरूका कारण साना बालबालिकाहरूलाई प्रारम्भिक बालविकास केन्द्र (ECED) र प्राथमिक विद्यालयसम्म पुग्न भौगोलिक रूपमा निकै कठिनाइ छ, जसले गर्दा वर्षायाममा नियमित विद्यालय उपस्थिति र समतामूलक पहुँच सुनिश्चित गर्नु पहिलो ठुलो चुनौती बनेको छ। हालका वर्षहरूमा बलियो आर्थिक र सामाजिक अवसरको खोजीमा पालिका बाहिर तीव्र रूपमा भइरहेको बसाइँसराइ (Migration) का कारण सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या बर्सेनि घट्दो क्रममा छ, जसले गर्दा विद्यालयहरूको नक्साङ्कन (School Mapping) र समायोजन (Merging) नीतिलाई सन्तुलित रूपमा लागु गर्न कठिन भइरहेको छ।

यसका साथै, विद्यालयहरूमा माध्यमिक र आधारभूत तहमा विज्ञान, गणित र अङ्ग्रेजी जस्ता मुख्य विषयहरूमा स्थायी तथा योग्य विषयगत शिक्षकहरूको चरम अभाव रहनु र विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दीको न्यायोचित मिलान हुन नसक्नुले गुणस्तर सुधारमा ठुलो अवरोध सिर्जना गरेको छ। विद्यालयहरूमा बुझेर सिक्ने भन्दा पनि परीक्षाका लागि कण्ठ गर्ने परम्परागत प्रवृत्ति हावी छ; अक्षराङ्कन (Letter Grading) र निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) को वास्तविक मर्मअनुरूप व्यावहारिक आन्तरिक मूल्याङ्कन प्रणाली र सुदृढ सिकाइ व्यवस्थापन (Learning Management) लागु गर्नु अर्को प्राविधिक चुनौती हो।

अधिकांश ग्रामीण विद्यालयहरूमा उच्च गतिको इन्टरनेट, आधुनिक कम्प्युटर ल्याब र विज्ञान प्रयोगशाला जस्ता सूचना तथा सञ्चार प्रविधि (ICT) को न्यूनतम पहुँच पुग्न सकेको छैन भने डिजिटल शिक्षण विधिमा शिक्षकहरूको दक्षता विकास गर्न बाँकी नै छ। भौतिक पूर्वाधारको क्षेत्रमा अपाङ्गता भएका बालबालिकाहरूका लागि पहुँचयोग्य 'र्‍याम्प' (Ramp) र महिनावारीका समयमा छात्राहरूको नियमित उपस्थितिलाई ढाडस दिने खालको छात्रामैत्री शौचालय (सेनिटरी प्याड बक्स र विसर्जनको सुविधासहित) को उचित प्रबन्ध धेरैजसो विद्यालयमा हुन सकेको छैन।

शैक्षिक सुशासनको पाटोमा, विद्यालय व्यवस्थापन समिति (SMC) र शिक्षक अभिभावक सङ्घ (PTA) को गठनमा हुने राजनीतीकरणलाई रोक्दै प्रधानाध्यापक (Headmaster) हरूको प्रशासनिक नेतृत्व, वित्तीय व्यवस्थापन र विद्यालय सुधार योजना (SIP) निर्माणसम्बन्धी पेसागत क्षमताको विकास गरी विद्यालय तहमा पूर्ण पारदर्शिता र जवाफदेहिता कायम गर्नु चुनौतीपूर्ण छ। माध्यमिक तह (कक्षा ११-१२) सम्म पुग्दा पनि विद्यार्थीहरूले आफ्नो स्थानीय परिवेश सुहाउँदो (कृषि, पशुपालन, पर्यटन) व्यावहारिक वा प्राविधिक सिप सिक्न नपाउँदा विद्यालय शिक्षा सकिनेबित्तिकै



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

युवाहरू बेरोजगार बस्ने वा रोजगारीका लागि विदेश पलायन हुने क्रम बढेको छ। तसर्थ पैयूँ गाउँपालिकाको सीमित आन्तरिक स्रोत र बजेटका बिच यी बहुआयामिक समस्याहरूलाई सम्बोधन गर्दै शिक्षालाई सिपमूलक, आत्मनिर्भर र उद्यमशीलताकेन्द्रित बनाउनु नै यस १० वर्षे शिक्षा योजनाको मुख्य चुनौती र कार्यभार हो।



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

# परिच्छेद २

## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ दूरदृष्टि

"सक्षम, नवप्रवर्तनशील र उद्यमी नागरिक निर्माणका लागि पैयूँको प्रतिबद्धताः समतामूलक, प्रविधिमैत्री र गुणस्तरीय शिक्षा।"

### २.२ लक्ष्य

"आगामी १० वर्षभित्र पैयूँ गाउँपालिकाका सबै विद्यालयहरूलाई सुरक्षित, आधुनिक प्रविधि (ICT) युक्त र नमुना सिकाइ केन्द्रको रूपमा रूपान्तरण गर्दै; लैङ्गिक, सामाजिक तथा भौगोलिक अवरोधमुक्त समतामूलक पहुँचको सुनिश्चिततामार्फत् स्थानीय सम्भावना, उद्यमशीलता र उच्च नैतिक चरित्र भएका सक्षम एवं नवप्रवर्तनशील नागरिक तयार गर्नु।"

### २.३ उद्देश्य

क) सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच, टिकाउ दरमा वृद्धि र समावेशी पूर्वाधार विकास गर्नु,

ख) गुणस्तरीय, प्रविधिमैत्री र नवप्रवर्तनशील शिक्षण-सिकाइ वातावरणको सुदृढीकरण गर्नु,

ग) न्यायोचित शिक्षक दरबन्दी मिलान र व्यावसायिक क्षमता अभिवृद्धि गर्नु,

घ) विद्यालय सुशासन, कुशल नेतृत्व र स्थानीय उद्यमशीलताकेन्द्रित शिक्षाको व्यवस्था गर्नु।

### २.४ रणनीतिहरू

**उद्देश्य १ सबै बालवालिकालाई शिक्षामा समतामूलक पहुँच, टिकाउ दरमा वृद्धि र समावेशी पूर्वाधार विकास गर्नु,**

क) कम्प्युटर ल्याब र डिजिटल पूर्वाधार विकास गर्ने,

ख) उच्च गतिको इन्टरनेट (Broadband) जडान तथा पहुँच विस्तार गर्ने,

ग) शिक्षकहरूको सूचना तथा सञ्चार प्रविधि (ICT) सक्षमता अभिवृद्धि गर्ने,

घ) डिजिटल सिकाइ सामग्री (E-Learning Contents) र ई-पुस्तकालय स्थापना गर्ने,

ङ) व्यावहारिक तथा प्रयोगात्मक विज्ञान प्रयोगशाला (Science Lab) सुदृढीकरण गर्ने,

च) दैनिक शिक्षण-सिकाइमा प्रविधिको एकीकरण (ICT Integrated Pedagogy) गर्ने,

छ) परम्परागत घोकन्ते विधिको सट्टा खोज र परियोजनामा आधारित (Project-based) सिकाइ गर्ने,

ज) गणितीय सामग्री र आधुनिक शिक्षण उपकरण व्यवस्थापन गर्ने,

झ) विद्यालयहरूको न्यूनतम शैक्षिक तथा प्राविधिक मापदण्ड (Minimum Enabling Conditions) निर्धारण गर्ने,

ञ) प्रविधि र ल्याबहरूको दिगो सञ्चालन तथा मर्मतसम्भार (Maintenance) कोष परिचालन गर्ने,

ट)

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

**उद्देश्य २ सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित गर्नु,**

क) सूचना तथा सञ्चार प्रविधि (ICT) को एकीकृत शिक्षण विधि (ICT Integrated Pedagogy) लागु गर्ने,

ख) कम्प्युटर ल्याब तथा डिजिटल पूर्वाधार विकास गर्ने,

ग) उच्च गतिको इन्टरनेट (Broadband) पहुँच विस्तार गर्ने,

घ) शिक्षकहरूको डिजिटल सक्षमता र आइसिटी (ICT) क्षमता विकास गर्ने,

ङ) डिजिटल सिकाइ सामग्री (E-Learning Contents) र ई-पुस्तकालय (E-Library) स्थापना गर्ने,

च) व्यावहारिक तथा प्रयोगात्मक विज्ञान प्रयोगशाला (Science Lab) सुदृढीकरण गर्ने,

छ) खोज तथा परियोजनामा आधारित (Project-based) सिकाइ प्रवर्द्धन गर्ने,

ज) गणितीय र भाषिक सामग्री (EGR/EGMA Kits) व्यवस्थापन गर्ने,

झ) न्यूनतम शैक्षिक तथा प्रविधिक मापदण्ड (Minimum Enabling Conditions) निर्धारण गर्ने,

ञ) प्रविधि र ल्याबहरूको दिगो सञ्चालन तथा मर्मतसम्भार (Maintenance Fund) गर्ने,

ट) शैक्षिक सामग्री निर्माणमा स्थानीय स्रोतको उपयोग (Low-cost/No-cost Material) गर्ने,

ठ) अन्तर्क्रियात्मक र नवप्रवर्तनशील (Innovative) सिकाइ वातावरण तयार गर्ने,

ड) नियमित सिकाइ अनुगमन र उपचारात्मक शिक्षण (Remedial Teaching) गर्ने,

ढ) प्रधानाध्यापक र शिक्षकहरूको पेसागत जवाफदेहिता (Accountability) अभिवृद्धि गर्ने,

ण) बाह्य प्राविधिक साझेदार र विज्ञहरूको परिचालन (Expert Mobilization) गर्ने।

**उद्देश्य ३ न्यायोचित शिक्षक दरबन्दी मिलान र व्यावसायिक क्षमता अभिवृद्धि गर्नु,**

क) विद्यार्थी सङ्ख्या, कक्षागत आवश्यकता र भौगोलिक अवस्थितिका आधारमा वैज्ञानिक शिक्षक दरबन्दी मिलान (Teacher Mapping) गर्ने,

ख) आधारभूत तथा माध्यमिक तहमा रिक्त रहेका अङ्ग्रेजी, गणित र विज्ञान विषयका स्थायी शिक्षकहरूको शतप्रतिशत पदपूर्ति तथा व्यवस्थापन गर्ने,

ग) दरबन्दी कम भएका विकट क्षेत्रका विद्यालयहरूका लागि 'पालिका स्वयंसेवक शिक्षक' (Municipal Volunteer Teacher) तर्जुमा तथा परिचालन गर्ने,

घ) शिक्षकहरूको आधुनिक सिकाइ प्रविधि (ICT Integrated Teaching) र डिजिटल शिक्षण सामग्री निर्माणसम्बन्धी क्षमता विकास गर्ने,

ङ) बाल-मनोविज्ञान, समावेशी शिक्षा र आधुनिक बालमैत्री शिक्षण विधिसम्बन्धी नियमित पुनर्ताजगी (Refresher) तालिम सञ्चालन गर्ने,



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

च) प्रारम्भिक बालविकास सहजकर्ता (ECED Facilitators) हरूको व्यावसायिक क्षमता अभिवृद्धि तथा आधुनिक मन्टेश्वरी तालिम सञ्चालन गर्ने,

छ) विद्यालयमा उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा प्रधानाध्यापकहरूका लागि कार्यसम्पादनमा आधारित पुरस्कार, सम्मान र प्रोत्साहन गर्ने,

ज) शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन (Performance Evaluation) लाई विद्यार्थीको वास्तविक सिकाइ उपलब्धिसँग आबद्ध गर्ने,

झ) शिक्षकहरूको नियमित उपस्थिति, विद्यालय समयको पूर्ण पालना र पेसागत मर्यादा सुनिश्चितताका लागि प्रविधिमैत्री अनुगमन गर्ने,

ञ) विद्यालय सुधार योजना (SIP) निर्माण, दैनिक पाठ योजना (Lesson Plan) र आधुनिक मूल्याङ्कन पद्धतिसम्बन्धी शिक्षक सक्षमता विकास गर्ने,

**उद्देश्य ४ विद्यालय सुशासन, कुशल नेतृत्व र स्थानीय उद्यमशीलताकेन्द्रित शिक्षा प्रदान गर्नु**

क) प्रधानाध्यापकहरूको प्रशासनिक, वित्तीय र शैक्षिक नेतृत्व क्षमता विकास (Leadership Training) गर्ने,

ख) विद्यालय व्यवस्थापन समिति (SMC) र शिक्षक अभिभावक सङ्घ (PTA) को क्षमता अभिवृद्धि तथा उत्तरदायित्व सुदृढीकरण गर्ने,

ग) विद्यालय तहमा वित्तीय पारदर्शिताका लागि अनिवार्य सामाजिक परीक्षण (Social Audit) र सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने,

घ) पैयूँको पहिचान, इतिहास र रैथाने ज्ञान समेटिएको स्थानीय पाठ्यक्रम (कक्षा १—८) को पूर्ण कार्यान्वयन गर्ने,

ङ) माध्यमिक तह (कक्षा ११-१२) को शिक्षालाई स्थानीय कृषि, पशुपालन र जडीबुटी उद्यमशीलतासँग आबद्ध गर्ने,

च) विद्यार्थीहरूमा स्वरोजगारको भावना जागृत गराउन 'कमाउँदै पढ्दै' (Earn While You Learn) कार्यक्रम सञ्चालन गर्ने,

छ) विद्यालय सुधार योजना (SIP) निर्माणमा सरोकारवालाहरूको व्यापक सहभागिता र स्थानीय योजनासँग तादात्म्यता कायम गर्ने,

ज) विद्यालयहरूलाई दलीय राजनीतिक प्रभावबाट मुक्त राख्न 'शान्ति क्षेत्र र भयरहित विद्यालय' अवधारणा कार्यान्वयन गर्ने,

झ) गाउँपालिका स्तरमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयहरूको अनुभव आदानप्रदानका लागि 'अन्तर-विद्यालय मितेरी सम्बन्ध' कायम गर्ने,

ञ) विद्यार्थीहरूमा उद्यमशीलता र प्राविधिक सिप विकासका लागि स्थानीय उद्यमी, सहकारी र वित्तीय संस्थाहरूसँगको साझेदारी प्रवर्धन गर्ने,

ट) विद्यालयको आन्तरिक लेखापरीक्षण र प्रशासनिक कार्यलाई चुस्त बनाउन 'डिजिटल विद्यालय सुशासन प्रणाली' (EMIS/e-Governance) लागु गर्ने,

ठ) जेहेन्दार र उद्यमशील सोच भएका विद्यार्थीहरूका लागि पालिका उद्यमशीलता छात्रवृत्ति तथा बिउ पूँजी (Seed Money) व्यवस्थापन गर्ने,

## २.५ अपेक्षित उपलब्धि

क) सबै बालबालिकालाई प्रविधिमैत्री शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

ख) सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित भएको हुनेछ।

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित भएको हुनेछ।

घ) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित भएको हुनेछ।

## २.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

**मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण**

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर (%) | ९७ | ९७.२ | ९८.४ | १०० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | ९५ | ९६ | ९८ | १०० |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९७.५ | ९७.९ | ९८.५ | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | ११४ | १११ | १०७ | १०२ |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | ९७.४ | ९७.८ | ९८.६ | १०० |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर (%) | ११८ | ११३ | १०८ | १०४ |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर (%) | ९७ | ९८ | ९९ | १०० |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुल प्रवेश दर (%) | १०९ | १०७ | १०६ | १०३ |

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (%) | ९५.२ | ९६.४ | ९८ | १०० |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर (%) | ९२.२ | ९४ | ९७ | ९८ |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेरभन्दा माथिका बालबालिका (%) | २४ | २३ | १६ | ९ |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | १.८ | १.६ | १.५ | १.१ |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | ९२.३ | ९४ | ९६ | १०० |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | ११३.२ | ११२.५ | ११० | १०८ |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (%) | ८५.६ | ८८.३ | ९२.१ | ९६ |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर (%) | ९०.३ | ९१.२ | ९३.५ | ९६.५ |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.११ | १.१० | १.०८ | १.०४ |
| २.१६ | विद्यालयबाहिर रहेका बालबालिका (%) | ०.८ | ०.६ | ०.३ | ०.० |
| २.१७ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको सङ्ख्या (%) | ४८.८ | ४९.२ | ४९.८ | ५० |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ५१.५ | ५५.५ | ६३.८ | ७८ |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर (%) | ७५.८ | ७९.९ | ८६ | ९९ |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | १.११ | १.१० | १.०७ | १.० |

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर (%) | ९९.१ | ९९.३ | ९९.७ | १०० |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १० मा पुग्ने दर (%) | ६६ | ७२ | ८५ | ९९ |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १२ मा पुग्ने दर (%) | २५ | २८ | ३५ | ४५ |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या (%) | १२ | १५ | २८ | ४८ |
| ४. जीवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्षभन्दा माथि) (%) | ७५ | ८० | ९५ | १०० |
| ४.२ | साक्षरता दर (६ वर्षभन्दा माथि) (%) | ८२ | ८३ | ९६ | १०० |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | ९२ | ९५ | ९८ | १०० |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्षभन्दा माथि) | ०.९२ | ०.९४ | ०.९८ | १०० |
| ५. सुशासन तथा व्यवस्थापन | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ८ : १ | १५ :१ | २०:१ | ३०:१ |
| ५.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ३८:१ | ३५:१ | ३२:१ | ३०:१ |
| ५.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | १०:१ | १८:१ | २४:१ | ३०:१ |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | १०:१ | १८:१ | २४:१ | ३०:१ |
| ५.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थीः शिक्षक अनुपात | ३२:१ | ३१:१ | ३०:१ | ३०:१ |

# परिच्छेद ३

## विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

#### ३.१.१ परिचयः

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गका रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्त्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकाले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ। यसै कुरालाई मध्यनजर गरेर पैयूँ गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ।

#### ३.१.२ वर्तमान अवस्थाः

पैयूँ गाउँपालिकामा बालबालिकाहरूको चौतर्फी विकास र विद्यालय शिक्षाको जग मजबुत बनाउन प्रारम्भिक बालविकास तथा शिक्षा (ECED) कार्यक्रमलाई आधारभूत संरचनाको रूपमा व्यवस्था गरिएको छ। हाल पालिकाका ७ ओटै वडाहरूमा गरी कुल ३५ ओटा प्रारम्भिक बालविकास केन्द्रहरू (विद्यालयमा आधारित र सामुदायिक) सञ्चालनमा रहेका छन्, जसले ४ वर्ष उमेर पूरा भएका बालबालिकाहरूलाई प्राथमिक तहमा प्रवेश गर्नुपूर्वको मानसिक र शारीरिक तयारीमा सहयोग पुऱ्याउँदै आएका छन्। समग्रमा भर्ना दरको अवस्था उत्साहजनक रहे तापनि गुणात्मक र व्यवस्थापकीय पक्षमा भने अझै धेरै चुनौतीहरू विद्यमान छन्। अधिकांश बालविकास केन्द्रहरूमा सुरक्षित भौतिक पूर्वाधार, पर्याप्त उमेर-अनुकूल खेलकुद तथा मनोरञ्जन सामग्री, र प्रयोगात्मक सिकाइ वातावरणको टड्कारो अभाव देखिन्छ। बालविकास सहजकर्ता (ECED Facilitators) हरूको सेवा-सुविधा र वृत्तिविकासको अवस्था कमजोर हुनुका साथै आधुनिक मन्टेश्वरी पद्धति र बाल-मनोविज्ञानसम्बन्धी सघन तालिमको कमीले गर्दा सिकाइलाई पूर्ण रूपमा बालकेन्द्रित बनाउन सकिएको छैन।

यसका साथै, पछिल्लो समयमा पालिकाभित्र बढ्दो बसाइँसराइको लहर र निजी बोर्डिङ स्कुलहरू तर्फको आकर्षणका कारण सामुदायिक विद्यालयमा आधारित बालविकास केन्द्रहरूमा विद्यार्थी सङ्ख्या विस्तारै घट्दै जाने जोखिम (अल्प-नामाङ्कन) बढ्दो छ। दुर्गम र विकट क्षेत्रका केन्द्रहरूमा बालबालिकाहरूका लागि पहुँच अझै पनि भौगोलिक रूपमा चुनौतीपूर्ण छ। नेपाल सरकारको दिवा खाजा कार्यक्रमले केही हदसम्म बालबालिकाको उपस्थिति र पोषणमा टेवा पुऱ्याए तापनि यसको प्रभावकारी र स्वस्थकर व्यवस्थापनमा निरन्तर अनुगमनको आवश्यकता देखिन्छ। तसर्थ आगामी १० वर्षे योजना अवधिमा पैयूँ गाउँपालिकाले बालविकास केन्द्रहरूको भौतिक सुदृढीकरण, सहजकर्ताहरूको पेसागत क्षमता अभिवृद्धि, र खेलमा आधारित आधुनिक सिकाइ सामग्रीको न्यायोचित



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

वितरण गरी प्रारम्भिक बाल शिक्षालाई समतामूलक, सुरक्षित र नमुना सिकाइ केन्द्रको रूपमा रूपान्तरण गर्नुपर्ने आवश्यकता देखिन्छ।

**तालिका १**

**प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा बालविकास | | जम्मा बालबालिका | | | दलित बालबालिका | | | अपाङ्गता भएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | सङ्ख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ३५ | १०५ | ९६ | २०१ | ३२ | ३५ | ६७ | ० | ० | ० |
| संस्थागत | ५ | ५९ | ४६ | १०५ | १९ | १२ | ३१ | ० | ० | ० |
| जम्मा | ४१ | १६४ | १४२ | ३०६ | ५१ | ४७ | ९८ | ० | ० | ० |

***स्रोतः शैक्षिक व्यवस्थापन सूचना प्रणाली-२०८२***

पैयूँ गाउँपालिकाले प्रारम्भिक बाल विकास र शिक्षालाई बालबालिकाको नैसर्गिक अधिकारका रूपमा लिएको छ। यसले ५ वर्ष मुनिका बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र सर्वाङ्गीण विकास सुनिश्चित गर्ने आधार तयार गर्दछ। गाउँपालिकाले प्रारम्भिक बाल विकासलाई विद्यालय शिक्षासँग पूर्ण रूपमा एकीकृत गरी प्रत्येक विद्यालयमा अनिवार्य गर्ने नीति लागु गरेको छ, जसले बालबालिकाको सिकाइको निरन्तरता र गुणस्तर सुनिश्चित गर्दछ। हाल पैयूँ गाउँपालिकामा बाल विकास केन्द्रहरूमा भौतिक र शैक्षिक पूर्वाधारको कमी देखिएको छ। धेरै केन्द्रहरूमा बालमैत्री वातावरण, खेल सामग्री, श्रव्य—दृश्य सिकाइ सामग्री र पर्याप्त शिक्षण उपकरणको अभाव रहेको छ। यद्यपि गाउँपालिकाले यी केन्द्रहरूको स्तरोन्नति गर्ने योजना बनाएको छ र निजी क्षेत्रसँगको सहकार्यमा नयाँ केन्द्र स्थापना गर्ने सम्भावनाहरूलाई आफ्नो सबल पक्षको रूपमा लिएको छ।

### ३.१.३ उद्देश्यः

१. पालिकाभित्रका सबै प्रारम्भिक बालविकास केन्द्रहरूको भौतिक पूर्वाधार सुदृढ गरी खेलमैत्री, सुरक्षित र आधुनिक मन्टेश्वरी ढाँचामा रूपान्तरण गर्नु।

२. बालविकास सहजकर्ता (ECED Facilitators) हरूको पेसागत क्षमता अभिवृद्धिका लागि बाल-मनोविज्ञान तथा खेलमा आधारित शिक्षण विधिसम्बन्धी सघन तालिमको सुनिश्चितता गर्नु।

३. ४ वर्ष उमेर समूहका शतप्रतिशत बालबालिकाहरूको प्रारम्भिक बालशिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्दै विद्यालय भर्ना र टिकाउ दरमा वृद्धि गर्नु।

४. प्रारम्भिक बालविकास केन्द्रहरूमा प्रदान गरिने दिवा खाजा कार्यक्रमलाई स्थानीय पोषणयुक्त मेनु (Local Menu) सँग आबद्ध गरी बालबालिकाको स्वास्थ्य र पोषणको स्तरमा सुधार गर्नु।

### ३.१.४ रणनीतिहरू

क) सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

ख) बालविकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाउने।

ग) निजी क्षेत्रलाई समेत केन्द्र स्थापना र सञ्चालनमा प्रोत्साहित गर्दै न्यूनतम मापदण्डमा नियमित निगरानी र मूल्याङ्कन गर्ने।

घ) अति विपन्न, दलित, सीमान्तकृत र अपाङ्ग बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्न भर्ना अभियान सञ्चालन गर्ने।

ङ) कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकताअनुसार नयाँ केन्द्र स्थापना गर्ने वा एकीकरण गर्ने।

च) जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमुनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने।

छ) पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने।

ज) लागत सहभागिता अभिवृद्धि गर्ने।

झ) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने।

ञ) ऐन र कार्यविधिमा उल्लेख भएबमोजिमको मापदण्ड पूरा गर्ने।

ट) कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने।

ठ) स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकारसम्पन्न संयन्त्र बनाउने।

ड) पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाई समयानुकूल स्थानीयकरणका लागि समायोजन तथा परिमार्जन गर्ने।

ढ) भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने ।

### ३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**क) अपेक्षित उपलब्धिः**

पैयूँ गाउँपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ। यसअन्तर्गत लक्षित उमेर समूहका सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज, समावेशी र समान पहुँच उपलब्ध हुनेछ। साथै सबै बालबालिकाले प्रारम्भिक बालविकास तथा शिक्षाको पूर्ण अनुभव हासिल गरी आवश्यक सक्षमता विकासपछि कक्षा १ मा प्रवेश गर्ने

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

अवसर प्राप्त गर्नेछन्। जसले उनीहरूको सिकाइको आधार सुदृढ भई दीर्घकालीन शैक्षिक सफलतामा सकारात्मक प्रभाव पार्नेछ।

**ख) प्रमुख क्रियाकलापहरू** (Major Activities)

पैयूँ गाउँपालिकाको १० वर्षे स्थानीय शिक्षा योजना (आव २०८३/२०८४ — २०९३/२०९४) का लागि प्रारम्भिक बालविकास तथा शिक्षा (ECED) खण्डलाई थप विस्तृत र कार्यमूलक बनाउन योजनाको आधिकारिक भागमा प्रमुख क्रियाकलापहरू र तिनको स्पष्ट लक्ष्य निर्धारण (१० वर्षे रणनीतिक परिमाण) को खाका तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ।

१. भौतिक तथा पर्यावरणीय सुधार क्रियाकलापः पालिकाभित्रका सबै बालविकास केन्द्रहरूको प्राविधिक अवस्था विश्लेषण (Infrastructure Audit) गरी सुरक्षित भवन मर्मत, बालमैत्री रङ्गरोगन, उपयुक्त बस्ने व्यवस्था (Low tables/Carpeting) र कम्पाउन्ड घेराबार गर्ने कार्य।

२. मन्टेश्वरी सामग्री व्यवस्थापन क्रियाकलापः बालबालिकाको उमेर-अनुकूल सिकाइका लागि आवश्यक पर्ने शैक्षिक खेलौना, ब्लक, सचित्र पुस्तक, अडियो-भिडियो (ICT) उपकरण र आधुनिक मन्टेश्वरी सामग्रीहरू खरिद तथा वितरण गर्ने कार्य।

३. सहजकर्ता क्षमता विकास तथा प्रमाणीकरण क्रियाकलापः बालविकास सहजकर्ता (ECED Facilitators) हरूका लागि बाल-मनोविज्ञान, खेलमा आधारित शिक्षण विधि र मन्टेश्वरी प्रणालीसम्बन्धी सघन पुनर्ताजगी तालिम सञ्चालन गरी प्रमाणीकरण गर्ने कार्य।

४. भर्ना तथा पहुँच विस्तार अभियानः ४ वर्ष उमेर समूहका शतप्रतिशत बालबालिका पहिचानका लागि शैक्षिक सत्रको सुरुमा विद्यालय र वडा स्तरबाट एकीकृत घरदैलो तथा "टोल-टोलमा भर्ना अभियान" सञ्चालन गर्ने कार्य।

५. स्वास्थ्य, पोषण र दिवा खाजा व्यवस्थापन क्रियाकलापः स्थानीय कृषि उत्पादन र पौष्टिकतालाई समेटेर साप्ताहिक दिवा खाजाको स्थानीय मेनु (Local Menu) लागु गर्ने तथा केन्द्रहरूमा त्रैमासिक रूपमा नियमित स्वास्थ्य, आँखा र कान परीक्षण शिविर सञ्चालन गर्ने कार्य।

६. अभिभावक शिक्षा (Parenting Education) कार्यक्रमः बालबालिकाको प्रारम्भिक उमेरको विकासमा घर-परिवारको भूमिकासम्बन्धी सचेतना जगाउन वडा र टोल स्तरमा "अभिभावक शिक्षा" अभिमुखीकरण तथा नियमित बैठकहरू सञ्चालन गर्ने कार्य।

७. अनुगमन, मूल्याङ्कन तथा डिजिटल ट्र्याकिङः बालविकास केन्द्रहरूको व्यवस्थापकीय अवस्था र बालबालिकाको नियमित उपस्थितिको अनलाइन प्रणाली (IEMIS) मार्फत् ट्र्याकिङ गर्ने र गाउँपालिकास्तरीय प्राविधिक अनुगमन टोली गठन गर्ने कार्य।

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालको संविधानले आधारभूत शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३१ अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क प्राप्त गर्ने अधिकार छ। यसले राज्यलाई सबै बालबालिकाका लागि समान, समावेशी र गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्व प्रदान गरेको छ। राष्ट्रिय शिक्षा नीतिले आधारभूत शिक्षालाई १—८ कक्षासम्म परिभाषित गर्दै समावेशी, जीवनोपयोगी तथा सिपमुखी शिक्षामा जोड दिएको छ। नीतिअनुसार सबै बालबालिकाको पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्नु राज्यको प्राथमिकता हो। त्यसै गरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐनले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने स्पष्ट व्यवस्था गरेको छ। यस ऐनले अभिभावकलाई बालबालिकालाई विद्यालय पठाउने जिम्मेवारी तोकेको छ भने राज्यलाई आवश्यक पूर्वाधार, शिक्षक र स्रोत—साधन उपलब्ध गराउने कानुनी दायित्व दिएको छ। यसरी संविधान, नीति र ऐनले आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देशन गरेका छन्।

### ३.२.२ वर्तमान अवस्था

पैयूँ गाउँपालिकामा विद्यालय शिक्षाको सबैभन्दा ठुलो र महत्त्वपूर्ण हिस्साको रूपमा आधारभूत शिक्षा (कक्षा १—८) रहेको छ। पालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूले विपन्न, दलित, जनजाति र सीमान्तकृत समुदायका बालबालिकाहरूको शिक्षामा पहुँच पुऱ्याउन अग्रणी भूमिका खेलेका छन्। हालका वर्षहरूमा गाउँपालिकाको निरन्तर प्रयासका कारण आधारभूत तहमा खुद भर्ना दर (NER) मा सन्तोषजनक प्रगति भएको छ भने विद्यालयहरूमा भौतिक पूर्वाधार, खानेपानी र शौचालय जस्ता न्यूनतम सुविधाहरूको उपलब्धता क्रमशः सुधारोन्मुख छ। सङ्घीय सरकारको दिवा खाजा कार्यक्रमले कक्षा ५ सम्मका विद्यार्थीहरूको नियमित उपस्थिति र टिकाउ दरमा सकारात्मक प्रभाव पारेको देखिन्छ। यद्यपि आधारभूत शिक्षाको गुणात्मक र व्यवस्थापकीय पक्षमा अझै पनि गम्भीर चुनौतीहरू विद्यमान छन्। विशेष गरी प्राथमिक तह (कक्षा १—३) का विद्यार्थीहरूको आधारभूत सिकाइ उपलब्धि, भाषिक क्षमता र गणितीय सिप (EGR/EGMA) राष्ट्रिय मापदण्डको तुलनामा कमजोर रहेको अवस्था छ, जसले गर्दा माथिल्लो कक्षामा पुग्दा विद्यार्थीको जग कमजोर हुने गरेको छ। यस उपक्षेत्रको अर्को प्रमुख समस्या भनेको विद्यालयहरूमा विद्यार्थी सङ्ख्या र विषयगत आवश्यकताका आधारमा शिक्षक दरबन्दीको न्यायोचित मिलान हुन नसक्नु हो। प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक सङ्ख्या बढी हुनु र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषयगत शिक्षक अभाव हुनु समस्या तथा चुनौतीको विषय बनेको छ। कक्षाकोठाहरू अझै पनि परम्परागत र घोकन्ते शैलीमा नै बढी निर्भर छन्। सूचना तथा सञ्चार प्रविधि (ICT) को एकीकृत प्रयोग र प्रयोगात्मक सिकाइ वातावरणको सुरुवात प्राथमिक तहमा न्यून मात्र हुन सकेको छ। यसका साथै संस्थागत (निजी) विद्यालयहरूतर्फको बढ्दो आकर्षण र तीव्र बसाइँसराइले गर्दा कतिपय सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या न्यून भई विद्यालयहरू समायोजन (Merge) गर्नुपर्ने



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

परिस्थिति सिर्जना भएको छ। तसर्थ आगामी १० वर्षे योजना अवधिमा पैयूँ गाउँपालिकाले आधारभूत तहको शिक्षालाई गुणस्तरीय, प्रविधिमैत्री र व्यावहारिक बनाउन वैज्ञानिक दरबन्दी मिलान, शिक्षकहरूको निरन्तर पेसागत क्षमता अभिवृद्धि, र प्रारम्भिक कक्षाको सिकाइ जग मजबुत बनाउने रणनीतिहरूमा केन्द्रित हुनुपर्ने टड्कारो आवश्यकता देखिन्छ।

**तालिका २**

**आधारभूत शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय सङ्ख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | सङ्ख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | २४ | ४८६ | ४६७ | ९५३ | १६३ | १४९ | ३१२ | ३ | २ | ५ |
| संस्थागत | ५ | ३२७ | ३१५ | ६४२ | ८७ | ६९ | १५६ | १ | ० | १ |
| जम्मा | २९ | | | | | | | | | |

***स्रोतः शैक्षिक व्यवस्थापन सूचना प्रणाली-२०८२***

पैयूँ गाउँपालिकाले आधारभूत शिक्षालाई समतामूलक, पहुँचयोग्य, प्रविधिमैत्री र गुणस्तरीय बनाउने नीति अवलम्बन गरेको छ। यस गाउँपालिकामा केही बालबालिका अझै विद्यालयबाहिर रहेका छन्। सामुदायिक विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, खेलमैदान तथा सूचना प्रविधि (इन्टरनेट, कम्प्युटर ल्याब) जस्ता पूर्वाधारको अभाव देखिएको छ। विषयगत शिक्षकको कमी, परम्परागत शिक्षण पद्धति तथा सीमित सिकाइ सामग्रीका कारण शिक्षाको गुणस्तर सुधारमा चुनौती रहेको छ।

### ३.२.३ उद्देश्य

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य बनाउनु,

ख) सिकाइ उपलब्धि र शिक्षाको गुणस्तरमा सुधार गर्नु,

ग) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु।

### ३.२.४ रणनीतिहरू

**क)** विद्यालय उमेरका शतप्रतिशत बालबालिकाको पहिचान र विद्यालय भर्ना सुनिश्चितताका लागि "अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र घरदैलो अभियान" सञ्चालन गर्ने,



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

ख) भौगोलिक अवस्थिति, दूरी र विद्यार्थी सङ्ख्याको विश्लेषणका आधारमा विद्यालय नक्साङ्कन (School Mapping) तथा विद्यालय समायोजन (Merging) गर्ने,

ग) लक्षित वर्ग (दलित, विपन्न, अपाङ्गता भएका र सीमान्तकृत) का विद्यार्थीहरूका लागि विशेष प्रोत्साहन, पोसाक तथा शैक्षिक सामग्री व्यवस्थापन गर्ने,

घ) घरायसी र सामाजिक कारणले विद्यालय छोडेका (Drop-out) र विद्यालयबाहिर रहेका बालबालिकाहरूका लागि वैकल्पिक तथा अनौपचारिक शिक्षाको वैकल्पिक व्यवस्था गर्ने,

ङ) विद्यालयहरूमा सञ्चालित दिवा खाजा कार्यक्रमलाई कक्षा ८ सम्म विस्तार र स्थानीय उत्पादनमा आधारित मेनु (Local Menu) कार्यान्वयन गर्ने,

च) विद्यार्थीहरूको नियमित उपस्थिति र विद्यालयमा टिकाउ दर (Retention Rate) मापनका लागि अनलाइन ट्र्याकिङ (IEMIS) र डिजिटल हाजिरी प्रणाली लागु गर्ने,

छ) आर्थिक अभावका कारण कोही पनि शिक्षाबाट बञ्चित हुन नदिन "पालिका ड्रप-आउट शून्य (Zero Drop-out)" नीतिगत व्यवस्था गर्ने,

ज) प्रारम्भिक कक्षा (कक्षा १—३) का विद्यार्थीहरूको जग बलियो बनाउन राष्ट्रिय मापदण्ड अनुसारको भाषिक र गणितीय सिप (EGR/EGMA) प्रवर्द्धन गर्ने,

झ) विद्यार्थी सङ्ख्या र विषयगत आवश्यकताका आधारमा वैज्ञानिक शिक्षक दरबन्दी मिलान (Teacher Mapping) तथा व्यवस्थापन गर्ने,

ञ) अङ्ग्रेजी, गणित र विज्ञान जस्ता कठिन विषयहरूमा रिक्त रहेका शिक्षकहरूको व्यवस्थापनका लागि पालिका स्वयंसेवक शिक्षक परिचालन प्रणाली अवलम्बन गर्ने,

ट) शिक्षकहरूको आधुनिक सिकाइ प्रविधि (ICT Integrated Pedagogy) र डिजिटल शैक्षिक सामग्री निर्माणसम्बन्धी क्षमता विकास गर्ने,

ठ) परम्परागत घोकन्ते विधिको सट्टा विद्यार्थीकेन्द्रित, खोजमूलक र परियोजनामा आधारित (Project-based) शिक्षण शैली प्रवर्द्धनमा जोड दिने,

ड) विद्यार्थीहरूको सिकाइ स्तरको त्रैमासिक रूपमा प्राविधिक अनुगमन र कमजोर विद्यार्थीहरूका लागि उपचारात्मक शिक्षण (Remedial Teaching) पद्धति अवलम्बन गर्ने,

ढ) प्रधानाध्यापक र शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको वास्तविक सिकाइ उपलब्धिसँग आबद्ध गरी पुरस्कार र दण्डको व्यवस्थापन गर्ने,

ण) पैयूँको रैथाने ज्ञान, सिप, कला र संस्कृति समेटिएको स्थानीय पाठ्यक्रम (कक्षा १—८) को परिमार्जन तथा प्रभावकारी कार्यान्वयन गर्ने,

त) विद्यालयका भवन तथा कक्षाकोठाहरूलाई भूकम्प प्रतिरोधी, विपद् जोखिममुक्त र सुरक्षित विद्यालय (Safe School) मापदण्ड अनुसार निर्माण गर्ने,

थ) शारीरिक रूपमा अपाङ्गता भएका विद्यार्थीहरूका लागि अवरोधमुक्त भौतिक पहुँच (Ramp, Handrail) र अनुकूलित कक्षाकोठा व्यवस्थापन गर्ने,

द) विद्यालयहरूमा शुद्ध तथा सुरक्षित पिउने पानी (Water Filter) र स्यानेटरी प्याड व्यवस्थापनसहितको पूर्ण छात्रामैत्री र बालमैत्री शौचालय निर्माण गर्ने,



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

ध) विद्यालयहरूलाई दलीय राजनीतिक प्रभाव र सबै प्रकारका हिंसा वा सजायबाट मुक्त राख्न 'शान्ति क्षेत्र र भयरहित विद्यालय' अवधारणा कार्यान्वयन गर्ने,

न) विद्यालय व्यवस्थापन समिति (SMC) र शिक्षक अभिभावक सङ्घ (PTA) को क्षमता अभिवृद्धि गरी विद्यालय सुशासन र बालमैत्री वातावरणको नियमित अनुगमन गर्ने,

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### क) उपलब्धि

यस गाउँपालिकामा आधारभूत शिक्षा सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य भएको हुनेछ। यसका साथै सिकाइ उपलब्धिमा वृद्धि भई शिक्षाको गुणस्तरमा सुधार भएको हुनेछ। आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, प्रविधिमैत्री र सुरक्षित भएको सुनिश्चित गरिएको हुनेछ।

नतिजाको दृष्टिले, आधारभूत तहको खुद भर्ना दर उच्च स्तरमा पुगेको हुनेछ। सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका हुने छन् र आधारभूत तहको सिकाइ उपलब्धि शतप्रतिशत पुगेको हुनेछ, जसले विद्यार्थीहरूको समग्र सिकाइ क्षमता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नेछ।

#### ख) प्रमुख क्रियाकलाप र लक्ष्यः

**१. अनिवार्य भर्ना तथा निरन्तरता अभियानः**
विद्यालय उमेरका (५-१२ वर्ष) शतप्रतिशत बालबालिकाको पहिचान र भर्नाका लागि प्रत्येक शैक्षिक सत्रको सुरुमा घरदैलो, "टोल-टोलमा भर्ना अभियान" सञ्चालन र विद्यालय छोड्ने जोखिममा रहेका विद्यार्थीका अभिभावकलाई निरन्तर परामर्श दिने कार्य।

**२. लक्षित वर्ग प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापनः**
विपन्न, दलित, अपाङ्गता भएका र सीमान्तकृत समुदायका विद्यार्थीहरूका लागि एकीकृत पालिका छात्रवृत्ति, निःशुल्क शैक्षिक सामग्री (कापी, कलम, झोला) र पोसाकको समयमै व्यवस्थापन तथा वितरण गर्ने कार्य।

**३. दिवा खाजा कार्यक्रमको सुदृढीकरण तथा विस्तारः**
पालिकाभित्रका सबै आधारभूत विद्यालयहरूमा दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादन र पौष्टिकतासँग जोडी साप्ताहिक 'स्थानीय मेनु' (Local Menu) लागु गर्ने र सोको नियमित पोषण अनुगमन गर्ने कार्य।

**४. वैज्ञानिक दरबन्दी मिलान तथा परिपूर्तिः**
विद्यार्थी सङ्ख्या र विषयगत आवश्यकताका आधारमा पालिका स्तरमा शिक्षक दरबन्दी मिलान (Teacher Mapping) गर्ने तथा रिक्त रहेका अङ्ग्रेजी, गणित र विज्ञान विषयमा 'पालिका स्वयंसेवक शिक्षक' तर्जुमा गरी परिचालन गर्ने कार्य।

**५. प्रारम्भिक कक्षा सिकाइ (EGR/EGMA) सुदृढीकरणः**

कक्षा १-३ का विद्यार्थीहरूको जग मजबुत बनाउन राष्ट्रिय मापदण्ड अनुसारको भाषिक (Early Grade Reading) र गणितीय (Early Grade Mathematics) सिप प्रवर्द्धनका लागि विशेष शैक्षिक प्याकेज र सन्दर्भ सामग्री लागु गर्ने कार्य।

**६. शिक्षक पेसागत सक्षमता तथा आइसिटी (ICT) तालिमः**
शिक्षकहरूलाई आधुनिक बाल-मनोविज्ञान, समावेशी शिक्षा, परियोजनामा आधारित (Project-based) शिक्षण विधि र कक्षाकोठामा सूचना प्रविधिको एकीकृत प्रयोग (ICT Integrated Pedagogy) सम्बन्धी सघन तालिम प्रदान गर्ने कार्य।

**७. सुरक्षित, बालमैत्री र अवरोधमुक्त पूर्वाधार विकासः**
विद्यालय भवनहरूलाई भूकम्प प्रतिरोधी र सुरक्षित विद्यालय (Safe School) मापदण्ड अनुसार मर्मत गर्ने, अपाङ्गता भएका विद्यार्थीका लागि र्‍याम्प र ह्यान्डरेल निर्माण गर्ने तथा पूर्ण छात्रामैत्री शौचालय र सुरक्षित खानेपानी (Water Filter) को व्यवस्था गर्ने कार्य।

**८. स्थानीय पाठ्यक्रम परिमार्जन र कार्यान्वयनः**
पैयूँ गाउँपालिकाको भूगोल, इतिहास, रैथाने सिप, कला र संस्कृति समेटिएको स्थानीय पाठ्यक्रम (कक्षा १-८) लाई परिमार्जन गरी सबै विद्यालयहरूमा पूर्ण रूपमा लागु र अनुगमन गर्ने कार्य।

**९. नियमित अनुगमन, मूल्याङ्कन र उपचारात्मक शिक्षणः**
विद्यार्थीहरूको त्रैमासिक रूपमा सिकाइ स्तर मापन (Continuous Assessment) गर्ने, कमजोर विद्यार्थीका लागि अतिरिक्त उपचारात्मक कक्षा (Remedial Classes) चलाउने र प्रधानाध्यापकहरूलाई नतिजाप्रति जवाफदेही बनाउने कार्य।

### ३.२.६ १० वर्षे रणनीति अन्तर्गत लक्ष्य

१० वर्षे योजना अवधिको अन्त्य (आव २०९३/२०९४) सम्ममा पैयूँ गाउँपालिकाले आधारभूत शिक्षाको क्षेत्रमा हासिल गर्ने परिमाणात्मक लक्ष्यहरू निम्नानुसार तय गरिएका छन्:

- खुद भर्ना दर (NER) को लक्ष्यः आधारभूत तह (कक्षा १-८) मा ५-१२ वर्ष उमेर समूहका बालबालिकाहरूको खुद भर्ना दरलाई १००% (शतप्रतिशत) पुर्‍याइनेछ।
- टिकाउ दर (Retention Rate) मा वृद्धिः कक्षा १ मा भर्ना भएका विद्यार्थीहरूमध्ये कक्षा ८ सम्म पढाइ निरन्तर राख्ने (टिकाउ दर) लाई न्यूनतम ९८% पुर्‍याइनेछ।
- ड्रप-आउट दर (Drop-out Rate) शून्यः घरायसी वा आर्थिक कारणले बिचैमा विद्यालय छोड्ने दरलाई ०% (शून्य) मा झारिनेछ।
- औसत सिकाइ उपलब्धि (Learning Achievement) मा सुधारः आधारभूत तहका विद्यार्थीहरूको समग्र विषयको न्यूनतम औसत सिकाइ उपलब्धिलाई ७५% पुर्‍याइनेछ।
- कक्षा ३ को पढाइ सक्षमताः कक्षा ३ मा अध्ययन गर्ने १००% विद्यार्थीमा राष्ट्रिय मापदण्ड अनुसारको नेपाली/अङ्ग्रेजी प्रवाहमय पढाइ र बुझाइ सक्षमता सुनिश्चित गरिनेछ।

- तालिमप्राप्त र दक्ष शिक्षकको सूचक: पालिकाभित्र कार्यरत १००% आधारभूत तहका शिक्षकहरू आधुनिक शिक्षण विधि र आइसिटी (ICT) को प्रयोगमा पूर्ण रूपमा तालिमप्राप्त र सक्षम हुनेछन्।
- पूर्ण समावेशी र सुरक्षित पूर्वाधार: पैयूँका १००% आधारभूत विद्यालयका भौतिक संरचनाहरू सुरक्षित (Safe School) र अपाङ्गतामैत्री (Barrier-free) बन्नेछन्।
- शुद्ध पिउने पानी र सरसफाइ सुविधा: सबै विद्यालयहरूमा शुद्ध र फिल्टर गरिएको खानेपानीको स्थायी प्रबन्ध हुनेछ भने १००% विद्यालयमा चालू अवस्थाका अलग-अलग छात्र-छात्रा शौचालय र छात्रामैत्री प्याड व्यवस्थापन सुनिश्चित हुनेछ।
- स्थानीय पाठ्यक्रमको पूर्ण कभरेज: पालिकाभित्रका सामुदायिक र संस्थागत दुवै धारका विद्यालयहरूमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन दर १००% पुऱ्याइनेछ।
- वित्तीय तथा प्रशासनिक सुशासन: सबै विद्यालयहरूमा डिजिटल सुशासन प्रणाली (IEMIS) र अनिवार्य सामाजिक परीक्षण (Social Audit) लागु भई विद्यालयको बेरुजु दर ०% मा झारिनेछ।

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशीलता रचनात्मकता,अध्ययनशीलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी सिपयुक्त एवम्  उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ ।

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यावसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनसँगै कक्षा (९—१२) मा प्राविधिक तथा व्यावसायिक धारको सुरुवात गर्ने लक्ष्य राखिएको छ। यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सिपसहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.सं. २०७७ बाट प्रारम्भ भएको छ।

विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ।

### ३.३.२ वर्तमान अवस्था

पैयूँ गाउँपालिकाको शैक्षिक सुदृढीकरण, उच्च शिक्षाको आधार र दक्ष जनशक्ति निर्माणका दृष्टिकोणले माध्यमिक शिक्षा (कक्षा ९—१२) एक अत्यन्तै महत्त्वपूर्ण उपक्षेत्रको रूपमा रहेको

छ। गाउँपालिकाभित्र सञ्चालित माध्यमिक विद्यालयहरूले साधारण धारतर्फको पठनपाठन सञ्चालन गरी स्थानीय स्तरमै उच्च शिक्षाको पहुँच विस्तार गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्। हालका वर्षहरूमा माध्यमिक तहमा विद्यार्थीहरूको भर्ना दरमा क्रमशः वृद्धि हुँदै गएको छ भने भौतिक पूर्वाधार, सूचना प्रविधि (ICT) ल्याब र विज्ञान प्रयोगशालाहरूको स्थापना गर्ने कार्यहरू पनि अगाडि बढेका छन्। यद्यपि १० वर्षे दीर्घकालीन योजनाको दृष्टिकोणबाट हेर्दा यस उपक्षेत्रमा केही गम्भीर र प्रणालीगत चुनौतीहरू विद्यमान छन्। विशेष गरी आधारभूत तह पार गरेर माध्यमिक तहमा प्रवेश गर्दा विद्यार्थीहरूको विद्यालय छोड्ने दर (Drop-out Rate) उच्च रहने गरेको छ। भौगोलिक विकटता, आर्थिक विपन्नता, र रोजगारीका लागि कम उमेरमै श्रम बजार वा वैदेशिक रोजगारीमा जाने प्रवृत्तिका कारण कक्षा १२ सम्मको टिकाउ दर सोचेअनुरूप बढ्न सकेको छैन।

यस तहको अर्को प्रमुख चुनौती भनेको माध्यमिक र उच्च माध्यमिक (कक्षा ११—१२) तहमा विषयगत र दक्ष शिक्षक दरबन्दीको चरम अभाव हुनु हो। अङ्ग्रेजी, गणित, विज्ञान र प्राविधिक विधामा स्थायी दरबन्दीका शिक्षकहरूको कमीका कारण विद्यालयहरूले आन्तरिक स्रोत वा निजी स्रोतबाट शिक्षक व्यवस्थापन गर्नुपर्ने बाध्यता छ, जसले विद्यालयको वित्तीय भार बढाएको छ। कक्षाकोठामा आधुनिक सूचना प्रविधिको एकीकृत प्रयोग, नवप्रवर्तनशील शिक्षण शैली, र व्यवस्थित प्रयोगशालाहरूको व्यावहारिक अभ्यास अझै पनि पूर्ण रूपमा संस्थागत हुन सकेको छैन। यसका साथै, माध्यमिक शिक्षा सैद्धान्तिक ज्ञानमा बढी र स्थानीय सम्भाव्यता, उद्यमशीलता, कृषि तथा स्वरोजगारमुखी सिपसँग कम जोडिएको महसुस गरिएको छ। तसर्थ आगामी १० वर्षे योजना अवधिमा पैयूँ गाउँपालिकाले माध्यमिक शिक्षाको गुणस्तर सुधार्न विषयगत शिक्षकहरूको स्थायी व्यवस्थापन, कमाउँदै पढ्दै जस्ता उद्यमशीलताकेन्द्रित कार्यक्रमहरूको विस्तार, सुरक्षित तथा आधुनिक प्रयोगशालाहरूको निर्माण, र कक्षा १२ सम्मको शिक्षालाई निःशुल्क, व्यावहारिक र प्रविधिमैत्री बनाउने रणनीतिक कदमहरू चाल्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ।

**तालिका ३**
**माध्यमिक शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय सङ्ख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | सङ्ख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ८ | २४० | २६३ | ६०३ | ४३ | ७० | ११३ | ० | ० | ० |
| संस्थागत | २ | ४३ | २७ | ७० | ८ | ३ | ११ | ० | ० | ० |
| जम्मा | १० | २८३ | २९० | ६७३ | ५१ | ७३ | १२४ | ० | ० | ० |

नेपालको सङ्घीय संरचना र शैक्षिक नीतिअनुसार कक्षा ९—१२ लाई माध्यमिक शिक्षा मानिएको पैयूँ गाउँपालिकाले माध्यमिक शिक्षालाई सक्षम, कर्मठ, नैतिकवान् र पौरखी मानव स्रोत उत्पादन गर्ने आधारका रूपमा परिभाषित गरेको छ। गाउँपालिकाको साक्षरता दर उच्च भए पनि माध्यमिक

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

तहमा पहुँच र गुणस्तर सुधारको आवश्यकता रहेको छ। विषयगत शिक्षकको अभाव, विज्ञान तथा कम्प्युटर प्रयोगशालाको कमी र इन्टरनेट सुविधा अपर्याप्त रहेको छ ।

### ३.३.३ उद्देश्य

क) माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

ख) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु

ग) विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु

### ३.३.४ रणनीतिहरू

क) आधारभूत तह पार गरेका शतप्रतिशत विद्यार्थीहरूलाई माध्यमिक शिक्षामा भर्ना गराउने,

ख) विकट र दुर्गम क्षेत्रका विद्यार्थीहरूका लागि पायक पर्ने विद्यालय पहिचान गरी "माध्यमिक विद्यालय नक्साङ्कन (School Mapping)" गर्ने

ग) लक्षित वर्ग (विपन्न, दलित, जनजाति र अपाङ्गता भएका) का विद्यार्थीहरूका लागि विशेष जेहेन्दार तथा आवासीय छात्रवृत्तिको व्यवस्था गर्ने,

घ) टाढाबाट आउने विद्यार्थीहरू (विशेष गरी छात्राहरू) का लागि सुरक्षित यातायात वा साइकल व्यवस्थापन गर्ने,

ङ) आर्थिक अभावका कारण कक्षा १२ नपुग्दै विद्यालय छोड्ने दरलाई रोक्न "निःशुल्क माध्यमिक शिक्षा सुनिश्चितता" गर्ने,

च) विद्यालयबाहिर रहेका वा उमेर समूह नाघेका व्यक्तिहरूका लागि खुला तथा वैकल्पिक माध्यमिक शिक्षा (Open Schooling) को प्रबन्ध गर्ने,

छ) रोजगारी वा घरायसी कारणले पढाइ छोडेका छात्राहरूलाई पुनः शिक्षाको मूलधारमा ल्याउन "विशेष दोस्रो मौका शिक्षा" को व्यवस्था गर्ने,

ज) प्राविधिक तथा व्यावसायिक धारतर्फ छात्राहरूको सहभागिता र भर्ना बढाउन विशेष सहुलियत तथा कोटा निर्धारण गर्ने,

झ) कक्षा ९ र ११ मा भर्ना हुने विद्यार्थीहरूको 'ट्र्याकिङ' गरी विद्यालय छोड्ने जोखिम न्यूनीकरण (Early Warning System) गर्ने,

ञ) माध्यमिक तहमा रिक्त रहेका अङ्ग्रेजी, गणित, विज्ञान र प्राविधिक विषयका शिक्षकहरूको शतप्रतिशत पदपूर्ति तथा व्यवस्थापन गर्ने,

ट) विज्ञान, गणित र प्रविधि विषयका लागि आधुनिक प्रयोगशाला (Science and ICT Lab) सुदृढीकरण तथा अनिवार्य प्रयोगात्मक अभ्यासलाई अवलम्बन गर्ने,

ठ) शिक्षकहरूलाई आधुनिक सूचना प्रविधि एकीकृत शिक्षण विधि (ICT Integrated Pedagogy) र अनलाइन सिकाइ सामग्री निर्माण तालिम प्रदान गर्ने,

ड) माध्यमिक शिक्षालाई स्थानीय उद्यमशीलता, आधुनिक कृषि, पशुपालन र जडीबुटी खेतीसँग आबद्ध गर्ने,

ढ) विद्यार्थीहरूमा स्वरोजगार र श्रमप्रतिको सम्मान बढाउन "कमाउँदै पढ्दै" (Earn While You Learn) कार्यक्रम सञ्चालन गर्ने,



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

ण) विद्यार्थीहरूको नवप्रवर्तनशील सोचलाई प्रोत्साहन गर्न पालिकास्तरीय "विज्ञान तथा प्रविधि प्रदर्शनी र नवप्रवर्तन (Innovation)" कार्यक्रम सञ्चालन गर्ने,

त) राष्ट्रिय परीक्षा बोर्ड (NEB) को परीक्षा परिणाममा सुधार ल्याउन नियमित नतिजा विश्लेषण र उपचारात्मक शिक्षण (Remedial Classes) पद्धति अवलम्बन गर्ने,

थ) उच्च शिक्षा र करियर छनोटका लागि विद्यार्थीहरूलाई व्यावसायिक मार्गदर्शन तथा परामर्श (Career Counseling) सेवा प्रदान गर्ने,

द) परम्परागत शिक्षणको सट्टा समस्या समाधान (Problem-solving) र परियोजनामा आधारित (Project-based) सिकाइ प्रवर्द्धन गर्ने,

ध) माध्यमिक विद्यालयका पूर्वाधारहरूलाई भूकम्प प्रतिरोधी र सुरक्षित विद्यालय (Safe School) राष्ट्रिय मापदण्डअनुसार निर्माण गर्ने,

न) अपाङ्गता भएका विद्यार्थी र शिक्षकहरूका लागि अवरोधमुक्त भौतिक पहुँच (Ramp, Handrail र विशेष कक्षाकोठा) विस्तार गर्ने,

प) महिनावारी सचेतना, शतप्रतिशत छात्रामैत्री शौचालय र आधुनिक स्यानेटरी प्याड भेन्डिङ मेसिन तथा विसर्जन प्रणाली निर्माण गर्ने,

फ) विद्यालयहरूमा शुद्ध तथा सुरक्षित पिउने पानी (Water Dispenser/Filter) को स्थायी प्रबन्ध गर्ने,

ब) किशोर-किशोरीहरूको मानसिक स्वास्थ्य, प्रजनन स्वास्थ्य र साइबर सुरक्षा (Cyber Security) सम्बन्धी सचेतना तथा परामर्श प्रदान गर्ने,

भ) विद्यालयमा हुन सक्ने सम्भावित विपद् (पहिरो, आगलागी आदि) व्यवस्थापनका लागि "विद्यालय विपद् जोखिम न्यूनीकरण योजना" निर्माण गरी लागु गर्ने,

म) छात्राहरूको सुरक्षाका लागि विद्यालयमा आकस्मिक गुनासो सुनुवाइ पेटिका र "शून्य सहनशीलता (Zero Tolerance)" नीति अवलम्बन गर्ने,

य) विद्यालय व्यवस्थापन समिति (SMC) र प्रधानाध्यापकको नेतृत्वलाई चुस्त बनाई विद्यालयको समग्र सुशासन (e-Governance) सुदृढीकरणमा सक्रिय बनाउने,

र) विद्यालयको भौतिक वातावरणलाई आकर्षक र सिकाइ अनुकूल बनाउन हरियाली चौर, खेलकुद मैदान र रङ्गरोगन व्यवस्थापन गर्ने।

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### क) उपलब्धि

पैयूँ गाउँपालिकाले स्थानीय तहमा शैक्षिक गुणस्तर अभिवृद्धि र पहुँच विस्तारका लागि माध्यमिक शिक्षा क्षेत्रमा महत्त्वपूर्ण उपलब्धिहरू हासिल गर्दै आएको छ। गाउँपालिकाभित्रका माध्यमिक विद्यालयहरूमा भौतिक पूर्वाधारको विकास, सूचना प्रविधि (ICT) को बढ्दो प्रयोग, र प्रयोगशालाहरूको व्यवस्थापनले शिक्षण सिकाइ प्रक्रियालाई थप व्यावहारिक र प्रविधिमैत्री बनाएको छ। सामुदायिक विद्यालयहरूको शैक्षिक एवं प्रशासनिक नेतृत्व सबलीकरणका कारण कक्षाकोठाको व्यवस्थापन र आन्तरिक मूल्याङ्कन प्रणालीमा क्रमिक सुधार देखिएको छ, जसले विद्यार्थीहरूको सिकाइ स्तर र शैक्षिक नतिजा (Learning Outcomes) लाई सकारात्मक दिशा दिएको



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

छ। ड्रपआउट (बिचमै विद्यालय छाड्ने) दरमा आएको कमी र माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दरमा भएको वृद्धिले शिक्षामा समतामूलक पहुँच सुनिश्चित हुँदै गएको सङ्केत गर्दछ। स्थानीय पाठ्यक्रमको निर्माण, शिक्षकहरूको पेसागत दक्षता विकासका लागि सञ्चालित तालिमहरू र विद्यालय तहमा हुने नियमित अनुगमन एवं मूल्याङ्कनले संस्थागत जवाफदेहिता बढाएको छ। यद्यपि प्राविधिक धारतर्फको आकर्षण र विषयगत दक्ष शिक्षकको समन्यायिक वितरण जस्ता चुनौतीहरू अझै बाँकी रहेकाले आगामी शिक्षा योजनाले यी उपलब्धिहरूलाई संस्थागत गर्दै गुणस्तरीय, सिपमूलक र रोजगारकेन्द्रित माध्यमिक शिक्षामा जोड दिनु आवश्यक देखिन्छ।

माध्यमिक शिक्षामा सबै बालबालिकाका लागि पहुँच सुनिश्चित हुने र शिक्षाको सान्दर्भिकता तथा गुणस्तरमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ। यसअन्तर्गत सबै बालबालिकाले निःशुल्क माध्यमिक शिक्षा प्राप्त गर्ने अवसर पाउने छन् र खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुनेछ। सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गर्ने छन्, जसले गुणस्तरीय शिक्षाको प्रवाह सुनिश्चित गर्नेछ र विद्यार्थीहरूको दक्षता, शारीरिक तथा मानसिक विकासमा योगदान पुऱ्याउनेछ।

### ख) प्रमुख क्रियाकलापहरू

माध्यमिक शिक्षाको सुधारका लागि आगामी योजनामा समेट्नुपर्ने रणनीतिक क्रियाकलापहरूलाई निम्न चार क्षेत्रमा विभाजन गरिएको छः

#### अ) शैक्षिक गुणस्तर तथा शिक्षण सिकाइ सुधार

- प्रधानाध्यापक नेतृत्व विकास र कार्यसम्पादन सम्झौताः विद्यालयको प्रशासनिक र शैक्षिक सुधारका लागि प्रधानाध्यापकहरूलाई नेतृत्व विकास तालिम प्रदान गर्ने र नतिजामा आधारित कार्यसम्पादन सम्झौता गर्ने।
- सिकाइ व्यवस्थापन (Learning Management) र आन्तरिक मूल्याङ्कनः विद्यार्थीहरूको नतिजा सुधार्न त्रैमासिक तथा आवधिक आन्तरिक मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्ने र कमजोर विद्यार्थीका लागि उपचारात्मक (Remedial) कक्षा सञ्चालन गर्ने।
- शिक्षक पेसागत दक्षता (TPD) तालिमः माध्यमिक तहका शिक्षकहरूका लागि नयाँ पाठ्यक्रम, शिक्षण विधि र आधुनिक मूल्याङ्कन पद्धतिमा आधारित स्थानीय स्तरमै पुनर्ताजगी तालिम सञ्चालन गर्ने।
- **सूचना प्रविधि (ICT) र भौतिक पूर्वाधार विकास**
- स्मार्ट क्लासरुम र डिजिटल सिकाइः गाउँपालिकाका प्रत्येक माध्यमिक विद्यालयमा क्रमशः आईसीटी ल्याब, इन्टरनेट जडान र शिक्षणमा डिजिटल सामग्री को प्रयोग अनिवार्य गर्ने।
- विज्ञान तथा गणित प्रयोगशालाः माध्यमिक तहका विद्यार्थीका लागि आधुनिक विज्ञान र गणित प्रयोगशाला (Lab) को स्थापना तथा स्तरोन्नति गर्ने।



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

- बालमैत्री तथा अपाङ्गतामैत्री पूर्वाधारः विद्यालयहरूमा खानेपानी, छात्रा सुरक्षाका लागि स्यानेटरी प्याड व्यवस्थापनसहितको छुट्टै शौचालय र अपाङ्गतामैत्री पहुँच (Ramp) निर्माण गर्ने।

**आ) पहुँच, समता र प्राविधिक शिक्षा**

- ड्रपआउट न्यूनीकरण र छात्रवृत्तिः आर्थिक रूपमा विपन्न, दलित, जनजाति र छात्राहरूका लागि विशेष छात्रवृत्ति कार्यक्रम ल्याई कक्षा १० र १२ सम्मको टिकाउ दर (Retention Rate) बढाउने।
- प्राविधिक तथा व्यावसायिक धारको सुरुवातः स्थानीय बजार र कृषि/पर्यटन क्षेत्र अनुकूल हुने गरी माध्यमिक तहमा प्राविधिक धार (Technical Stream) तर्फ विद्यार्थीको आकर्षण र लगानी बढाउँदै प्राविधिक शिक्षाको सुरुवात गर्ने।

**इ) संस्थागत सुशासन र अनुगमन**

- नियमित प्राविधिक अनुगमनः गाउँपालिकाको शिक्षा शाखामार्फत् विद्यालयहरूको नियमित र आकस्मिक शैक्षिक अनुगमन (Academic Supervision) प्रणाली लागु गर्ने।
- विद्यालय कार्यसम्पादन परीक्षण (School Performance Audit): प्रत्येक वर्ष सामुदायिक विद्यालयहरूको आन्तरिक तथा बाह्य मूल्याङ्कन गरी सूचकका आधारमा उत्कृष्ट विद्यालयलाई पुरस्कृत गर्ने।

**ग) लक्ष्य**

आगामी योजना अवधि (जस्तैः ३ वा ५ वर्ष) भित्र हासिल गर्ने गरी निर्धारण गरिएका परिमाणात्मक र गुणात्मक लक्ष्यहरूः

| क्र. सं. | सूचक | वर्तमान अवस्था (अनुमानित/आधार वर्ष) | आगामी ३/५ वर्षको लक्ष्य |
|---|---|---|---|
| १ | कक्षा १० र १२ को औसत शैक्षिक उपलब्धि | हालको औसत (जस्तैः २.०) | न्यूनतम २.८ वा सोभन्दा माथि पुऱ्याउने |
| २ | माध्यमिक तह (९-१२) मा खुद भर्ना दर | ७८.५ | ९५% भन्दा माथि पुऱ्याउने |
| ३ | विद्यालय टिकाउ दर (कक्षा १२ सम्म) | २५ | ड्रपआउट दरलाई २% भन्दा तल झार्ने |
| ४ | प्रविधिमैत्री कक्षाकोठा (ICT Integrated) | हाल सीमित विद्यालयमा | १००% माध्यमिक विद्यालयमा आईसीटी ल्याब र स्मार्ट क्लासरुम सञ्चालन गर्ने |
| ५ | दक्ष र तालिमप्राप्त शिक्षक प्रतिशत | ८० | माध्यमिक तहका १००% शिक्षकहरूलाई नवीनतम पाठ्यक्रम र प्रविधिसम्बन्धी तालिम दिने |



पैयुँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

| | | | |
|---|---|---|---|
| ६ | प्राविधिक/व्यावसायिक शिक्षामा पहुँच | सुरुवात नभएको | माध्यमिक तहका अध्ययन गर्ने विद्यार्थीलाई प्राविधिक वा सिपमूलक धारमा आबद्ध गर्ने |
| ७ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | कक्षा १-८ मा | माध्यमिक तह सुहाउँदो स्थानीय पहिचान र सिपमा आधारित पूरक सामग्री निर्माण र कार्यान्वयन |

## ३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.४.१ परिचय

औपचारिक पद्धतिभन्दा बाहिर फरक समयमा विभिन्न उमेर समूहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो। औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्न जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दैछन्। आफ्नो जीवनको इतिहास आफै लेख्छन्। तसर्थ सिकाइ जीवन पद्धतिसँग जोडिएको हुन्छ। अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर सिकाइ र अवसरका लागि स्तरवृद्धि शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ। विभिन्न सिकाइ अवस्थाको आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ।

### ३.४.२ वर्तमान अवस्था

पैयूँ गाउँपालिकामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको क्षेत्र सन्तोषजनक रूपमा अघि बढिरहेको भए तापनि यसलाई अझ बढी व्यवस्थित र सुदृढ बनाउनुपर्ने अवस्था छ। गाउँपालिकालाई पूर्ण साक्षर घोषणा गरिएसँगै परम्परागत साक्षरता दरमा सुधार आएको छ र हाल विभिन्न वडाहरूमा स्थापित सामुदायिक अध्ययन केन्द्र (CLC) हरू क्रियाशील रहेका छन्। यी

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

केन्द्रहरूमार्फत् खास गरी प्रौढ, विद्यालय शिक्षाबाट वञ्चित नागरिक र महिलाहरूका लागि आधारभूत साक्षरोत्तर कक्षा तथा आयआर्जनका व्यावहारिक सिपहरू (जस्तैः मौरीपालन, व्यावसायिक तरकारी खेती, र लघु उद्यम) सम्बन्धी अनौपचारिक तालिमहरू सञ्चालन भइरहेका छन्।

यद्यपि, वर्तमान अवस्थामा यी सामुदायिक अध्ययन केन्द्रहरूको आफ्नै भौतिक पूर्वाधार, पर्याप्त बजेट र आधुनिक सूचना प्रविधिको पहुँचमा कमी हुनाले सोचेअनुरूप डिजिटल साक्षरता र वित्तीय साक्षरताका कार्यक्रमहरूलाई व्यापक बनाउन सकिएको छैन। अनौपचारिक शिक्षालाई औपचारिक शिक्षाको समकक्षता र योग्यतासँग प्रभावकारी रूपमा जोड्ने कार्य अझै चुनौतीपूर्ण नै छ। प्रौढ र युवाहरूमा बदलिँदो प्रविधि र सिप सिक्ने उच्च चाहना भए तापनि गाउँपालिका स्तरमा नियमित, संरचनात्मक र बजारमुखी आजीवन सिकाइका कार्यक्रमहरूको अभाव खट्किएको देखिन्छ। त्यसैले, उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग गर्दै सामुदायिक अध्ययन केन्द्रहरूलाई प्रविधिमैत्री बनाउनु र समुदायको मागमा आधारित जीवनोपयोगी सिपका कार्यक्रमहरू निरन्तर सञ्चालन गर्नु पैयूँ गाउँपालिकाको वर्तमान आवश्यकता रहेको छ।

### ३.४.३ उद्देश्य

क) अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइको माध्यमबाट जीवनोपयोगी, सिपमूलक र निरन्तर सिकाइका कार्यक्रम विस्तार गर्नु

ख) सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु,

ग) औपचारिक, अनौपचारिक तथा अतिरिक्त माध्यमबाट प्राप्त ज्ञान, सिपको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्नु

### ३.४.४ रणनीतिहरू

क) गाउँपालिका स्तरमा अनौपचारिक शिक्षा, आजीवन सिकाइ र रैथाने सिपको एकीकृत वस्तुगत तथ्याङ्क (Database) तयार गर्ने।

ख) मौजुदा सामुदायिक सिकाइ केन्द्र (CLC) हरूको भौतिक, प्राविधिक र व्यवस्थापकीय क्षमताको सुदृढीकरण गर्ने।

ग) स्थानीय तहमा उपलब्ध परम्परागत, सिपमूलक र उद्यमशील ज्ञानलाई पहिचान गरी पाठ्यक्रम र सन्दर्भ सामग्री निर्माण गर्ने।

घ) सधैंका लागि शिक्षा र सिक्दो समुदाय (Learning Community) को अवधारणा अनुसार टोल-टोलमा अनौपचारिक सिकाइ समूह गठन गर्ने।

ङ) राष्ट्रिय सिप परीक्षण समिति (NSTB) र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) सँग समन्वय गरी सिप प्रमाणीकरणको संयन्त्र स्थापना गर्ने।

च) औपचारिक शिक्षा प्रणालीबाट बाहिरिएका (Drop-out) युवाहरूका लागि विद्यालयहरूसँगको सहकार्यमा वैकल्पिक सिकाइ कार्यक्रम सञ्चालन गर्ने।

छ) कृषक, उद्यमी र श्रमिकहरूका लागि आधुनिक प्रविधि, वित्तीय साक्षरता र बजार व्यवस्थापनसम्बन्धी अल्पकालीन पुनर्ताजगी तालिम चलाउने।



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

ज) गाउँपालिकाभित्र क्रियाशील गैरसरकारी संस्था, सहकारी र निजी क्षेत्रसँग अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालनका लागि साझेदारी गर्ने।

झ) महिला, दलित, अपाङ्गता भएका व्यक्ति र आर्थिक रूपमा विपन्न लक्षित समूहका लागि विशेष आयआर्जनमूलक सिप प्याकेज सञ्चालन गर्ने।

ञ) विद्यालय शिक्षा पूरा गर्न नसकेका प्रौढहरूका लागि 'खुला विद्यालय' (Open Schooling) र अनौपचारिक प्रौढ माध्यमिक शिक्षा कार्यक्रमलाई प्रवर्द्धन गर्ने।

ट) सामुदायिक सिकाइ केन्द्रहरूमा अनिवार्य रूपमा स्थानीय पत्रपत्रिका, पुस्तक र डिजिटल सामग्रीसहितको 'सामुदायिक ई-पुस्तकालय' स्थापना गर्ने।

ठ) अनौपचारिक शिक्षा क्षेत्रमा कार्यरत सहजकर्ता, परिचालक र प्रशिक्षकहरूको पेसागत क्षमता अभिवृद्धिका लागि नियमित तालिमको व्यवस्था गर्ने।

ड) गाउँपालिकास्तरीय आजीवन सिकाइ तथा अनौपचारिक शिक्षा कोष स्थापना गरी बजेटको दिगो व्यवस्थापन गर्ने।

ढ) परम्परागत रूपमा आर्जित ज्ञान (जस्तैः काष्ठकला, निर्माण कार्य, कृषि प्रविधि) लाई व्यावहारिक परीक्षाका माध्यमबाट प्रमाणीकरण गरी ग्रेडिङ गर्ने।

ण) प्रत्येक सामुदायिक सिकाइ केन्द्रका लागि कार्यसम्पादनका सूचकहरू निर्माण गरी वार्षिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने।

त) साक्षरोत्तर (Post-literacy) कार्यक्रमलाई सीधै रोजगारी र स्वरोजगारीका अवसरहरूसँग आबद्ध गर्ने।

थ) अतिरिक्त र अनौपचारिक माध्यमबाट प्राप्त योग्यतालाई औपचारिक शिक्षाको शैक्षिक तहसँग समकक्षता (Equivalency) निर्धारण गर्न आवश्यक कानुनी सहजीकरण गर्ने।

द) गाउँपालिकाभित्रका सफल उद्यमी र दक्ष जनशक्तिलाई सामुदायिक सिकाइ केन्द्रहरूमा 'अतिथि प्रशिक्षक' (Guest Trainer) का रूपमा परिचालन गर्ने।

ध) ज्येष्ठ नागरिकहरूको अनुभव र ज्ञानलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न 'अन्तर-पुस्ता सिकाइ चौतारी' (Inter-generational Learning) कार्यक्रम सञ्चालन गर्ने।

न) प्रत्येक वर्ष गाउँपालिकास्तरीय सिप तथा उद्यमशीलता प्रदर्शनी आयोजना गरी अनौपचारिक माध्यमबाट उत्पादित जनशक्ति र सामग्रीको प्रवर्द्धन गर्ने।

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धिः**

सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलाप**

**अ) जीवनोपयोगी, सिपमूलक र निरन्तर सिकाइ कार्यक्रम विस्तार**

- **माग र आवश्यकतामा आधारित सिपमूलक तालिमः**



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

स्थानीय बजार, आधुनिक कृषि र पर्यटनलाई सुहाउने गरी छोटो अवधिको व्यावसायिक तालिम (जस्तैः प्लम्बिङ, वाइरिङ, काष्ठकला, मोबाइल मर्मत, च्याउ खेती, मौरीपालन) सञ्चालन गर्ने।

- **डिजिटल तथा वित्तीय साक्षरता अभियानः**
  प्रौढ र युवाहरूका लागि मोबाइल बैंकिङ, अनलाइन सेवाहरू र साइबर सुरक्षासम्बन्धी आधारभूत डिजिटल तथा वित्तीय साक्षरता कक्षाहरू चलाउने।
- **अन्तर-पुस्ता ज्ञान हस्तान्तरण चौतारीः**
  ज्येष्ठ नागरिकहरूमा रहेका रैथाने सिप, परम्परागत प्रविधि र सांस्कृतिक ज्ञानलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने विशेष कार्यक्रम सञ्चालन गर्ने।

**आ) सामुदायिक सिकाइ केन्द्र (CLC) को सबलीकरण र सञ्चालन**

- **भौतिक तथा प्राविधिक पूर्वाधार सुधारः**
  गाउँपालिकाभित्रका सामुदायिक सिकाइ केन्द्रहरूमा भौतिक मर्मतसम्भार, आवश्यक फर्निचर, इन्टरनेट, र कम्प्युटर/ल्यापटपको व्यवस्था गरी प्रविधिमैत्री बनाउने।
- **सामुदायिक ई-पुस्तकालय (E-Library) स्थापनाः**
  अध्ययन केन्द्रहरूमा स्थानीय नागरिकका लागि उपयोगी पुस्तक, सन्दर्भ सामग्री र डिजिटल सिकाइ पोर्टलहरू सहितको ई-पुस्तकालय स्थापना गर्ने।
- **सहजकर्ताहरूको क्षमता विकासः**
  अनौपचारिक शिक्षा प्रदान गर्ने सहजकर्ता, परिचालक र प्रशिक्षकहरूका लागि आधुनिक शिक्षण विधि र प्रविधिसम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने।

**इ) ज्ञान र सिपको अभिलेखीकरण, परीक्षण तथा प्रमाणीकरण**

- **स्थानीय सिपको प्रोफाइल र प्रोफाइल ग्याप म्यापिङः**
  औपचारिक शिक्षा नपाएका तर परम्परागत वा व्यवहारबाट दक्ष बनेका सिकर्मी, डकर्मी, कृषक र प्राविधिकहरूको सिपको अभिलेखीकरण (रोस्टर) तयार गर्ने।
- **सिप परीक्षण कार्यविधि र संयन्त्रः**
  प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) र राष्ट्रिय सिप परीक्षण समिति (NSTB) सँग सहकार्य गरी स्थानीय स्तरमै सिप परीक्षण परीक्षा लिने व्यवस्था मिलाउने।
- **समकक्षता र प्रमाणपत्र वितरणः**
  परम्परागत र अतिरिक्त माध्यमबाट सिप सिकेका नागरिकहरूको ज्ञानलाई प्रमाणीकरण गरी औपचारिक बजारमा काम गर्न योग्य गराउने आधिकारिक प्रमाणपत्र उपलब्ध गराउने।

**ग) लक्ष्य निर्धारण (Target Setting)**

आगामी योजना अवधि (३ देखि ५ वर्ष) भित्र अनौपचारिक शिक्षाको क्षेत्रमा हासिल गरिने परिमाणात्मक लक्ष्यहरूः

| क्र.सं. | सूचक | वर्तमान अवस्था (आधार वर्ष) | आगामी ३/५ वर्षको लक्ष्य |
|---|---|---|---|
| १ | सञ्चालित सिपमूलक तालिम सङ्ख्या | हाल सीमित | वार्षिक कम्तीमा ५ ओटा बजारमुखी सिपमूलक तालिम सञ्चालन गर्ने |
| २ | सामुदायिक सिकाइ केन्द्र (CLC) सबलीकरण | आंशिक सञ्चालनमा | गाउँपालिकाभित्रका सामुदायिक सिकाइ केन्द्रलाई स्रोत-साधन र प्रविधियुक्त बनाउने |
| ३ | डिजिटल र वित्तीय साक्षरता पहुँच | न्यून | लक्षित वर्गका कम्तीमा १,५०० जना नागरिकलाई साक्षर बनाउने |
| ४ | सिप अभिलेखीकरण (Skill Mapping) | सुरु नभएको | गाउँपालिका भित्रका कम्तीमा ५०० जना सिपयुक्त जनशक्तिको प्रोफाइल डिजिटल रूपमा सुरक्षित गर्ने |
| ५ | सिप परीक्षण र प्रमाणीकरण (CTEVT/NSTB) | सुरु नभएको | परम्परागत सिप भएका कम्तीमा २०० जना युवाको सिप परीक्षण गराई आधिकारिक प्रमाणपत्र दिने |
| ६ | सामुदायिक ई-पुस्तकालय स्थापना | हाल नभएको | कम्तीमा ३ ओटा प्रमुख वडा/केन्द्रहरूमा ई-पुस्तकालय सञ्चालन गर्ने |
| ७ | वैकल्पिक/खुला विद्यालय कार्यक्रम | हाल नभएको | बिचमै पढाइ छाडेका कम्तीमा ५० जना युवालाई खुला विद्यालयमार्फत् औपचारिक शिक्षाको मूलधारमा जोड्ने |



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

## परिच्छेद ४
## अन्तरसम्बन्धित विषय क्षेत्रहरू

### ४.१ पाठ्यक्रम र मूल्याङ्कन

#### ४.१.१ परिचय

नेपालमा विद्यमान संविधान, राष्ट्रिय शिक्षा नीति, शिक्षा ऐन तथा सम्बन्धित नियम—निर्देशनले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रमुख माध्यमका रूपमा लिएको छ। यो कानुनी प्रावधानअनुसार पाठ्यक्रमले विद्यार्थीको सैद्धान्तिक ज्ञानसँगै व्यावहारिक, जीवनोपयोगी सिप विकास गर्न लक्षित छ भने मूल्याङ्कन प्रणालीले सिकाइ उपलब्धि, दक्षता र सिकाइ प्रक्रियामा प्रगतिको मापन गर्दै विद्यार्थीको पूर्ण मूल्याङ्कन गर्न सुनिश्चित गर्दछ। यसले शिक्षक र विद्यालयलाई पनि जिम्मेवार बनाउँदै शिक्षा प्रणालीमा पारदर्शिता, समावेशिता र गुणस्तरीय सुधारको वातावरण सिर्जना गर्ने कार्य गर्दछ।

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालयअन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो। पाठ्यकम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु गरियो। यसै क्रममा वि.सं.२०७६ सालमा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु गरिएको र वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १ देखि १२ सम्म यो पाठ्यक्रम कार्यान्वयन गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ।

#### ४.१.२ वर्तमान अवस्था

पैयूँ गाउँपालिकामा हाल पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने माध्यमका रूपमा विकास गर्ने प्रयास भइरहेको छ। विद्यालयहरूमा स्थानीय आवश्यकता, भाषा, कला, संस्कृति, र सिप समेटिएको स्थानीय पाठ्यक्रम हाल पूर्ण रूपमा लागु भएको अवस्थालाई गाउँपालिकाले सबल पक्षको रूपमा लिएको छ।

मूल्याङ्कन र परीक्षा प्रणालीमा परम्परागत, केवल सैद्धान्तिक मूल्याङ्कनमा निर्भर अभ्यासलाई सुधार गर्दै वैज्ञानिक, व्यवस्थित र नतिजामुखी बनाउने प्रयास भइरहेको छ। आधारभूत र माध्यमिक तहका प्रत्येक कक्षा र विषयका लागि सिकाइ उपलब्धि मापन गर्ने सूचकहरू विकास गर्ने रणनीति लिइएको छ। शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षाको परिणामसँग

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

जोड्ने, अपाङ्गता भएका बालबालिकाका लागि विशेष मूल्याङ्कन गर्ने, तथा प्रयोगात्मक अभ्यास र इन्टर्नसिपसमेत मूल्याङ्कनमा समावेश गर्ने व्यवस्था विकास भइरहेको छ।

गाउँपालिकाले मूल्याङ्कन र अनुगमनलाई चुस्त बनाउन स्थानीय संयन्त्र निर्माण गर्ने र भविष्यमा माध्यमिक तहसम्मको परीक्षा स्थानीय तहबाट सञ्चालन गर्न पूर्वाधार र जनशक्ति तयार गर्ने लक्ष्य राखेको छ। यसरी पैयूँ गाउँपालिकाले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई स्थानीय परिवेश अनुकूल, समावेशी, गुणस्तरीय र नतिजामुखी बनाउन अग्रसर रहेको देखिन्छ।

### ४.१.३ उद्देश्य

क) विद्यालय तहको पठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
ख) स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु
ग) पाठ्यक्रमले तोकेबमोजिम विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नु

### ४.१.४ रणनीतिहरू

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,
ख) विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गर्ने,
ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,
घ) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
ङ) शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,
च) शिक्षकको पेसागत सक्षमता विकास गर्ने,
छ) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधानकेन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,
ज) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,
झ) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने,
ञ) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,
ट) स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,
ठ) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने,
ड) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास एवं कार्यान्वयन गर्ने,
ढ) स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास गर्ने।



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सिर्जनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलापहरू**

अ) पाठ्यक्रम कार्यान्वयन र स्थानीय पाठ्यक्रम परिमार्जन

- **स्थानीय पाठ्यक्रमको समीक्षा र परिमार्जनः**
  कक्षा १-८ मा लागु भइरहेको स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको समीक्षा गरी समयसान्दर्भिक र सिपमूलक बनाउन परिमार्जन गर्ने।
- **परियोजना र प्रयोगात्मक कार्यमा जोडः**
  राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेका प्रयोगात्मक, डिजिटल र परियोजना कार्यहरू (Project Works) लाई विद्यालय तहमा अनिवार्य रूपमा कार्यान्वयन गराउने।
- **पूरक शैक्षिक सामग्री निर्माणः**
  माध्यमिक तहका विद्यार्थीका लागि स्थानीय सन्दर्भ, व्यवसाय र प्रविधिसँग जोडिएका सन्दर्भ सामग्रीहरू (Reference Materials) निर्माण गरी वितरण गर्ने।

**आ)मूल्याङ्कन प्रणालीमा सुधार र प्रविधिमैत्री व्यवस्थापन**

- **निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) को वास्तविक कार्यान्वयनः**
  कक्षा १-३ मा पूर्ण रूपमा र कक्षा ४-७ मा तोकिएअनुसारको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई 'रुब्रिक्स' (Rubrics - मूल्याङ्कन सूचक) का आधारमा व्यवस्थित गर्ने।
- **कक्षा ८ को परीक्षा प्रणाली सुदृढीकरणः**
  गाउँपालिकास्तरीय कक्षा ८ को परीक्षालाई थप मर्यादित, पारदर्शी र प्रविधिमैत्री (डिजिटल टेबुलेसन र अनलाइन नतिजा) बनाउने।
- **सुधारात्मक र उपचारात्मक मूल्याङ्कनः**
  आवधिक परीक्षामा मात्र भर नपरी विद्यार्थीको निरन्तर सिकाइ सुधारका लागि सुधारात्मक मूल्याङ्कन (Formative Assessment) गरी सिकाइमा पछि परेका विद्यार्थीका लागि उपचारात्मक कक्षा (Remedial Classes) सञ्चालन गर्ने।

**इ) शिक्षक क्षमता विकास र अनुगमन**

- **मूल्याङ्कन तथा अक्षराङ्कन (Letter Grading) तालिमः**
  शिक्षकहरूका लागि नयाँ अक्षराङ्कन निर्देशिका, प्रश्नपत्र निर्माण विशिष्टीकरण तालिका (Specification Grid), र प्रयोगात्मक अङ्कन प्रणालीसम्बन्धी सघन तालिम सञ्चालन गर्ने।
- **नियमित प्राविधिक अनुगमनः**
  विद्यालयहरूले पाठ्यक्रमले तोकेको घण्टी/पाठ्यभार र मूल्याङ्कन विधि पालना गरे/नगरेको जाँच्न शिक्षा शाखामार्फत् नियमित शैक्षिक सुपरिवेक्षण (Academic Supervision) गर्ने।

## ग) लक्ष्य निर्धारण (Target Setting)

आगामी योजना अवधि (३ देखि ५ वर्ष) भित्र पाठ्यक्रम र मूल्याङ्कनको क्षेत्रमा हासिल गरिने स्पष्ट र परिमाणात्मक लक्ष्यहरू:

| क्र.सं. | सूचक | वर्तमान अवस्था (आधार वर्ष) | आगामी ३/५ वर्षको लक्ष्य |
|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रमको पूर्ण कार्यान्वयन | कक्षा १-८ मा लागु | शतप्रतिशत विद्यालयमा परिमार्जित र प्रयोगात्मक रूपमा स्थानीय पाठ्यक्रम सञ्चालन गर्ने |
| २ | निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) को सही उपयोग | सैद्धान्तिक/अपूर्ण | १००% प्राथमिक विद्यालय (कक्षा १-३) मा अक्षरशः र रुब्रिक्समा आधारित CAS लागु गर्ने |
| ३ | परियोजना र प्रयोगात्मक कार्यको हिस्सा | न्यून/कागजी | कक्षा ४-१२ सम्मको मूल्याङ्कनमा पाठ्यक्रमले तोकेको प्रयोगात्मक/परियोजना भारलाई वास्तविक रूपमा कार्यान्वयन गर्ने |
| ४ | कक्षा ८ को परीक्षा व्यवस्थापन | परम्परागत/आंशिक डिजिटल | परीक्षा आवेदन, दर्ता, र नतिजा प्रकाशन प्रक्रियालाई १००% अनलाइन र प्रविधिमैत्री बनाउने |
| ५ | शिक्षक क्षमता अभिवृद्धि (मूल्याङ्कन विधि) | आंशिक तालिमप्राप्त | गाउँपालिकाका १००% शिक्षकहरूलाई अक्षराङ्कन प्रणाली र प्रश्नपत्र निर्माणसम्बन्धी विशिष्टीकृत तालिम दिने |
| ६ | उपचारात्मक शिक्षण (Remedial Teaching) | व्यवस्थित नभएको | विद्यालयको आन्तरिक मूल्याङ्कनमा न्यूनतम ग्रेड (जस्तैः D वा E) ल्याउने १००% विद्यार्थीका लागि अनिवार्य उपचारात्मक कक्षा सुनिश्चित गर्ने |
| ७ | प्रश्न बैंक (Question Bank) निर्माण | हाल नभएको | गाउँपालिका स्तरमा कक्षा ८ र माध्यमिक तहका लागि विषयगत विशिष्टीकरण तालिका अनुसारको 'प्रश्न बैंक' तयार गरी लागु गर्ने |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारमा शिक्षक व्यवस्थापन र विकासको भूमिका निर्णायक हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, प्रेरित, समर्पित र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुनु आवश्यक छ। शिक्षकको विषयगत ज्ञान, शिक्षण सिकाइमा दक्षता र नमुना व्यवहारले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। यसका लागि शिक्षकको पेसागत विकास सुनिश्चित गर्दै विद्यालयमा प्रभावकारी शिक्षक व्यवस्थापन गर्न आवश्यक छ। प्राथमिक तहमा शिक्षक—विद्यार्थी अनुपात विद्यार्थी सङ्ख्याको आधारमा, र माध्यमिक तहमा विषयगत मापदण्डअनुसार कायम गरिएको छ। शिक्षकको क्षमता अभिवृद्धि, तालिम, कार्यशाला, अवलोकन भ्रमण, मेन्टरिङ तथा प्रविधिको प्रयोगमार्फत् शिक्षक पेसालाई रोजाइको पेसा बनाउने प्रयास गाउँपालिकाले गर्दै आएको छ। यसरी शिक्षक व्यवस्थापन र विकासले शिक्षाको गुणस्तर वृद्धि गर्न, शिक्षकलाई जिम्मेवार बनाउने र कक्षाकोठामा विद्यार्थीकेन्द्रित शिक्षण—सिकाइ प्रवाह सुनिश्चित गर्ने लक्ष्य राखिएको छ।

### ४.२.२ वर्तमान अवस्था

पैयूँ गाउँपालिकाको विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापन र उनीहरूको पेसागत विकासलाई एक प्रमुख आधारस्तम्भको रूपमा लिइएको छ। वर्तमान अवस्थामा गाउँपालिकाअन्तर्गतका सामुदायिक विद्यालयहरूमा नेपाल सरकारको स्वीकृत दरबन्दी, राहत दरबन्दी र गाउँपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी 'पालिका शिक्षक' एवं शिक्षण सहयोगीहरू परिचालन गरिएका छन्। गाउँपालिकाले शिक्षकहरूको हाजिरीलाई नियमित र व्यवस्थित बनाउन प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै विद्यालयको प्रशासनिक नेतृत्व सम्हाल्ने प्रधानाध्यापकहरूको सबलीकरणका लागि केही प्रयासहरू सुरु गरेको छ। सङ्घीयताको कार्यान्वयनसँगै स्थानीय तहबाटै शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन, सरुवा-बढुवा र अभिलेखीकरणलाई व्यवस्थित गर्ने अभ्यास भइरहेको छ।

यद्यपि शिक्षक व्यवस्थापन र विकासको क्षेत्रमा केही गम्भीर र व्यावहारिक चुनौतीहरू अझै कायम छन्। गाउँपालिकाभित्रका विद्यालयहरूमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दीको समन्यायिक वितरण (Redistribution) हुन सकेको छैन, जसले गर्दा कतिपय विद्यालयमा शिक्षक बढी र कतिपयमा दरबन्दी न्यून रहने अवस्था छ। खास गरी माध्यमिक र आधारभूत तहमा गणित, विज्ञान र अङ्ग्रेजी जस्ता अनिवार्य विषयका दक्ष र स्थायी शिक्षकहरूको अभाव अझै खट्किएको देखिन्छ। शिक्षक पेसागत विकास (Teacher Professional Development - TPD) का कार्यक्रमहरू नियमित र पर्याप्त मात्रामा हुन सकेका छैनन्, जसका कारण शिक्षकहरूलाई नवीनतम प्रविधि, आधुनिक शिक्षण विधि, र नयाँ पाठ्यक्रम प्रारूपअनुसार सघन रूपमा अभ्यस्त गराउन चुनौती थपिएको छ। शिक्षकहरूमा रहेको परम्परागत शिक्षण शैलीलाई रूपान्तरण गरी प्रविधिमैत्री र कक्षाकोठाकेन्द्रित बनाउन



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

गाउँपालिका स्तरबाटै निरन्तर पुनर्ताजगी तालिम, उत्प्रेरणा जगाउने कार्यक्रम र प्रभावकारी कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको विकास गर्नुपर्ने वर्तमान आवश्यकता रहेको देखिन्छ।

### ४.२.३ उद्देश्य

क) विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,

ख) विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेसागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

ग) शिक्षकलाई प्रविधिमैत्री बनाउँदै निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

### ४.२.४ रणनीतिहरू

क) गाउँपालिकाभित्रका सबै विद्यालयमा विद्यार्थी सङ्ख्या र विषयगत आवश्यकताका आधारमा शिक्षक दरबन्दी पुनर्वितरण तथा मिलान (Teacher Redistribution) गर्ने।

ख) स्वीकृत दरबन्दी अपुग भएका विद्यालयहरूमा गणित, विज्ञान र अङ्ग्रेजी जस्ता अनिवार्य विषयका लागि 'पालिका अनुदान' वा 'स्वयंसेवक शिक्षक' को व्यवस्था गर्ने।

ग) प्रधानाध्यापक र माध्यमिक तहका शिक्षकहरूका लागि नेतृत्व विकास, आधुनिक शिक्षण विधि र शैक्षिक व्यवस्थापनसम्बन्धी सघन तालिम सञ्चालन गर्ने।

घ) प्रत्येक विद्यालयमा सघन र नियमित रूपमा 'विद्यालय सुपरिवेक्षण तथा प्राविधिक सहयोग' (Academic Supervision) का लागि गाउँपालिकास्तरीय विज्ञ टोली वा स्रोत शिक्षक संयन्त्र परिचालन गर्ने।

ङ) शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र नतिजासँग जोडेर वार्षिक कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई वस्तुगत बनाउने।

च) सबै सामुदायिक विद्यालयका शिक्षकहरूका लागि कम्प्युटर, इन्टरनेट र डिजिटल सिकाइ सामग्री (E-learning resources) को प्रयोगसम्बन्धी अनिवार्य आइसिटी (ICT) तालिम सञ्चालन गर्ने।

छ) विद्यालय तहमा हुने शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षकहरूलाई स्थानीय स्तरमै 'शैक्षिक सामग्री निर्माण तथा प्रदर्शन' कार्यशाला आयोजना गर्ने।

ज) राष्ट्रिय शिक्षा नीति र शिक्षक सक्षमताको प्रारूप (Teacher Competency Framework) अनुसार शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि (TPD) कार्यक्रमलाई स्थानीयकरण गरी लागु गर्ने।

झ) विद्यालयमा उत्कृष्ट कार्यसम्पादन गर्ने, प्रविधिको सफल प्रयोग गर्ने र शतप्रतिशत हाजिरी सुनिश्चित गर्ने शिक्षकहरूलाई वार्षिक रूपमा 'उत्कृष्ट शिक्षक पुरस्कार' तथा प्रोत्साहनको व्यवस्था गर्ने।

ञ) शिक्षकहरूबिच अन्तर-विद्यालय अनुभव आदानप्रदान, असल अभ्यासहरूको साटासाट र सामूहिक सिकाइ (Professional Learning Communities) को अवसर सिर्जना गर्ने।

ट) प्रत्येक विद्यालयमा विद्युतीय हाजिरी (E-Attendance) लाई अनिवार्य गर्दै गाउँपालिकाको शिक्षा शाखाबाट त्यसको अनलाइन एकीकृत अनुगमन गर्ने।



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

ठ) प्रारम्भिक बालविकास (ECED) का सहजकर्ता र विद्यालय सहयोगी कर्मचारीहरूको पेसागत क्षमता अभिवृद्धिका लागि विशेष अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

ड) शिक्षकहरूको पेसागत विकासका लागि अनलाइन पोर्टल र खुला तथा दूर शिक्षा (Open and Distance Learning) का माध्यमहरू उपयोग गर्न प्राविधिक सहजीकरण गर्ने।

ढ) गाउँपालिकास्तरीय 'शिक्षक तालिम तथा स्रोत केन्द्र' को स्थापना वा सुदृढीकरण गरी निरन्तर शैक्षिक सहयोगको वातावरण तयार गर्ने।

ण) शिक्षकहरूको सरुवा, काज, र बिदा व्यवस्थापनलाई पारदर्शी, व्यवस्थित र कानुनसम्मत बनाउन 'शिक्षक व्यवस्थापन कार्यविधि' तर्जुमा गरी लागु गर्ने।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः**

विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन हुनेछ, विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेसागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ र शिक्षकलाई निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलापहरू**

**अ) विषयगत र कक्षागत शिक्षक दरबन्दी व्यवस्थापन**

- **विद्यार्थी र शिक्षक अनुपात (STR) को लेखाजोखाः**
  गाउँपालिकाभित्रका सबै विद्यालयहरूको विद्यार्थी सङ्ख्या र विषयगत शिक्षकहरूको वास्तविक अवस्थाको विस्तृत म्यापिङ (Mapping) गर्ने।
- **दरबन्दी मिलान तथा पुनर्वितरणः**
  स्वीकृत दरबन्दी बढी भएका विद्यालयबाट न्यून भएका विद्यालयहरूमा र प्राथमिक तहबाट आवश्यकताअनुसार माथिल्लो तहमा दरबन्दी मिलान गर्ने।
- **पालिका शिक्षण अनुदान र स्वयंसेवक शिक्षक परिचालनः**
  गणित, विज्ञान र अङ्ग्रेजी जस्ता कठिन विषयहरूमा स्थायी दरबन्दी अपुग भएमा गाउँपालिकाको आन्तरिक स्रोतबाट 'पालिका शिक्षक' वा 'स्वयंसेवक शिक्षक' नियुक्त गरी तुरुन्त व्यवस्थापन गर्ने।

**आ)विद्यालय सुपरिवेक्षण, तालिम र पेसागत विकास (TPD)**

- **नियमित र सघन सुपरिवेक्षण संयन्त्रः**
  शिक्षा शाखाका अधिकारीहरू र विज्ञ शिक्षकहरू सम्मिलित 'सघन विद्यालय सुपरिवेक्षण टोली' गठन गरी विद्यालयहरूको प्राविधिक निरीक्षण गर्ने।
- **प्रधानाध्यापक नेतृत्व विकास कार्यक्रमः**
  विद्यालयको शैक्षिक र प्रशासनिक सुधारका लागि प्रधानाध्यापकहरूलाई विद्यालय सुधार योजना (SIP) निर्माण र कार्यान्वयनसम्बन्धी विशेष तालिम दिने।



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

- **पुनर्ताजगी तथा पेसागत सक्षमता तालिमः**
  नयाँ पाठ्यक्रम प्रारूप, बालकेन्द्रित शिक्षण विधि र आधुनिक मूल्याङ्कन पद्धतिमा आधारित रहेर शिक्षकहरूका लागि नियमित क्षमता विकास कार्यशाला सञ्चालन गर्ने।

**इ) प्रविधिमैत्री शिक्षक र निरन्तर सिकाइको सुनिश्चितता**

- अनिवार्य आईसीटी (ICT) साक्षरता तालिमः
  सबै शिक्षकहरूलाई ल्यापटप/कम्प्युटर सञ्चालन, डिजिटल सामग्री निर्माण, र शिक्षणमा मल्टिमिडियाको प्रयोगसम्बन्धी व्यावहारिक तालिम दिने।
- **विद्युतीय हाजिरी र अनलाइन अनुगमनः**
  शिक्षकहरूको नियमितता सुनिश्चित गर्न सबै विद्यालयमा विद्युतीय हाजिरी (E-Attendance) प्रणाली जडान गरी गाउँपालिकाबाट अनलाइन अनुगमन गर्ने।
- **प्रोत्साहन तथा पुरस्कार प्रणालीः**
  शिक्षणमा उत्कृष्ट नवप्रवर्तन (Innovation) गर्ने, प्रविधिको सफल प्रयोग गर्ने र नतिजा सुधार्ने शिक्षकहरूलाई वार्षिक रूपमा पुरस्कृत र सम्मानित गर्ने।

**ग) लक्ष्य निर्धारण (Target Setting)**

आगामी योजना अवधि (३ देखि ५ वर्ष) भित्र शिक्षक व्यवस्थापन र विकासको क्षेत्रमा हासिल गरिने स्पष्ट र परिमाणात्मक लक्ष्यहरूः

| क्र.सं. | सूचक | वर्तमान अवस्था (आधार वर्ष) | आगामी ३/५ वर्षको लक्ष्य |
|---|---|---|---|
| १ | विषयगत शिक्षक दरबन्दी मिलान | आंशिक/अव्यवस्थित | गाउँपालिकाभित्रका १००% विद्यालयमा विद्यार्थी सङ्ख्याका आधारमा विषयगत दरबन्दी मिलान सम्पन्न गर्ने |
| २ | अनिवार्य विषयमा शिक्षक उपलब्धता | केही विद्यालयमा अभाव | अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शतप्रतिशत विद्यालयमा दक्ष शिक्षकको पहुँच सुनिश्चित गर्ने |
| ३ | शिक्षक पेसागत विकास (TPD) तालिम | न्यून/अनियमित | गाउँपालिकाका १००% शिक्षकहरूलाई कम्तीमा वर्षको एक पटक पुनर्ताजगी वा पेसागत दक्षता तालिम प्रदान गर्ने |
| ४ | प्रविधिमैत्री (ICT Trained) शिक्षक | सीमित सङ्ख्यामा | माध्यमिक र आधारभूत तहका कम्तीमा ९०% शिक्षकहरूलाई शिक्षणमा प्रविधि प्रयोग गर्न सक्षम बनाउने |



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| ५ | नियमित विद्यालय सुपरिवेक्षण | आकस्मिक मात्र | प्रत्येक विद्यालयमा वर्षमा न्यूनतम ४ पटक योजनाबद्ध शैक्षिक सुपरिवेक्षण र पृष्ठपोषण प्रदान गर्ने |
| ६ | विद्युतीय हाजिरी र नियमितता | केही विद्यालयमा मात्र | गाउँपालिकाका १००% सामुदायिक विद्यालयमा विद्युतीय हाजिरी लागु गरी शिक्षकको उपस्थिति ९५% भन्दा माथि पुऱ्याउने |
| ७ | उत्कृष्ट शिक्षक प्रोत्साहन | नीतिगत व्यवस्था नभएको | प्रत्येक वर्ष कार्यसम्पादनका आधारमा हरेक वडाबाट कम्तीमा १ जना उत्कृष्ट शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था संस्थागत गर्ने |

## ४.३ समता र समावेशीकरण

### ४.३.१ परिचय

शिक्षा क्षेत्रमा समता र समावेशीकरण विशेष रूपमा महत्त्वपूर्ण छन्। समावेशी शिक्षा प्रणालीले सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दछ। विद्यालयले विद्यार्थीहरूको विविध आवश्यकताअनुसार पाठ्यक्रम, शिक्षण विधि, मूल्याङ्कन र भौतिक वातावरण अनुकूल बनाउँछ। यसले विशेष आवश्यकता भएका, अपाङ्गता भएका, भाषिक वा सांस्कृतिक रूपमा फरक पृष्ठभूमिका तथा वञ्चित समुदायका बालबालिकालाई शिक्षा प्रणालीमा समावेश गर्न मद्दत गर्दछ।

समता र समावेशीकरणको प्रभावकारी कार्यान्वयनले सामाजिक न्याय, समान अवसर, मानव अधिकारको संरक्षण र दिगो विकासलाई प्रवर्द्धन गर्दछ। यसले समाजमा रहेका विभेद र असमानता कम गर्दै सबै नागरिकलाई समान रूपमा सम्मानजनक र सक्रिय जीवन जिउने अवसर प्रदान गर्दछ। त्यसैले, समता र समावेशीकरणलाई नीति, योजना र कार्यक्रमहरूको मुख्य आधारका रूपमा ग्रहण गर्नु आवश्यक हुन्छ।

### ४.३.२ वर्तमान अवस्था

पैयूँ गाउँपालिकाले सबै नागरिकका लागि शिक्षामा समान पहुँच र समतामूलक सहभागिता सुनिश्चित गर्न समावेशी शिक्षाको अवधारणालाई प्राथमिकतामा राखेको छ। गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा आर्थिक रूपमा विपन्न, दलित, जनजाति, अपाङ्गता भएका विद्यार्थी र छात्राहरूका लागि विभिन्न प्रकारका छात्रवृत्ति कार्यक्रमहरू सञ्चालन भइरहेका छन्, जसले विद्यालय भर्ना दर बढाउन सकारात्मक भूमिका खेलेको छ। विद्यालयहरूमा लैङ्गिक समता कायम गर्न छात्राहरूका लागि निःशुल्क स्यानिटरी प्याड वितरण र छुट्टै शौचालयको व्यवस्थापन गर्ने प्रयासहरू भएका छन्। साथै, सामाजिक वा भौगोलिक कारणले विद्यालय शिक्षाको मूलधारबाट टाढा रहेका वा बिचमै अध्ययन छाडेका (Drop-out) बालबालिका एवं युवाहरूलाई लक्षित गरी केही वडाहरूमा अनौपचारिक तथा वैकल्पिक सिकाइका अवसरहरू प्रदान गर्ने कार्यको थालनी भएको छ।



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

यद्यपि शिक्षामा पूर्ण समता र वास्तविक समावेशीकरण संस्थागत गर्ने सन्दर्भमा केही महत्त्वपूर्ण चुनौतीहरू अझै बाँकी छन्। गाउँपालिकाका अधिकांश विद्यालयका भौतिक पूर्वाधारहरू अझै पनि पूर्ण रूपमा अपाङ्गतामैत्री (Accessible/Ramp-fitted) बन्न सकेका छैनन्, जसका कारण फरक क्षमता भएका बालबालिकाहरूको शिक्षामा सहज पहुँच पुग्न सकेको छैन। बौद्धिक वा शारीरिक अपाङ्गता भएका बालबालिकाहरूका लागि विशिष्टीकृत शिक्षण सिकाइ सामग्री, ब्रेल लिपि, वा साङ्केतिक भाषाका शिक्षकहरूको अभाव अझै खट्किएको छ। विपन्न र सीमान्तकृत समुदायका बालबालिकाहरू भर्ना भए पनि गरिबी र चेतनाको कमीका कारण उनीहरूको विद्यालयमा नियमितता र कक्षा टिकाउ दर (Retention Rate) अझै न्यून देखिन्छ। यसका साथै, शिक्षकहरूमा समावेशी शिक्षाको मर्मअनुरूप बहुसांस्कृतिक, बहुभाषिक र विविधतायुक्त कक्षाकोठा व्यवस्थापन गर्ने व्यावहारिक सिपको विकास गर्न आगामी शिक्षा योजनामा थप ठोस र रणनीतिक कार्यक्रमहरू समेट्नुपर्ने आवश्यकता देखिन्छ।

गाउँपालिकाले आर्थिक रूपमा कमजोर तथा वञ्चित समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ। प्रत्येक वर्ष करिब २८० जना छात्रा र ९७ दलित विद्यार्थीले छात्रवृत्ति सुविधा प्राप्त गरेका छन्। त्यसै गरी अपाङ्गता भएका विद्यार्थीहरूको सङ्ख्या करिब २६ जना रहेको छ र उनीहरूका लागि समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ।

यद्यपि केही विद्यालयहरूमा शिक्षक दरबन्दी, स्रोतसाधन तथा पूर्वाधारको असमानता देखिन्छ। विशेष गरी दुर्गम बस्तीका बालबालिकाको नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा डिजिटल स्रोतमा पहुँच अझै चुनौतीपूर्ण रहेको छ।

समग्रमा हेर्दा, पैयूँ गाउँपालिकाले समता र समावेशीकरणलाई संस्थागत गर्न प्रयास गरे पनि सबै समुदाय र समूहसम्म सेवाको समान पहुँच सुनिश्चित गर्न थप तथ्यमा आधारित योजना, लक्षित कार्यक्रम तथा प्रभावकारी अनुगमन आवश्यक देखिन्छ।

### ४.३.३ उद्देश्य

क) शिक्षा तथा सामाजिक सेवामा सबै बालबालिका र समुदायको समान पहुँच सुनिश्चित गर्दै विशेष गरी वञ्चित, सीमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता वृद्धि गर्नु।

ख) जात, लिङ्ग, भाषा, आर्थिक अवस्था, अपाङ्गता तथा भौगोलिक अवस्थाका कारण हुने विभेदलाई न्यूनीकरण गर्दै समावेशी, सुरक्षित र समान अवसरयुक्त वातावरण निर्माण गर्नु।

### ४.३.४ रणनीतिहरू

क) गाउँपालिकाभित्रका विद्यालयबाहिर रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहिचानका लागि नियमित रूपमा घरधुरी सर्वेक्षण तथा म्यापिङ गर्ने।

ख) सबै सामुदायिक विद्यालयका भौतिक पूर्वाधारहरूलाई क्रमशः अपाङ्गतामैत्री (Ramp, विशेष शौचालय र पहुँचयुक्त कक्षाकोठा) बनाउने।

ग) विपन्न, दलित, सीमान्तकृत र अपाङ्गता भएका बालबालिकाहरूका लागि एकीकृत र लक्षित विशेष प्रोत्साहन तथा छात्रवृत्ति प्याकेज लागु गर्ने।

घ) अपाङ्गताका विभिन्न अवस्थाहरू (शारीरिक, बौद्धिक, दृष्टिविहीन, बहिरा) भएका बालबालिकाका लागि गाउँपालिका स्तरमा कम्तीमा एक विशेष वा स्रोत कक्षाको स्थापना र सुदृढीकरण गर्ने।

ङ) साङ्केतिक भाषा, ब्रेल लिपि र विशेष शिक्षासम्बन्धी शिक्षण सिकाइ सामग्री एवं प्रविधिको व्यवस्थापन र आपूर्ति गर्ने।

च) शिक्षकहरूका लागि विविधतायुक्त कक्षाकोठा व्यवस्थापन र समावेशी शिक्षण विधि (Inclusive Pedagogy) सम्बन्धी अनिवार्य तालिम सञ्चालन गर्ने।

छ) विद्यालयहरूमा लैङ्गिक हिंसा, जातजाति, भाषा वा शारीरिक अवस्थाका आधारमा हुने विभेद र बुलिङ (Bullying) विरुद्ध शून्य सहनशीलता (Zero Tolerance) को नीति लागु गर्ने।

ज) विद्यालय स्तरमा छात्राहरूको नियमितता र सुरक्षाका लागि सुरक्षित महिनावारी व्यवस्थापन (स्यानिटरी प्याड, विश्राम कक्ष र पर्याप्त पानीसहितको शौचालय) लाई गुणस्तरीय बनाउने।

झ) सीमान्तकृत र चेतनाको स्तर कम भएका अभिभावकहरूका लागि शिक्षाको महत्त्व र बालअधिकारसम्बन्धी 'अभिभावक शिक्षा तथा सचेतना अभियान' सञ्चालन गर्ने।

ञ) बहुभाषिक बालबालिकाहरूको सिकाइलाई सहज बनाउन प्रारम्भिक कक्षामा मातृभाषामा आधारित वा बहुभाषिक शिक्षण सहयोगी सामग्रीको प्रयोग गर्ने।

ट) अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयसम्म आउन र जानका लागि यातायात खर्च वा स्थानीय स्तरमा 'यातायात तथा साहायकीय भत्ताको व्यवस्था गर्ने।

ठ) विद्यालय व्यवस्थापन समिति (SMC) र शिक्षक अभिभावक सङ्घ (PTA) मा महिला, दलित, अपाङ्गता भएका व्यक्ति र अल्पसङ्ख्यक समुदायको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्ने।

ड) विद्यालयहरूमा मानसिक तथा शारीरिक स्वास्थ्यका लागि नियमित 'स्वास्थ्य परीक्षण, परामर्श (Counseling) र पोषण' कार्यक्रम सञ्चालन गर्ने।

ढ) विद्यालय भर्ना अभियानलाई केवल भर्नामा मात्र सीमित नगरी लक्षित वर्गका बालबालिकाको 'कक्षा टिकाउ दर' (Retention Rate) अनुगमन गर्ने प्रणाली बसाल्ने।

ण) परम्परागत वा सामाजिक संस्कारका कारण विद्यालय आउन नसकेका बालबालिकाहरूका लागि अनौपचारिक वा 'वैकल्पिक सिकाइ केन्द्र' को माध्यमबाट शिक्षाको मूलधारमा जोड्ने।

त) शिक्षामा समतामूलक बजेट विनियोजन (Equity-based Budgeting) को सिद्धान्त अपनाई सबै विद्यालयहरूलाई आवश्यकता र औचित्यका आधारमा थप अनुदान दिने।

थ) विद्यालयहरूलाई सुरक्षित विद्यालय र बालमैत्री विद्यालयको राष्ट्रिय सूचकका आधारमा विकास र प्रमाणीकरण गर्दै लैजाने।

द) गाउँपालिका स्तरमा एक 'समावेशी शिक्षा समन्वय तथा अनुगमन समिति' गठन गरी समताका कार्यक्रमहरूको त्रैमासिक समीक्षा गर्ने।

ध) गैरसरकारी संस्था, नागरिक समाज र स्थानीय सहकारीहरूसँग सहकार्य गरी सीमान्तकृत क्षेत्रका बालबालिकाका लागि अतिरिक्त शैक्षिक सामग्री (पोसाक, झोला, स्टेसनरी) सपोर्ट संयन्त्र बनाउने।



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

न) उत्कृष्ट र उदाहरणीय कार्य गर्ने समावेशी विद्यालय तथा विभेदमुक्त वातावरण निर्माणमा योगदान पुऱ्याउने सरोकारवालाहरूलाई वार्षिक रूपमा पुरस्कृत गर्ने।

### ४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः**

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रूपले कमजोर अपाङ्गता भएका र सहाराविहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलापहरु**

**अ) पहुँच विस्तार र समावेशी पूर्वाधार विकास**

- **अपाङ्गतामैत्री पूर्वाधार निर्माणः**
  गाउँपालिकाका सबै माध्यमिक र आधारभूत विद्यालयहरूमा ह्विलचियर गुडाउन मिल्ने र्‍याम्प ब्रेल सङ्केत र अपाङ्गतामैत्री विशेष शौचालय निर्माण गर्ने।
- **विशेष तथा स्रोत कक्षा स्थापनाः**
  बौद्धिक वा शारीरिक अपाङ्गता भएका बालबालिकाका लागि गाउँपालिका स्तरमा कम्तीमा एक व्यवस्थित विशेष वा स्रोत कक्षा सञ्चालन गरी साङ्केतिक भाषा र ब्रेल लिपिका सामग्री उपलब्ध गराउने।
- **सुरक्षित महिनावारी व्यवस्थापनः**
  छात्राहरूको विद्यालयमा नियमितता बढाउन गुणस्तरीय स्यानिटरी प्याडको निरन्तर आपूर्ति, प्याड विसर्जन गर्ने इन्सिनेरेटर मेसिन र पर्याप्त पानीसहितको छुट्टै शौचालयको व्यवस्था गर्ने।

**आ) लक्षित प्रोत्साहन, छात्रवृत्ति र सचेतना**

- **एकीकृत समतामूलक छात्रवृत्तिः**
  आर्थिक रूपमा विपन्न, दलित, सीमान्तकृत, अनाथ र अपाङ्गता भएका बालबालिकाहरूका लागि पोसाक, स्टेसनरी र झोलासहितको विशेष प्रोत्साहन प्याकेज वितरण गर्ने।
- **अभिभावक शिक्षा तथा घरधुरी सर्वेक्षणः**
  विद्यालयबाहिर रहेका बालबालिकाहरूको पहिचानका लागि नियमित म्यापिङ गर्ने र सीमान्तकृत समुदायका अभिभावकहरूका लागि शिक्षाको महत्त्वसम्बन्धी सचेतना कार्यक्रम चलाउने।
- **यातायात/सहायकीय भत्ताः**
  दुर्गम भूगोलमा बस्ने वा शारीरिक रूपमा विद्यालय आउन कठिन हुने अपाङ्गता भएका बालबालिकाहरूका लागि यातायात खर्च वा सहायकीय भत्ताको व्यवस्था गर्ने।

**इ) विभेदमुक्त वातावरण र क्षमता विकास**

- **समावेशी शिक्षण तालिमः**
  शिक्षकहरूका लागि बहुभाषिक, बहुसांस्कृतिक र विविधतायुक्त कक्षाकोठा व्यवस्थापन



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

गर्ने तथा फरक क्षमता भएका विद्यार्थीलाई पढाउने विशेष तालिम सञ्चालन गर्ने।

- **एन्टी-बुलिङ र परामर्श सेवाः**
  विद्यालयहरूमा जात, लिङ्ग वा शारीरिक अवस्थाका आधारमा हुने विभेद र जिस्क्याउने कार्य रोक्न शून्य सहनशीलता नीति लागु गर्ने र विद्यालयमा मनोसामाजिक परामर्श सेवा दिने।

**ग) लक्ष्य निर्धारण**

आगामी योजना अवधि (३ देखि ५ वर्ष) भित्र शिक्षामा समता र समावेशीकरणको क्षेत्रमा हासिल गरिने स्पष्ट र परिमाणात्मक लक्ष्यहरूः

| क्र.सं. | सूचक | वर्तमान अवस्था (आधार वर्ष) | आगामी ३/५ वर्षको लक्ष्य |
|---|---|---|---|
| १ | अपाङ्गतामैत्री भौतिक पूर्वाधार | हाल न्यून/आंशिक | गाउँपालिकाका १००% माध्यमिक विद्यालयमा र्‍याम्प र विशेष शौचालय निर्माण गर्ने |
| २ | लक्षित छात्रवृत्ति र सहायता पहुँच | परम्परागत/न्यून | पहिचान गरिएका १००% विपन्न, दलित र सीमान्तकृत बालबालिकालाई पूर्ण शैक्षिक प्याकेज दिने |
| ३ | विद्यालयबाहिर रहेका बालबालिका दर | वर्तमान अवस्था | अनिवार्य तथा निःशुल्क शिक्षा ऐन अनुसार विद्यालयबाहिर रहेका बालबालिका दर ०% मा झार्ने |
| ४ | कक्षा टिकाउ दर | हाल कक्षा १०/१२ मा न्यून | सीमान्तकृत र दलित समुदायका विद्यार्थीको कक्षा १२ सम्मको टिकाउ दर ९५% पुऱ्याउने |
| ५ | विशेष/स्रोत कक्षा सञ्चालन | हाल अभाव | गाउँपालिका स्तरमा कम्तीमा १ ओटा सुविधासम्पन्न स्रोत कक्षा स्थापना र सञ्चालन गर्ने |
| ६ | समावेशी शिक्षासम्बन्धी शिक्षक तालिम | सीमित शिक्षक मात्र | गाउँपालिकाका १००% प्रधानाध्यापक र कम्तीमा ७०% शिक्षकलाई समावेशी शिक्षण तालिम दिने |
| ७ | सुरक्षित र लैङ्गिक | आंशिक व्यवस्था | गाउँपालिकाका १००% विद्यालयलाई |

| | | | |
|---|---|---|---|
| | मैत्री वातावरण | | लैङ्गिक हिंसा र विभेदमुक्त सुरक्षित विद्यालय घोषणा गर्ने |

## ४.४ विद्यालय दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रम

### ४.४.१ परिचय

विद्यालय दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रम विद्यालय उमेरका बालबालिकाको समग्र विकास, नियमित उपस्थिति र सिकाइ उपलब्धि सुधार गर्न सञ्चालन गरिने महत्त्वपूर्ण कार्यक्रम हो। यस कार्यक्रमअन्तर्गत विद्यालयमा अध्ययनरत बालबालिकालाई पोषणयुक्त दिवा खाजा उपलब्ध गराउने, स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, व्यक्तिगत तथा वातावरणीय सरसफाइका व्यवहारहरू प्रवर्द्धन गर्ने तथा विद्यालयमा सुरक्षित र स्वच्छ वातावरण निर्माण गर्ने कार्यहरू गरिन्छन्। यसले बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्न, कुपोषण न्यूनीकरण गर्न तथा विद्यालयमा नियमित उपस्थिति र सक्रिय सहभागिता बढाउन महत्त्वपूर्ण योगदान पुर्‍याउँछ। साथै, विद्यालय, अभिभावक र समुदायको सहकार्यमा स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी सकारात्मक व्यवहार विकास गर्न पनि यस कार्यक्रमले सहयोग गर्दछ।

### ४.४.२ वर्तमान अवस्था

पैयूँ गाउँपालिकाले बालबालिकाको विद्यालयमा पहुँच, नियमितता र सर्वाङ्गीण विकासका लागि दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको छ। सरकारको राष्ट्रिय नीतिअनुरूप गाउँपालिकाका सबै सरकारी र सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास (इसिडीदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूका लागि नियमित रूपमा दिवा खाजाको व्यवस्था गरिएको छ। यस कार्यक्रमले विद्यार्थीको विद्यालय भर्ना दर बढाउन र विद्यालय छाड्ने दर घटाउन महत्त्वपूर्ण योगदान पुर्‍याएको छ। साथै गाउँपालिकाले स्थानीय स्वास्थ्य संस्थाहरूसँगको समन्वयमा विद्यालयहरूमा समय-समयमा स्वास्थ्य परीक्षण, जुकाको औषधी वितरण र आइरन चक्की खुवाउने जस्ता आधारभूत स्वास्थ्य सेवाहरू सञ्चालन गरिरहेको छ। सरसफाइतर्फ, छात्राहरूको विद्यालयमा नियमितता सुनिश्चित गर्न गाउँपालिकाद्वारा निःशुल्क स्यानिटरी प्याड वितरण र पर्याप्त पानीसहितको छुट्टै शौचालयको व्यवस्था गर्ने प्रयासहरू भएका छन्।

यद्यपि, यस क्षेत्रमा अझै पनि केही व्यावहारिक र व्यवस्थापकीय चुनौतीहरू विद्यमान छन्। विद्यालयहरूमा उपलब्ध गराइने दिवा खाजाको प्रतिविद्यार्थी रकम सीमित हुनाले सन्तुलित र पोषणयुक्त स्थानीय खाद्यसामग्रीको विविधता कायम गर्न गाह्रो भइरहेको छ। कतिपय विद्यालयमा खाजा व्यवस्थापनका लागि छुट्टै भान्छा कोठा र शुद्ध पिउने पानीको स्थायी पूर्वाधारको अभाव छ। विद्यालयहरूमा नियमित रूपमा प्राथमिक उपचार र मनोसामाजिक परामर्शको प्रबन्ध हुन सकेको छैन। फोहोरमैला र स्यानिटरी प्याड विसर्जन गर्ने इन्सिनेरेटर मेसिनको अभाव धेरैजसो विद्यालयमा देखिन्छ। बालबालिकाहरूमा व्यक्तिगत सरसफाइ र स्वस्थकर खानेपानीको विकास गर्न विद्यालय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता सूचकहरूको पूर्ण पालना गराउन र



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

विद्यालयहरूलाई वास्तविक रूपमा  स्वास्थ्य प्रवर्द्धक विद्यालयका रूपमा विकास गर्न आगामी शिक्षा योजनामा ठोस लगानी र अनुगमनको खाँचो देखिन्छ।

### ४.४.३ उद्देश्यहरू

क) बालबालिकाहरूलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।

ख) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

### ४.४.४ रणनीतिहरू

क) स्थानीय स्तरमा उत्पादित कृषि सामग्री (कोदो, फापर, मकै, गेडागुडी, अण्डा र हरियो तरकारी) मा आधारित साप्ताहिक स्थानीय दिवा खाजा मेनु (Local Menu) तयार गरी अनिवार्य लागु गर्ने।

ख) नेपाल सरकारबाट प्राप्त हुने दिवा खाजा रकममा गाउँपालिकाको आन्तरिक स्रोतबाट आवश्यक 'पूरक बजेट' थप गरी खाजाको गुणात्मक स्तर वृद्धि गर्ने।

ग) प्रत्येक सामुदायिक विद्यालयमा स्वच्छ, सुरक्षित र आधुनिक पूर्वाधारसहितको 'प्रदूषणमुक्त विद्यालय भान्छा कोठा' (School Kitchen) र भण्डारण गृहको व्यवस्था गर्ने।

घ) गाउँपालिकाका स्वास्थ्य संस्थाहरूसँगको समन्वयमा प्रत्येक विद्यालयमा त्रैमासिक रूपमा अनिवार्य 'विद्यार्थी स्वास्थ्य तथा पोषण परीक्षण' (Health Screenings) र स्वास्थ्य प्रोफाइल (Health Card) को व्यवस्था गर्ने।

ङ) विद्यालयहरूमा राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सूचकहरू पूर्ण रूपमा पालना गराई विद्यालयलाई वास प्रमाणित विद्यालय (WASH Certified School) का रूपमा विकास गर्ने।

च) विद्यालयका प्रधानाध्यापक, शिक्षक, भान्से (Cook) र अभिभावकहरूका लागि सुरक्षित खाद्य स्वच्छता (Food Hygiene), सन्तुलित आहार र पोषणसम्बन्धी नियमित अभिमुखीकरण सञ्चालन गर्ने।

छ) सबै विद्यालयमा आकस्मिक स्वास्थ्य उपचारका लागि आवश्यक औषधीसहितको 'प्राथमिक उपचार कक्ष' (First Aid Room) र तोकिएको सम्पर्क शिक्षक (Focal Teacher) को व्यवस्था गर्ने।

ज) छात्राहरूको महिनावारी स्वच्छता व्यवस्थापनका लागि विद्यालयहरूमा स्यानिटरी प्याडको प्याकेज, छुट्टै आराम कक्ष र प्याड व्यवस्थापनका लागि पर्यावरणमैत्री इन्सिनेरेटर (Incinerator) मेसिन जडान गर्ने।

झ) विद्यार्थीहरूमा जङ्क फुड (Junk Food) को प्रयोगलाई पूर्ण रूपमा निषेध गर्दै विद्यालय परिसर र आसपासको क्षेत्रलाई 'जङ्क फुड निषेधित क्षेत्र' घोषणा गर्ने।



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

ञ) बालबालिकाहरूमा व्यावहारिक रूपमै स्वस्थ बानीको विकास गर्न प्रत्येक विद्यालयमा विद्यार्थी नेतृत्वको 'बाल क्लब तथा स्वास्थ्य/सरसफाइ निगरानी समूह' गठन गरी परिचालन गर्ने। गर्ने।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) **उपलब्धिः**

विद्यालयमा अध्ययन गर्न सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा समतामूलक पहुँच तथा सहभागिता भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलापहरू**

**अ) पोषणयुक्त दिवा खाजा र पूर्वाधार व्यवस्थापन**

- **स्थानीय मेनु निर्माण र पूरक बजेटः**
  गाउँपालिकाभित्र पाइने रैथाने कृषि उपज (कोदो, फापर, स्थानीय गेडागुडी, अण्डा आदि) लाई समेटेर साप्ताहिक दिवा खाजा मेनु लागु गर्ने र खाजाको गुणस्तर बढाउन गाउँपालिकाबाट पूरक बजेटको व्यवस्था गर्ने।
- **स्वच्छ भान्छा घर निर्माणः**
  विद्यालयहरूमा खाजा पकाउन र भण्डारण गर्नका लागि सुरक्षित, सफा र धुवाँरहित भान्छा कोठाको पूर्वाधार निर्माण गर्ने।
- भान्सेहरूलाई स्वच्छता तालिमः
  विद्यालयमा खाजा तयार गर्ने कर्मचारीहरूका लागि खाद्य स्वच्छता व्यक्तिगत सरसफाइ र सन्तुलित आहार व्यवस्थापनसम्बन्धी व्यावहारिक तालिम दिने।

**आ)विद्यालय स्वास्थ्य तथा पोषण सेवा**

- नियमित स्वास्थ्य परीक्षण गाउँपालिकाका स्वास्थ्य शाखाहरू र स्थानीय स्वास्थ्य चौकीहरूसँग समन्वय गरी वर्षमा ३ पटक विद्यार्थीहरूको अनिवार्य स्वास्थ्य, दाँत, आँखा र पोषण अवस्था परीक्षण गर्ने।
- **प्राथमिक उपचार र परामर्शः**
  प्रत्येक विद्यालयमा औषधीसहितको प्राथमिक उपचार बक्सको व्यवस्था गर्ने र एक जना शिक्षकलाई स्वास्थ्य सम्पर्क शिक्षकको रूपमा तोकी प्राथमिक उपचार तालिम दिने।
- **जङ्क फूड निषेध अभियानः**
  विद्यालयका क्यान्टिन र विद्यालय आसपासको क्षेत्रमा पत्रु खानाको बिक्री र प्रयोगलाई पूर्ण रूपमा प्रतिबन्ध लगाई स्थानीय र ताजा खाजालाई प्रोत्साहन गर्ने।

इ) **सरसफाइ तथा स्वच्छता कार्यक्रम**

- **थ्री-स्टार सरसफाइ सूचक कार्यान्वयनः**

विद्यालयहरूमा सुरक्षित पिउने पानी, साबुनपानीले हात धुने स्टेसन, र लैङ्गिक मैत्री शौचालयको व्यवस्था गरी वास निर्देशिका लागु गर्ने।

- महिनावारी स्वच्छता व्यवस्थापन छात्राहरूका लागि गुणस्तरीय स्यानिटरी प्याडको निरन्तर आपूर्ति, छुट्टै आराम कक्ष र प्रयोग भइसकेका प्याडहरू विसर्जन गर्ने वातावरणमैत्री इन्सिनेरेटर मेनुअल वा इलेक्ट्रिक मेसिन जडान गर्ने।

### ग) लक्ष्य निर्धारण

आगामी योजना अवधि (३ देखि ५ वर्ष) भित्र विद्यालय दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइको क्षेत्रमा हासिल गरिने परिमाणात्मक र गुणात्मक लक्ष्यहरू:

| क्र. सं. | सूचक | वर्तमान अवस्था (आधार वर्ष) | आगामी ३/५ वर्षको लक्ष्य |
|---|---|---|---|
| १ | स्थानीय मेनुमा आधारित दिवा खाजा | परम्परागत/सामान्य | १००% सामुदायिक विद्यालयमा पोषणयुक्त स्थानीय सामग्रीमा आधारित साप्ताहिक मेनु अनिवार्य लागु गर्ने |
| २ | स्वच्छ र आधुनिक भान्छा कोठा | अधिकांशमा अभाव | माध्यमिक र आधारभूत तहका १००% विद्यालयमा व्यवस्थित र धुवाँरहित भान्छा घर निर्माण गर्ने |
| ३ | नियमित विद्यार्थी स्वास्थ्य परीक्षण | आकस्मिक मात्र | गाउँपालिकाका १००% विद्यार्थीको वार्षिक ३ पटक स्वास्थ्य परीक्षण गरी डिजिटल स्वास्थ्य प्रोफाइल राख्ने |
| ४ | थ्री-स्टार वास प्रमाणीकरण | प्रारम्भिक अवस्था | गाउँपालिकाका कम्तीमा ८०% विद्यालयलाई थ्री-स्टार वा हरित विद्यालयको रूपमा प्रमाणित गर्ने |
| ५ | इन्सिनेरेटरसहितको स्यानिटरी शौचालय | आंशिक व्यवस्था | छात्राहरू अध्ययन गर्ने १००% विद्यालयमा प्याड विसर्जन गर्ने इन्सिनेरेटर मेसिन जडान गर्ने |
| ६ | जङ्क फुडमुक्त विद्यालय | आंशिक प्रयोग | गाउँपालिकाका १००% विद्यालय परिसरलाई पूर्ण रूपमा जङ्क फुड निषेधित क्षेत्र घोषणा र कार्यान्वयन गर्ने |
| ७ | प्राथमिक उपचार र आकस्मिक औषधी | सामान्य अवस्था | १००% विद्यालयमा प्राथमिक उपचार कक्ष र न्यूनतम १ जना तालिमप्राप्त सम्पर्क शिक्षक सुनिश्चित गर्ने |



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

## ४.५ आपतकालीन अवस्थामा शिक्षा

### ४.५.१ परिचय

आपतकालीन अवस्था, जस्तै प्राकृतिक प्रकोप, महामारी, द्वन्द्व वा अन्य सङ्कटका बेला बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्नु अत्यन्त महत्त्वपूर्ण हुन्छ। यस क्रममा विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, अनलाइन वा सामुदायिक आधारमा सिकाइको व्यवस्था गरिनु पर्छ। शिक्षण सामग्री, शिक्षक प्रशिक्षण र विद्यार्थीहरूको पहुँचमा ध्यान दिँदै सबै बालबालिकाले समान अवसर पाउनुपर्छ। आपतकालीन शिक्षाले मात्र बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित गर्दैन, उनीहरूको मानसिक स्वास्थ्य, सुरक्षा र सामाजिक सुरक्षा पनि प्रवर्द्धन गर्छ। यसले दीर्घकालीन विकास र समावेशी समाज निर्माणमा योगदान पुऱ्याउँछ।

### ४.५.२ वर्तमान अवस्था

पैयूँ गाउँपालिका भौगोलिक रूपमा पहाडी भूभागमा अवस्थित रहेकाले मनसुनजन्य विपद् (जस्तैः बाढी, पहिरो) र भूकम्प जस्ता प्राकृतिक प्रकोपहरूको उच्च जोखिममा रहेको छ, जसले समय-समयमा विद्यालयको नियमित पठनपाठन र भौतिक संरचनामा प्रत्यक्ष क्षति पुऱ्याउने गरेको छ। कोभिड-१९ जस्ता महामारी वा आकस्मिक विपद्का समयमा गाउँपालिकाले रेडियो पाठ्यसामग्री, टोल सिकाइ, र अनलाइन माध्यमबाट शिक्षण सिकाइलाई निरन्तरता दिने केही प्रारम्भिक प्रयासहरू गरेको थियो। हाल विद्यालयहरूमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसम्बन्धी सामान्य सचेतनाका कार्यक्रमहरू सञ्चालन हुने गरेका छन् भने नयाँ निर्माण हुने विद्यालय भवनहरूलाई भूकम्पप्रतिरोधी बनाउने नीति लिइएको छ।

यद्यपि आपतकालीन अवस्थामा शिक्षाको निरन्तरता र सुरक्षा सुनिश्चित गर्ने सन्दर्भमा गाउँपालिकामा अझै ठोस पूर्वतयारीको कमी देखिन्छ। गाउँपालिकाका अधिकांश विद्यालयहरूसँग आफ्नै विशिष्टीकृत विद्यालय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (School Disaster Preparedness and Response Plan - SDPRP) छैन। आकस्मिक सङ्कटको समयमा वैकल्पिक सिकाइ (Alternative Learning) लाई तत्काल व्यवस्थापन गर्न आवश्यक पर्ने डिजिटल प्लेटफर्म, एकीकृत ई-लर्निङ सामग्री, र शिक्षकहरूको प्राविधिक तत्परता (Technical Readiness) अझै कमजोर छ। विपद्का बेला सुरक्षित आश्रयस्थल वा वैकल्पिक कक्षाकोठा (Temporary Learning Centers) को पहिचान र व्यवस्थापन गर्ने पूर्वतयारी संरचना अभाव छ। साथै, आपतकालीन अवस्थामा विद्यार्थी र शिक्षकहरूमा पर्न सक्ने मानसिक तनावलाई कम गर्न विद्यालय तहमा मनोसामाजिक परामर्श (Psychosocial Counseling) सेवा र प्राथमिक उपचारको एकीकृत संयन्त्र स्थापना हुन नसकेकाले, आगामी शिक्षा योजनामा सङ्कटकालीन शैक्षिक निरन्तरतालाई एक रणनीतिक प्राथमिकताका रूपमा समेट्नुपर्ने देखिन्छ।

### ४.५.३ उद्देश्य

क) प्राकृतिक प्रकोप, महामारी वा अन्य सङ्कटका बेला पनि सबै बालबालिकाले समान रूपमा निरन्तर शिक्षा प्राप्त गर्न पहुँच र अवसर सुनिश्चित गर्नु



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

ख) आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुऱ्याउनु

### ४.५.४ रणनीतिहरू

क) गाउँपालिकाका सबै सामुदायिक विद्यालयहरूमा अनिवार्य रूपमा विद्यालय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी लागु गर्ने।

ख) बाढी, पहिरो वा अन्य विपद्का कारण विद्यालय भवन क्षति भएमा पठनपाठन सुचारु गर्न गाउँपालिका स्तरमा अस्थायी सिकाइ केन्द्रको सम्भावित स्थान पहिचान र सामग्री भण्डारण गर्ने।

ग) इन्टरनेट र प्रविधिको पहुँच नभएका क्षेत्रका विद्यार्थीका लागि सङ्कटको समयमा प्रयोग गर्ने गरी अफलाइन डिजिटल सामग्री, मुद्रित कार्यपुस्तिका र गृह-सिकाइ प्याकेजको विकास गर्ने।

घ) आपतकालीन अवस्थामा दूर शिक्षा तथा वैकल्पिक शिक्षा सञ्चालनका लागि शिक्षकहरूलाई अनलाइन कक्षा व्यवस्थापन र डिजिटल गेमिफिकेसनसम्बन्धी पूर्वतयारी तालिम प्रदान गर्ने।

ङ) सङ्कटको समयमा विद्यार्थी र शिक्षकहरूमा पर्न सक्ने मानसिक तनाव व्यवस्थापनका लागि विद्यालय तहमा मनोसामाजिक परामर्श र प्राथमिक उपचार सेवालाई एकीकृत गर्ने।

च) गाउँपालिकाभित्रका जोखिमयुक्त भूगोलमा रहेका विद्यालयहरूको भौतिक सुरक्षा र जोखिम म्यापिङ गरी आवश्यकताअनुसार स्थानान्तरण वा प्रबलीकरणको व्यवस्था गर्ने।

छ) विपद्को समयमा सबैभन्दा बढी प्रभावित हुन सक्ने अपाङ्गता भएका, दलित, सीमान्तकृत र छात्राहरूका लागि विशेष सुरक्षा र सिकाइ पहुँचको रणनीति अवलम्बन गर्ने।

ज) राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र रेडक्रस जस्ता संस्थाहरूसँग समन्वय गरी विद्यालयहरूमा नियमित रूपमा विपद् पूर्वतयारी नक्कली अभ्यास सञ्चालन गर्ने।

झ) आकस्मिक सङ्कटका बेला शैक्षिक कार्यक्रमहरूलाई निरन्तरता दिन र बजेटको अभाव हुन नदिन गाउँपालिका स्तरमा एक आकस्मिक शैक्षिक सङ्कटकालीन कोषको स्थापना गर्ने।

ञ) रेडियो, एफएम, स्थानीय केबल टिभी र सामाजिक सञ्जालको माध्यमबाट आपतकालीन अवस्थामा दूर शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय सञ्चार माध्यमहरूसँग साझेदारी गर्ने।

ट) विद्यालय तहमा सुरक्षा र स्वच्छता कायम गर्न विपद्को समयमा पनि सुरक्षित पिउने पानी र अस्थायी सरसफाइ सुविधाहरू तत्काल परिचालन गर्ने संयन्त्र बनाउने।

ठ) आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक सङ्घ र स्थानीय बाल क्लबहरूलाई सङ्कट व्यवस्थापन र सूचना प्रवाहका लागि सक्रिय गराउने।

ड) विपद्को समयमा बालबालिकाहरूमा हुन सक्ने हिंसा, दुर्व्यवहार र बालश्रमको जोखिम न्यूनीकरण गर्न विद्यालय र समुदाय स्तरमा बाल संरक्षण संयन्त्रलाई सुदृढ गर्ने।

ढ) गाउँपालिकाको शिक्षा शाखा र विपद् व्यवस्थापन शाखाबिच नियमित समन्वय कायम गरी विपद् व्यवस्थापन योजनामा शिक्षाको एजेन्डालाई प्राथमिकताका साथ समावेश गर्ने।

ण) सङ्कट समाधान भई विद्यालयहरू पुनः सञ्चालनमा आउँदा विद्यालय छोड्ने जोखिममा रहेका विद्यार्थी पहिचान गरी उनीहरूलाई विद्यालय फर्काउन विशेष ब्याक टु स्कुल अभियान सञ्चालन गर्ने।

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः**

आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुगेको हुनेछ।

**ख) प्रमुख क्रियाकलापहरु**

**अ) वैकल्पिक सिकाइ र प्राविधिक तत्परता**

- **अफलाइन र मुद्रित सिकाइ प्याकेजः**
  इन्टरनेट नभएका वा सञ्चार विच्छेद भएका बेला घरमै बसेर पढ्न मिल्ने गरी स्वाध्ययन सामग्री (Self-learning Materials) र कार्यपुस्तिका (Workbooks) को सङ्कटकालीन भण्डारण (Stockpiling) गर्ने।
- **शिक्षक डिजिटल सक्षमता तालिमः**
  महामारी वा बन्दाबन्दी (Lockdown) को समयमा अनलोड गरिएका डिजिटल प्लेटफर्म, अनलाइन कक्षा र ई-लर्निङ सामग्री प्रयोग गरी दूर शिक्षा पढाउन शिक्षकहरूलाई पूर्वतयारी तालिम दिने।
- **सञ्चार माध्यमसँग साझेदारीः**
  स्थानीय रेडियो, एफएम र केबल नेटवर्कसँग पूर्व-सम्झौता गरी आपतकालीन अवस्थामा रेडियो कक्षा वा शैक्षिक चेतनामूलक कार्यक्रमहरू प्रसारण गर्ने संरचना तयार गर्ने।

**आ)सुरक्षा, मानसिक स्वास्थ्य र संरक्षण**

- **मनोसामाजिक परामर्श (Psychosocial Counseling):**
  सङ्कटको समयमा डर, त्रास वा मानसिक तनावमा परेका विद्यार्थी र शिक्षकहरूका लागि विद्यालयमै मनोसामाजिक प्राथमिक उपचार (PFA) र परामर्श सेवा प्रदान गर्ने।
- **अस्थायी सिकाइ केन्द्र (TLC) व्यवस्थापनः**
  प्राकृतिक प्रकोपका कारण विद्यालय भवन पूर्ण क्षति भएमा पाल वा स्थानीय उपलब्ध सामग्री प्रयोग गरी तुरुन्त अस्थायी कक्षाकोठा र सङ्कटकालीन खानेपानी तथा सरसफाइ (WASH in Emergencies) को प्रबन्ध गर्ने।
- **आकस्मिक शैक्षिक कोष (Emergency Education Fund):**
  गाउँपालिका स्तरमा विपद्को समयमा शैक्षिक सामग्री वितरण र अस्थायी व्यवस्थापनका लागि एक छुट्टै 'आकस्मिक शैक्षिक सङ्कटकालीन कोष' स्थापना गर्ने।



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

### ग) लक्ष्य निर्धारण (Target Setting)

आगामी योजना अवधि (३ देखि ५ वर्ष) भित्र आपतकालीन शिक्षाको क्षेत्रमा हासिल गरिने स्पष्ट र परिमाणात्मक लक्ष्यहरू:

| क्र.सं. | सूचक | वर्तमान अवस्था (आधार वर्ष) | आगामी ३/५ वर्षको लक्ष्य |
|---|---|---|---|
| १ | विद्यालय विपद् योजना (SDPRP) | हाल स्वीकृत नभएको | गाउँपालिकाका १००% सामुदायिक विद्यालयमा अद्यावधिक विपद् पूर्वतयारी योजना लागु गर्ने |
| २ | विपद् पूर्वतयारी नक्कली अभ्यास (Mock Drill) | अनियमित/न्यून | १००% विद्यालयमा शैक्षिक सत्रमा कम्तीमा २ पटक भूकम्प/आगलागी प्रतिकार्य अभ्यास गर्ने |
| ३ | सङ्कटकालीन वैकल्पिक सिकाइ पहुँच | कोभिड-१९ पछि सुस्त | आपतकालीन अवस्थामा कम्तीमा ९५% विद्यार्थीलाई वैकल्पिक वा दूर शिक्षाको पहुँचमा ल्याउने |
| ४ | दूर शिक्षासम्बन्धी शिक्षक तालिम | सीमित क्षमता | गाउँपालिकाका १००% माध्यमिक र आधारभूत तहका शिक्षकलाई दूर शिक्षा र अनलाइन शिक्षणसम्बन्धी तालिम दिने |
| ५ | मनोसामाजिक परामर्श सेवा पहुँच | हाल उपलब्ध नभएको | प्रत्येक विद्यालयमा कम्तीमा १ जना शिक्षकलाई मनोसामाजिक प्राथमिक उपचार (PFA) को तालिम दिई सेवा सुनिश्चित गर्ने |
| ६ | अस्थायी सिकाइ केन्द्र (TLC) पूर्वतयारी | सामग्री भण्डारण नभएको | गाउँपालिका स्तरमा कम्तीमा ५ ओटा विद्यालयलाई तुरुन्त चलाउन पुग्ने अस्थायी सिकाइ सामग्री भण्डारण (Buffer Stock) गर्ने |
| ७ | आपतकालीन शैक्षिक कोष स्थापना | हाल नभएको | गाउँपालिकामा एक स्थायी 'आकस्मिक शैक्षिक सङ्कटकालीन कोष' को स्थापना र कार्यविधि निर्माण गर्ने |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालयमा बालबालिकाले सुरक्षित र गुणस्तरीय शिक्षा प्राप्त गर्न भौतिक पूर्वाधार अत्यन्त महत्त्वपूर्ण हुन्छ। शिक्षा नियमावली २०५९ अनुसार, प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षामा प्रतिविद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रतिविद्यार्थी १.००

वर्ग मिटर क्षेत्रफल तोकिएको छ। यसले प्रत्येक विद्यार्थीले पर्याप्त स्थानमा पठनपाठन गर्न सक्ने वातावरण सुनिश्चित गर्छ। विद्यालयका आधारभूत भौतिक पूर्वाधारमा सुरक्षित विद्यालय भवन, पढ्नका लागि कक्षाकोठा, खेलकुदका लागि खेलमैदान, शौचालय, स्वच्छ पानी, सफाइ र पुस्तकालय/बुक कर्नर जस्ता सुविधा समावेश हुन्छन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयलाई बालमैत्री, सुरक्षित, हरित र विपद् जोखिममुक्त बनाउन भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी र पुस्तकालय जस्ता सम्पूर्ण पूर्वाधार विकास गर्ने नीतिगत व्यवस्थापन गरेको छ। यी पूर्वाधारले मात्र शिक्षामा पहुँच सुनिश्चित गरी बालबालिकाको सिकाइ अनुभव, स्वास्थ्य र समग्र विकासमा पनि योगदान पुऱ्याउँछ।

### ४.६.२ वर्तमान अवस्था

पैयूँ गाउँपालिकामा बालबालिकाको सुरक्षित र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न विद्यालय भौतिक पूर्वाधार विकासमा लगातार प्रयास भइरहेका छन्। गाउँपालिकाभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयमा कक्षाकोठा, खेलमैदान, शौचालय, पिउने पानी, फर्निचर, पुस्तकालय/बुक कर्नर लगायतका आधारभूत संरचना उपलब्ध छन्। प्रारम्भिक बालविकास तथा आधारभूत तहका कक्षामा प्रतिविद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रतिविद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल सुनिश्चित गरिएको छ।

गाउँपालिकाले विद्यालय भवन र अन्य पूर्वाधारलाई सुरक्षित, बालमैत्री तथा हरित विद्यालयको रूपमा विकास गर्ने नीतिअनुसार काम गर्दै आएको छ। केही विद्यालयमा भवन विस्तार, खेलमैदान सुधार र शौचालय/स्वच्छता सुविधा सुधार गर्न आवश्यक देखिन्छ। यद्यपि, सबै विद्यालयमा विपद् प्रतिरोधी पूर्वाधार निर्माण, पर्याप्त खेल क्षेत्र र पुस्तकालय सुविधा सुनिश्चित गर्न थप प्रयास जारी छ।

समग्रमा, पैयूँ गाउँपालिकाले विद्यालय भौतिक पूर्वाधारको विकासमा ठोस कदम चाल्दै आएको भए पनि विद्यालयहरूको भौतिक वातावरण सुधार, समावेशी पहुँच र विपद् जोखिम न्यूनीकरणमा अझै योजना र स्रोतको आवश्यकता देखिन्छ।

### ४.६.३ उद्देश्य

क) सबै विद्यालयमा बालबालिकाको सिकाइ, स्वास्थ्य र खेलकुदका लागि पर्याप्त, सुरक्षित र समावेशी भौतिक पूर्वाधार सुनिश्चित गर्नु

ख) विद्यालय भवन र अन्य पूर्वाधारलाई बालमैत्री, हरित र विपद् जोखिममुक्त बनाउँदै दीर्घकालीन टिकाउ विकास प्रवर्द्धन गर्नु

### ४.६.४ रणनीतिहरू

क) गाउँपालिकाभित्रका सबै सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधारको अवस्था र सुधारको आवश्यकता पहिचान गर्न 'भौतिक पूर्वाधार अडिट तथा म्यापिङ' गर्ने।

ख) नयाँ निर्माण हुने सबै विद्यालयका भवनहरू राष्ट्रिय भवन संहिता (National Building Code) अनुसार अनिवार्य रूपमा भूकम्प प्रतिरोधी र सुरक्षित बनाउने।



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

ग) अपाङ्गता भएका बालबालिकाहरूको सहज पहुँचका लागि सबै विद्यालयहरूमा र्‍याम्प (Ramp), विशेष सङ्केत र सुरक्षित शौचालयसहितको 'अपाङ्गतामैत्री पूर्वाधार' निर्माण गर्ने।

घ) विद्यार्थीहरूको सङ्ख्याका आधारमा कक्षाकोठामा बस्ने उचित व्यवस्था (फर्निचर), पर्याप्त उज्यालो र हावा आवतजावत हुने बालमैत्री कक्षाकोठाको मापदण्ड लागु गर्ने।

ङ) प्रत्येक विद्यालयमा छात्र र छात्राहरूका लागि पर्याप्त पानी र सरसफाइको सुविधासहितको 'छुट्टै लैङ्गिक मैत्री शौचालय' को व्यवस्था सुनिश्चित गर्ने।

च) सबै विद्यालयमा सुरक्षित, शुद्ध र नियमित पिउने पानीको सुनिश्चितताका लागि वाटर फिल्टर वा प्युरिफिकेसन प्रणाली जडान गर्ने।

छ) बालबालिकाको शारीरिक विकासका लागि प्रत्येक विद्यालयमा खेलमैदानको व्यवस्था गर्ने र उपलब्ध नभएका ठाउँमा 'भर्टिकल वा इन्डोर' खेलकुद पूर्वाधार निर्माण गर्ने।

ज) भूगोल र विद्यार्थी सङ्ख्याअनुसार प्रत्येक विद्यालयमा भलिबल, ब्याडमिन्टन, टेबलटेनिस लगायतका खेलकुद सामग्री र खेलकुद कुना (Sports Corner) को व्यवस्था गर्ने।

झ) विद्यालय क्षेत्रलाई हरियाली, पर्यावरणमैत्री र सुन्दर बनाउन अनिवार्य रूपमा वृक्षरोपण र 'विद्यालय बगैँचा' (School Garden) को अवधारणा लागु गर्ने।

ञ) विद्यालयहरूमा नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्न वैकल्पिक ऊर्जा (जस्तैः सौर्य ऊर्जा/Solar Power) जडान गरी उज्यालो र प्रविधिको निरन्तरता सुनिश्चित गर्ने।

ट) विद्यालय भवनका छानाहरूमा वर्षातको पानी सङ्कलन (Rainwater Harvesting) गरी सरसफाइ र बगैँचामा उपयोग गर्ने प्रणालीको विकास गर्ने।

ठ) विद्यालय परिसरभित्र प्लास्टिकजन्य सामग्रीको प्रयोगलाई निषेध गर्दै प्लास्टिकमुक्त विद्यालयको नीति कडाइका साथ लागु गर्ने।

ड) पुरानो र जीर्ण अवस्थामा रहेका विद्यालय भवनहरूको प्राविधिक जाँच गरी क्रमशः प्रबलीकरण (Retrofitting) वा पुनर्निर्माणको व्यवस्था गर्ने।

ढ) विद्यालयहरूमा सुख्खा मौसममा हुन सक्ने आगलागीको जोखिम न्यूनीकरणका लागि अनिवार्य रूपमा 'अग्नि नियन्त्रक उपकरण' (Fire Extinguisher) जडान गर्ने।

ण) चट्याङको उच्च जोखिम रहेका पहाडी क्षेत्रका विद्यालयहरूमा भवन र बालबालिकाको सुरक्षाका लागि 'लाइटनिङ एरेस्टर' (Lightning Arrester) जडान गर्ने।

त) विद्यालयहरूमा फोहोरमैला व्यवस्थापनका लागि 'कुहिने र नकुहिने फोहोर' छुट्टाछुट्टै सङ्कलन गर्ने डस्टबिन र कम्पोस्ट खाडलको व्यवस्था गर्ने।

थ) राष्ट्रिय बालमैत्री विद्यालय प्रारूप (Child-Friendly School Framework) का भौतिक सूचकहरूका आधारमा विद्यालयहरूको वर्गीकरण र सुदृढीकरण गर्ने।

द) गाउँपालिकाको शिक्षा बजेटको निश्चित हिस्सा भौगोलिक रूपमा विकट र पूर्वाधार कमजोर भएका विद्यालयहरूको भौतिक सुधारका लागि 'समपूरक अनुदान' का रूपमा छुट्याउने।



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

ध) विद्यालयको भौतिक सम्पत्ति, खेलमैदान र भवनहरूको दीर्घकालीन संरक्षण तथा मर्मतसम्भारका लागि एक 'स्थायी विद्यालय मर्मतसम्भार कोष' (School Maintenance Fund) को स्थापना गर्ने।

न) पूर्वाधार निर्माण र मर्मतसम्भार कार्यमा स्थानीय समुदाय, विद्यालय व्यवस्थापन समिति र अभिभावकहरूको श्रमदान तथा प्रत्यक्ष निगरानी (Social Audit) लाई प्रोत्साहन गर्ने।

**४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरू र लक्ष्य**

क) **उपलब्धिः**

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलापहरू**

**अ) सुरक्षित, समावेशी र खेलकुद पूर्वाधार विकास**

- **भौतिक पूर्वाधार अडिट र गुरुयोजनाः**
  गाउँपालिकाभित्रका सबै विद्यालयहरूको भवन, कक्षाकोठा, खेलमैदान र शौचालयको वर्तमान अवस्था जाँच गर्न 'भौतिक पूर्वाधार अडिट' गरी प्राथमिकताका आधारमा सुधार गुरुयोजना बनाउने।
- **अपाङ्गतामैत्री र लैङ्गिक मैत्री पूर्वाधारः**
  सबै विद्यालयमा ह्विलचियर गुड्ने र्‍याम्प (Ramp) निर्माण गर्ने तथा छात्र र छात्राहरूका लागि पर्याप्त पानी र सरसफाइको सुविधासहितको 'छुट्टै शौचालय' को व्यवस्था गर्ने।
- **खेलकुद पूर्वाधार र मैदान व्यवस्थापनः**
  उपलब्ध जमिनको संरक्षण गरी खेलमैदानको निर्माण/मर्मत गर्ने र इन्डोर तथा आउटडोर खेलकुदका लागि आवश्यक सामग्रीसहितको 'खेलकुद कुना' (Sports Corner) स्थापना गर्ने।
- **कक्षाकोठा सुदृढीकरण र फर्निचर व्यवस्थापनः**
  विद्यार्थी सङ्ख्याअनुसार पर्याप्त उज्यालो, हावा आवतजावत हुने र उमेर अनुकूलका बालमैत्री डेस्क-बेन्च एवं फर्निचरको व्यवस्था गर्ने।

**आ) बालमैत्री, हरित र विपद् जोखिममुक्त विद्यालय**

- **भूकम्प प्रतिरोधी निर्माण र प्रबलीकरणः**
  नयाँ बन्ने विद्यालय भवनहरू राष्ट्रिय भवन संहिताअनुसार अनिवार्य भूकम्प प्रतिरोधी बनाउने र जीर्ण भवनहरूको प्राविधिक जाँच गरी प्रबलीकरण (Retrofitting) गर्ने।
- **हरित विद्यालय (Green School) अभियानः**
  विद्यालय परिसरमा अनिवार्य वृक्षरोपण, विद्यालय बगैंचा (School Garden) को विकास र प्लास्टिकजन्य सामग्रीको प्रयोगलाई पूर्ण निषेध गर्ने।
- **चट्याङ र आगलागी नियन्त्रण उपकरण जडानः**



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

उच्च पहाडी भेगका विद्यालयहरूमा चट्याङबाट बचाउन 'लाइटनिङ एरेस्टर' (Lightning Arrester) र आगलागीको जोखिम न्यूनीकरणका लागि 'अग्नि नियन्त्रक उपकरण' (Fire Extinguisher) जडान गर्ने।

- **वैकल्पिक ऊर्जा र पानी सङ्कलनः**

  विद्यालयहरूमा निरन्तर बिजुली र प्रविधिको प्रयोगका लागि सौर्य ऊर्जा (Solar Power) जडान गर्ने र सरसफाइका लागि वर्षातको पानी सङ्कलन (Rainwater Harvesting) प्रणाली स्थापना गर्ने।

**ग) लक्ष्य निर्धारण (Target Setting)**

आगामी योजना अवधि (३ देखि ५ वर्ष) भित्र विद्यालय भौतिक पूर्वाधार विकासको क्षेत्रमा हासिल गरिने स्पष्ट र परिमाणात्मक लक्ष्यहरूः

| क्र.सं. | सूचक | वर्तमान अवस्था (आधार वर्ष) | आगामी ३/५ वर्षको लक्ष्य |
|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी र सुरक्षित भवन | आंशिक रूपमा सुरक्षित | गाउँपालिकाका १००% विद्यालयका भवनहरू सुरक्षित र विपद् प्रतिरोधी बनाउने |
| २ | अपाङ्गतामैत्री पहुँच (Ramp र शौचालय) | हाल न्यून सङ्ख्यामा | गाउँपालिकाका १००% माध्यमिक र आधारभूत विद्यालयमा र्‍याम्प र विशेष शौचालय सुनिश्चित गर्ने |
| ३ | लैङ्गिक मैत्री शौचालय र शुद्ध पिउने पानी | आंशिक व्यवस्था | छात्र र छात्राका लागि १००% छुट्टाछुट्टै शौचालय र शुद्ध पिउने पानी (Water Filter) को पहुँच पुऱ्याउने |
| ४ | खेलमैदान र खेलकुद सामग्री पहुँच | केहीमा खेलमैदान अभाव | गाउँपालिकाका १००% विद्यालयमा व्यवस्थित खेल मैदान वा इन्डोर खेलकुद पूर्वाधार र पर्याप्त खेल सामग्री पुऱ्याउने |
| ५ | हरित र प्लास्टिकमुक्त विद्यालय | प्रारम्भिक अवस्था | गाउँपालिकाका १००% विद्यालयलाई 'हरित तथा प्लास्टिकमुक्त विद्यालय' को रूपमा विकास गर्ने |
| ६ | चट्याङ र अग्नि सुरक्षा प्रणाली | अधिकांशमा अभाव | जोखिमयुक्त क्षेत्रका १००% विद्यालयहरूमा लाइटनिङ एरेस्टर र अग्नि नियन्त्रक उपकरण जडान गर्ने |
| ७ | दीर्घकालीन मर्मतसम्भार कोष | हाल व्यवस्थित नभएको | विद्यालयको भौतिक सम्पत्ति संरक्षणका लागि १००% विद्यालयमा 'स्थानीय विद्यालय मर्मतसम्भार कोष' स्थापना गर्ने |

## ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबिच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ। नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ। त्यसै गरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ।

सूचना तथा सञ्चार प्रविधि (ICT) विद्यालय शिक्षामा सिकाइ प्रक्रियालाई थप प्रभावकारी, सहभागी र आधुनिक बनाउन प्रयोग गरिन्छ। ICT मार्फत् शिक्षकहरूले बहु-माध्यमिक सामग्री, अनलाइन स्रोत, डिजिटल कक्षाकोठा र शिक्षण सफ्टवेयरको प्रयोग गरी पाठ्यक्रमअनुसार सिकाइ अनुभव समृद्ध बनाउन सक्छन्। विद्यार्थीहरूलाई खोज, अनुसन्धान, प्रोजेक्ट कार्य र संवादात्मक सिकाइमा सहभागी गराउने ICT ले सिकाइलाई सक्रिय र रचनात्मक बनाउँछ। विद्यालय शिक्षामा ICT को प्रयोगले शिक्षणसिकाइलाई विद्यार्थीकेन्द्रित बनाउँछ, सूचना पहुँच सजिलो बनाउँछ, सहकार्य र सञ्चार प्रवर्द्धन गर्छ र डिजिटल सिप विकासमा सहयोग पुऱ्याउँछ। यसले ज्ञान प्राप्तिमा सहजता ल्याउने मात्र होइन, भविष्यका दक्ष र सृजनशील नागरिक तयार पार्नमा पनि महत्त्वपूर्ण योगदान दिन्छ।

### ४.७.२ वर्तमान अवस्था

पैयूँ गाउँपालिकाले एक्काइसौं शताब्दीको आधुनिक शिक्षण सिकाइ अनुकूल शिक्षा प्रणालीलाई रूपान्तरण गर्न विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोगलाई क्रमशः अगाडि बढाउँदै लगेको छ। सङ्घीय सरकार र गाउँपालिकाको साझेदारीमा हालसम्म केही प्रमुख माध्यमिक र आधारभूत विद्यालयहरूमा 'आइसिटी ल्याब' (ICT Lab) को स्थापना गरिएको छ भने विद्यालयको दैनिक प्रशासनिक काम र तथ्याङ्क व्यवस्थापनका लागि कम्प्युटर तथा प्रिन्टरको व्यवस्था मिलाइएको छ। गाउँपालिकाका अधिकांश विद्यालयहरूले नेपाल सरकारको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मार्फत् विद्यार्थी र शिक्षकको अभिलेख अनलाइन प्रविष्टि गर्ने अभ्यास गरिरहेका छन्। साथै, इन्टरनेट पहुँच पुगेका केही विद्यालयहरूमा शिक्षण सिकाइलाई

रोचक बनाउन बहुमाध्यम (Multimedia Projector) को प्रयोग गरी सिकाउने प्रारम्भिक प्रयासहरू सुरु भएका छन्।

यद्यपि विद्यालय शिक्षामा आइसिटीको पूर्ण र प्रभावकारी उपयोग गर्ने सन्दर्भमा केही आधारभूत र प्राविधिक चुनौतीहरू अझै कायमै छन्। गाउँपालिकाका दुर्गम र ग्रामीण भेगमा रहेका कतिपय विद्यालयहरूमा अझै पनि तीव्र गतिको भरपर्दो इन्टरनेट र निरन्तर विद्युत् आपूर्तिको ठुलो समस्या रहेको छ, जसका कारण स्थापित आइसिटी ल्याबहरू समेत पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन्। विद्यालयहरूमा आइसिटी सामग्री त उपलब्ध छन्, तर ती सामग्रीलाई कक्षाकोठाको पाठ्यक्रमसँग जोडेर (ICT Integrated Pedagogy) पढाउन सक्ने दक्ष र प्रविधिमैत्री शिक्षकहरूको सङ्ख्या निकै न्यून छ। धेरैजसो शिक्षकहरूमा अझै पनि परम्परागत सामग्रीका भरमा पढाउने शैली हाबी छ। यसका साथै विद्यालयहरूमा कम्प्युटर बिग्रेको खण्डमा तत्काल मर्मतसम्भार (Maintenance) गर्ने प्राविधिक जनशक्तिको अभाव र सफ्टवेयर वा डिजिटल शैक्षिक सामग्री (E-Learning Contents) को सीमित उपलब्धताका कारण गाउँपालिका स्तरबाटै एकीकृत आइसिटी कार्यविधि र डिजिटल साक्षरता अभियान सञ्चालन गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ।

### ४.७.३ उद्देश्य

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित गरी शिक्षक र विद्यार्थीको सिकाइ अनुभव प्रभावकारी बनाउनु

ख) ICT को प्रयोगमार्फत् डिजिटल क्षमता, अनुसन्धान, सहकार्य र रचनात्मक सोच विकास गर्दै गुणस्तरीय र समावेशी शिक्षा प्रवर्द्धन गर्नु।

### ४.७.४ रणनीतिहरू

क) गाउँपालिकाका सबै माध्यमिक र आधारभूत विद्यालयहरूमा उच्च गतिको ब्रोडब्यान्ड इन्टरनेटको पहुँच सुनिश्चित गर्ने।

ख) सबै सामुदायिक विद्यालयहरूमा आवश्यकता र विद्यार्थी सङ्ख्याका आधारमा आधुनिक आईसिटी ल्याव र स्मार्ट कक्षाकोठाको स्थापना गर्ने।

ग) कक्षाकोठामा प्रविधिको नियमित प्रयोगका लागि प्रत्येक विद्यालयमा बहुमाध्यम वा इन्टरएक्टिभ डिजिटल बोर्डको व्यवस्था गर्ने।

घ) सबै शिक्षकहरूका लागि पाठ्यक्रम र शिक्षण विधिलाई प्रविधिसँग जोड्नेसम्बन्धी अनिवार्य र चरणबद्ध प्रयोगात्मक तालिम सञ्चालन गर्ने।

ङ) नेपाल सरकारको पाठ्यक्रममा आधारित डिजिटल शैक्षिक सामग्री, ई-पुस्तकालय र खुला शैक्षिक स्रोतहरूको उपयोगलाई प्रोत्साहन गर्ने।

च) ग्रामीण र विद्युतको पहुँच कमजोर भएका क्षेत्रका विद्यालयहरूमा आइसिटी उपकरणहरूको निरन्तर सञ्चालनका लागि सौर्य ऊर्जाको व्यवस्था गर्ने।

छ) विद्यार्थीहरूमा रचनात्मक सोच, कोडिङ र अनुसन्धानात्मक क्षमता विकास गर्न विद्यालय तहमा आइसिटी नवप्रवर्तन क्लब गठन गर्ने।



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

ज) विद्यालयको शैक्षिक तथा प्रशासनिक अभिलेखलाई पारदर्शी र व्यवस्थित बनाउन एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको पूर्ण र सुरक्षित उपयोग सुनिश्चित गर्ने।

झ) विद्यालयका कम्प्युटर तथा प्राविधिक उपकरणहरूको तत्काल मर्मतसम्भार र प्राविधिक सहयोगका लागि गाउँपालिका स्तरमा एक आइसिटी द्रुत सेवा टोली वा प्राविधिकको व्यवस्था गर्ने।

ञ) सुरक्षित डिजिटल वातावरण निर्माणका लागि विद्यार्थी र शिक्षकहरूमा साइबर सुरक्षा र डिजिटल शिष्टाचारसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने।

ट) शिक्षक र विद्यार्थीहरूबिच शैक्षिक सामग्री साटासाट, गृहकार्य व्यवस्थापन र प्राज्ञिक सहकार्यका लागि अनलाइन सिकाइ व्यवस्थापन प्रणालीको विकास र प्रयोग गर्ने।

ठ) गाउँपालिकाभित्रका प्रविधिमा उत्कृष्ट कार्य गर्ने विद्यालय र प्रविधिमैत्री शिक्षकलाई पहिचान गरी वार्षिक रूपमा पुरस्कृत तथा रोल मोडलको रूपमा प्रस्तुत गर्ने।

ड) कम्प्युटर र प्रविधिको पहुँचबाट वञ्चित रहेका विपन्न तथा अपाङ्गता भएका बालबालिकाहरूका लागि आइसिटी ल्याबमा विशेष पहुँच र सहायकीय सफ्टवेयरहरूको व्यवस्था गर्ने।

ढ) विद्यालयहरूमा सञ्चार र सूचना प्रविधिको दीर्घकालीन विकासका लागि निजी क्षेत्र, दूरसञ्चार सेवा प्रदायक र गैरसरकारी संस्थाहरूसँग सार्वजनिक-निजी साझेदारी मोडेलमा सहकार्य गर्ने।

ण) गाउँपालिका स्तरमा विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगलाई व्यवस्थित र दिगो बनाउन एक व्यावहारिक स्थानीय आइसिटी शिक्षा कार्यविधितर्जुमा गरी लागु गर्ने।

### ४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रवर्द्धन हुनेछ।

**ख) प्रमुख क्रियाकलापहरू**

**अ) आइसिटी पूर्वाधार र इन्टरनेट पहुँच विस्तार**

- **उच्च गतिको ब्रोडब्यान्ड इन्टरनेट जडानः**
  गाउँपालिकाभित्रका सबै माध्यमिक र आधारभूत विद्यालयहरूमा शिक्षण सिकाइ र प्रशासनिक प्रयोजनका लागि तीव्र गतिको इन्टरनेट विस्तार गर्ने।
- **आधुनिक आइसिटी ल्याब (ICT Lab) स्थापनाः**
  विद्यार्थी सङ्ख्याका आधारमा पर्याप्त कम्प्युटर, पावर ब्याकअप (सोलर वा यूपीएस) र नेटवर्किङ्सहितको व्यवस्थित कम्प्युटर ल्याब निर्माण गर्ने।
- **स्मार्ट क्लासरुम र मल्टिमिडिया व्यवस्थापनः**
  कक्षाकोठामा प्रविधिको प्रत्यक्ष प्रयोगका लागि मल्टिमिडिया प्रोजेक्टर (Multimedia Projector) वा इन्टरएक्टिभ स्मार्ट बोर्ड (Interactive Smart Board) जडान गर्ने।



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

आ) **डिजिटल क्षमता विकास र प्रविधिमैत्री शिक्षण (Pedagogy)**

- **शिक्षक आइसिटी सक्षमता तालिमः**
  सबै शिक्षकहरूलाई कम्प्युटर सञ्चालन, अनलाइन अनुसन्धान, र पाठ्यक्रमलाई प्रविधिसँग जोडेर पढाउने (ICT Integrated Teaching) व्यावहारिक तालिम दिने।
- **ई-लाइब्रेरी (E-Library) र डिजिटल सामग्री उपयोगः**
  नेपाल सरकारको शैक्षिक सामग्री केन्द्र, खुला शैक्षिक स्रोत (OER) र विभिन्न डिजिटल सिकाइ ड्यासबोर्डहरूलाई विद्यालयको सिकाइमा अनिवार्य रूपमा जोड्ने।
- **सिकाइ व्यवस्थापन प्रणाली (LMS) कार्यान्वयनः**
  गृहकार्य, अनलाइन परीक्षा र अतिरिक्त पाठ्यसामग्री व्यवस्थापनका लागि विद्यालय तहमा डिजिटल सिकाइ सफ्टवेयर वा एलएमएस (LMS) प्रयोगमा ल्याउने।

इ) **प्राविधिक दिगोपन र सुरक्षित डिजिटल वातावरण**

- **आइसिटी मर्मतसम्भार र प्राविधिक सहयोगः**
  विद्यालयका आइसिटी उपकरणहरू बिग्रँदा तत्काल मर्मत गर्न गाउँपालिका स्तरमा 'प्राविधिक सहयोग संयन्त्र' (Technical Support Cell) को व्यवस्था गर्ने।
- **साइबर सुरक्षा र डिजिटल शिष्टाचार सचेतनाः**
  विद्यार्थी र शिक्षकहरूलाई अनलाइन संसारमा सुरक्षित राख्न साइबर सुरक्षा (Cyber Security) र सामाजिक सञ्जालको सुरक्षित प्रयोगसम्बन्धी सचेतना कार्यशाला चलाउने।
- **स्थानीय आइसिटी कार्यविधि तर्जुमाः**
  गाउँपालिकामा सूचना प्रविधिको प्रयोगलाई व्यवस्थित र दिगो बनाउन 'स्थानीय आइसिटी शिक्षा निर्देशिका' निर्माण गर्ने।

ग) **लक्ष्य निर्धारण (Target Setting)**

आगामी योजना अवधि (३ देखि ५ वर्ष) भित्र विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा हासिल गरिने स्पष्ट र परिमाणात्मक लक्ष्यहरूः

| क्र.सं. | सूचक | वर्तमान अवस्था (आधार वर्ष) | आगामी ३/५ वर्षको लक्ष्य |
|---|---|---|---|
| १ | ब्रोडब्यान्ड इन्टरनेट पहुँच | आंशिक/कमजोर | गाउँपालिकाका १००% सामुदायिक विद्यालयमा उच्च गतिको भरपर्दो इन्टरनेट पुऱ्याउने |
| २ | व्यवस्थित आइसिटी ल्याब स्थापना | केही मा.वि. हरूमा मात्र | १००% माध्यमिक र कम्तीमा ५०% आधारभूत विद्यालयमा आधुनिक कम्प्युटर ल्याब स्थापना गर्ने |
| ३ | मल्टिमिडिया प्रविधि प्रयोग | न्यून सङ्ख्यामा | १००% माध्यमिक विद्यालयका न्यूनतम २ ओटा कक्षाकोठालाई मल्डिमिडिया वा स्मार्ट क्लासरुममा रूपान्तरण गर्ने |

| | | | |
|---|---|---|---|
| ४ | प्रविधिमैत्री (ICT Trained) शिक्षक | सीमित क्षमता | गाउँपालिकाका १००% शिक्षकहरूलाई शिक्षणमा प्रविधि प्रयोग (ICT Integrated Pedagogy) सम्बन्धी तालिम दिने |
| ५ | ई-लाइब्रेरी र डिजिटल सिकाइ | अभ्यास नभएको | गाउँपालिकाका कम्तीमा ८०% विद्यालयमा डिजिटल ई-लाइब्रेरी र अनलाइन सामग्रीको पहुँच सुनिश्चित गर्ने |
| ६ | IEMIS र अनलाइन अभिलेखीकरण | सामान्य प्रयोग | गाउँपालिकाका १००% विद्यालयको प्रशासनिक, शैक्षिक र विद्यार्थी प्रोफाइल शतप्रतिशत डिजिटल माध्यमबाट व्यवस्थापन गर्ने |
| ७ | साइबर सुरक्षा सचेतना | नीतिगत व्यवस्था नभएको | गाउँपालिकाका १००% माध्यमिक तहका विद्यार्थीलाई साइबर सुरक्षा र डिजिटल नवप्रवर्तनसम्बन्धी साक्षरता प्रणाली स्थापना गर्ने |

## परिच्छेद ५
## विद्यालय सुशासन तथा व्यवस्थापन

### ५.१ परिचयः

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ। सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारीबोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँछ। सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ। शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ। विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारीसहितको व्यवस्थापकीय प्रबन्ध र



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ। यस परिच्छेदमा सुशासन तथा व्यवस्थापनअन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुगमन तथा मूल्याङ्कन जस्ता क्षेत्रहरू समावेश गरिएको छ ।

## ५.२ संस्थागत क्षमता विकास

### ५.२.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना सङ्घीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र सङ्गठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिँदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तनलगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँ सभा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रूपमा रहेका छन्। शिक्षा योजनामा उल्लिखित नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालाको क्षमता विकास हुन जरुरी हुन्छ। त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधीकरणमार्फत् कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ। योजनामा उल्लिखित नीति तथा कार्यक्रमको स्पष्टताविना सफल कार्यान्वयन हुन सक्दैन। त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ "ज" मा स्थानीय तहका २३ ओटा अधिकारहरूको व्यवस्था गरेको छ। विभिन्न ऐन र कानुनमार्फत् स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। सोअन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसै गरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन्। साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ ओटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ। प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा /शाखाको व्यवस्था गरिएको छ ।



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

### ५.२.२ वर्तमान अवस्था

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रूपमा व्यवस्थित बन्न सकेको छैन।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक एक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ। प्रायः जसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रूपमा बस्न सकेको पाइँदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गर्ने गर्दछन्। विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छन्। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ र लुम्बिनी प्रदेशले सामाजिक विकास डिभिजन कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू एकातिर कामविहीन भएको पाइन्छ भने अर्कोतिर तीन ओटै तहका विभिन्न निकायहरूबिचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ ।

### ५.२.३ उद्देश्य

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,

ख) तीनै तहका सरकारबिचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,

ग) स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,

घ) जनशक्तिहरूको संस्थागत क्षमता विकास गर्नु,



धैर्य गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

### ५.२.४ रणनीतिहरू

क) स्थानीय तहमा शिक्षा व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।

ख) संस्थागत संरचनाअनुसार आवश्यक जनशक्तिको व्यवस्था गर्ने।

ग) कार्यरत शिक्षक, कर्मचारी र प्रधानाध्यापकको क्षमता विकास गर्ने।

घ) शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरी उनीहरूको व्यावसायिक विकास सुनिश्चित गर्ने।

ङ) प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई नेतृत्व र क्षमता विकास गर्ने।

च) विद्यालय कार्यक्रम प्रभावकारी ढङ्गले सञ्चालन गर्न आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने।

छ) विद्यालय प्रशासन र व्यवस्थापन संरचना सुधार गर्ने।

ज) शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेसागत क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने।

झ) विद्यालय, शिक्षक र विद्यार्थीको कार्यसम्पादन नियमित अनुगमन र मूल्याङ्कन गर्ने।

ञ) मानव, वित्तीय र भौतिक स्रोतको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने।

ट) स्थानीय सरकार, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने।

ठ) ICT र डिजिटल प्रणालीमार्फत् प्रशासन र शिक्षण—सिकाइ प्रक्रियालाई सुदृढ गर्ने।

ड) विद्यालय सुधार योजना, बजेट र नीति निर्माणमा क्षमता अभिवृद्धि गर्ने।

ढ) विपद् र आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन र शिक्षकहरूको तयारी क्षमता विकास गर्ने।

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ

**ख) प्रमुख क्रियाकलापहरू**

पैयूँ गाउँपालिकाको शैक्षिक सुशासन, विद्यालय व्यवस्थापन, र नीतिगत व्यवस्थापनलाई सुदृढ बनाउनका लागि संस्थागत क्षमता विकास (Institutional Capacity Development) सम्बन्धी प्रमुख क्रियाकलापहरू (Key Activities) र लक्ष्य निर्धारण (Targets) को खाका तल प्रस्तुत गरिएको छ।

अ) **नीतिगत, कानुनी र सङ्गठनात्मक सुदृढीकरण**

- **स्थानीय ऐन, नियम र निर्देशिका तर्जुमाः**
  गाउँपालिकाको आवश्यकताअनुरूप स्थानीय शिक्षा ऐन, शिक्षक दरबन्दी मिलान कार्यविधि, समावेशी शिक्षा निर्देशिका, र विद्यालय सञ्चालन मापदण्डहरू निर्माण तथा परिमार्जन गर्ने।
- **गाउँपालिका शिक्षा शाखाको सुदृढीकरणः**



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

शिक्षा शाखालाई आवश्यक प्राविधिक जनशक्ति (जस्तैः प्राविधिक सहायक, अनलाइन डाटा सम्पादक), भौतिक पूर्वाधार र अनुगमनका लागि सवारी साधन तथा बजेटको व्यवस्था गर्ने।

- **शैक्षिक प्रोफाइल र डाटाबेस व्यवस्थापनः**
  गाउँपालिकाभित्रका सबै विद्यालय, शिक्षक, विद्यार्थी र भौतिक पूर्वाधारको अद्यावधिक विवरणसहितको स्थानीय शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Local EMIS) विकास गर्ने।

**आ)विद्यालय नेतृत्व र व्यवस्थापकीय क्षमता विकास**

- **प्रधानाध्यापक नेतृत्व विकास तालिमः**
  विद्यालयको प्रशासनिक, वित्तीय र शैक्षिक गुणस्तर सुधार गर्न प्रधानाध्यापकहरूका लागि 'विद्यालय नेतृत्व तथा व्यवस्थापन तालिम' (School Leadership Training) सञ्चालन गर्ने।
- **वि.व्य.स. (SMC) र शि.अ.सं. (PTA) अभिमुखीकरणः**
  विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरूलाई उनीहरूको हक, अधिकार, कर्तव्य र विद्यालय सुधार योजना (SIP) निर्माणसम्बन्धी सघन तालिम दिने।
- **विद्यालय सुधार योजना (SIP) को प्रभावकारिताः**
  प्रत्येक विद्यालयले समुदायको सहभागितामा आवधिक विद्यालय सुधार योजना निर्माण गर्ने र सोही योजनाका आधारमा मात्र गाउँपालिकाले बजेट विनियोजन गर्ने परिपाटी बसाल्ने।

**इ) अनुगमन, उत्तरदायित्व र सुशासन प्रवर्द्धन**

- **नियमित तथा सघन अनुगमन प्रणालीः**
  शिक्षा शाखा, स्रोत व्यक्ति र निर्वाचित जनप्रतिनिधिहरू सम्मिलित टोलीद्वारा विद्यालयहरूको नियमित, आकस्मिक र नतिजामुखी अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था मिलाउने।
- **सामाजिक तथा वित्तीय परीक्षण (Social & Financial Audit):**
  सबै विद्यालयहरूमा अनिवार्य रूपमा तोकिएको समयभित्र सामाजिक परीक्षण (Social Audit) र सार्वजनिक सुनुवाइ गराई पारदर्शिता र सामाजिक उत्तरदायित्व सुनिश्चित गर्ने।
- **कार्यसम्पादनमा आधारित प्रोत्साहनः**
  विद्यालय र प्रधानाध्यापकको कार्यसम्पादन सूचक (Performance Indicators) तयार गरी उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई अनुदान तथा पुरस्कार र कमजोर हुनेलाई सुधारात्मक निर्देशन दिने प्रणाली लागु गर्ने।

**ग) लक्ष्य निर्धारण (Target Setting)**

आगामी योजना अवधि (३ देखि ५ वर्ष) भित्र संस्थागत क्षमता विकास र शैक्षिक सुशासनको क्षेत्रमा हासिल गरिने स्पष्ट र परिमाणात्मक लक्ष्यहरूः

| क्र.सं. | सूचक | वर्तमान अवस्था (आधार वर्ष) | आगामी ३/५ वर्षको लक्ष्य |
|---|---|---|---|
| १ | स्थानीय नीति र निर्देशिका निर्माण | आंशिक/अपूर्ण | गाउँपालिकाका लागि आवश्यक १००% शैक्षिक नीति, नियम र निर्देशिकाहरू निर्माण तथा कार्यान्वयन गर्ने |

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

| | | | |
|---|---|---|---|
| २ | तालिमप्राप्त प्रधानाध्यापक दर | सामान्य अवस्था | गाउँपालिकाका १००% प्रधानाध्यापकहरूलाई नेतृत्व तथा वित्तीय व्यवस्थापन तालिम प्रदान गर्ने |
| ३ | वि.व्य.स. र शि.अ.सं. क्षमता विकास | परम्परागत/सीमित | १००% विद्यालयका व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई वर्षमा कम्तीमा १ पटक क्षमता विकास तालिम दिने |
| ४ | विद्यालय सुधार योजना (SIP) कार्यान्वयन | आंशिक कार्यान्वयन | गाउँपालिकाका १००% विद्यालयमा अद्यावधिक र व्यावहारिक ५ वर्षे विद्यालय सुधार योजना (SIP) लागु गर्ने |
| ५ | सामाजिक र वित्तीय परीक्षण | अनियमित/सामान्य | गाउँपालिकाका १००% विद्यालयमा प्रत्येक वर्ष अनिवार्य सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ सुनिश्चित गर्ने |
| ६ | नियमित विद्यालय अनुगमन दर | न्यून/आकस्मिक | प्रत्येक विद्यालयको वर्षमा कम्तीमा ४ पटक (त्रैमासिक रूपमा) शिक्षा शाखा र विज्ञ टोलीबाट सघन अनुगमन गर्ने |
| ७ | कार्यसम्पादन सम्झौता | हाल लागु नभएको | गाउँपालिकाका १००% प्रधानाध्यापकहरूसँग कार्यसम्पादनमा आधारित सम्झौता (Performance Contract) लागु गर्ने |

## ५.३ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.३.१ परिचय

सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षाको व्यवस्थापन, सञ्चालन र विकासको महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ। यस सन्दर्भमा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको शैक्षिक आवश्यकता, प्राथमिकता र स्रोत साधनलाई ध्यानमा राखी शिक्षा योजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहको शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय र समावेशी बनाउने उद्देश्यले तय गरिएको रणनीतिक र कार्यान्वयनमुखी योजना हो। यसले विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, वैकल्पिक शिक्षा, साक्षरता, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार, सिकाइ उपलब्धि सुधार लगायतका विषयलाई समेट्छ।

स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत योजना निर्माण, स्रोत व्यवस्थापन, कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनका स्पष्ट प्रक्रिया र संरचनाहरू तय गरिन्छ। यस प्रक्रियामा स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक, समुदाय तथा सम्बन्धित सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिन्छ।



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

**५.३.२ वर्तमान अवस्थाः**

गाउँपालिकाले स्थानीय सरकारको अधिकार क्षेत्रअनुसार शिक्षा क्षेत्रको व्यवस्थित विकासका लागि स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध गर्नेछ। गाउँपालिकाले शिक्षा शाखामार्फत् विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, समावेशी तथा वैकल्पिक शिक्षा कार्यक्रमहरूको समन्वय र व्यवस्थापन गर्नेछ। योजना कार्यान्वयनअन्तर्गत गाउँपालिकाले विद्यालयहरूको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने, विद्यालय सुधार योजना कार्यान्वयनमा सहजीकरण गर्ने, शिक्षक दरबन्दी व्यवस्थापन तथा आवश्यकताअनुसार पुनर्वितरण गर्ने, रिक्त पदमा शिक्षक नियुक्ति प्रक्रियामा सहजीकरण गर्ने तथा शिक्षकहरूको पेसागत क्षमता विकासका लागि तालिम, कार्यशाला, क्लस्टर बैठक र मेन्टरिङ कार्यक्रम सञ्चालन गर्नेछ। साथै सिकाइ उपलब्धि सुधार, समावेशी तथा समान पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गर्ने, विद्यालय पूर्वाधार विकास गर्ने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने तथा नियमित अनुगमन र मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने कार्यहरू पनि गरिने छन्।

यसका अतिरिक्त गाउँपालिकाले सरोकारवालासँग समन्वय गरी स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा योजना कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा आवश्यक जनशक्ति, स्रोत व्यवस्थापन र तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई सुदृढ गर्ने प्रयास गर्नेछ। जनशक्ति व्यवस्थापन, कानुन कार्यविधि निर्माण, बजेटको सुनिश्चितता, तीन तहका सरकारबिचको समन्वय, सहकार्य, वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी, विभिन्न सरोकारवालाहरूलाई कार्यक्रमहरूको बारेमा प्रबोधीकरण जस्ता कार्यक्रमहरू कार्यान्वयन गरिएको छ ।

**५.३.३ उद्देश्यहरूः**

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

**५.३.४ रणनीतिहरूः**

क) सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत् प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।

ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

ग) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

घ) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत् नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने।

ङ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

च) विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने ।

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

छ) विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।

ज) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

झ) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

ञ) सामुदायिक सिकाइ केन्द्रमार्फत् सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने।

### ५.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलाप**

**अ) संस्थागत संरचना र समन्वय संयन्त्र**

- **स्थानीय शिक्षा योजना कार्यान्वयन समिति गठनः**
  गाउँपालिका अध्यक्ष वा शिक्षा समितिको संयोजकत्वमा सरोकारवालाहरू (प्रधानाध्यापक, शिक्षाविद्, अभिभावक र नागरिक समाज) सम्मिलित एक उच्चस्तरीय 'शिक्षा योजना कार्यान्वयन तथा समन्वय समिति' गठन गर्ने।
- **अन्तर-शाखा र बहु-सरोकारवाला समन्वयः**
  शिक्षा योजनामा रहेका स्वास्थ्य, पूर्वाधार र सूचना प्रविधिका कार्यक्रमहरूलाई सफलतापूर्वक सम्पन्न गर्न गाउँपालिकाको स्वास्थ्य, योजना, पूर्वाधार विकास शाखा र सामाजिक विकास समितिसँग त्रैमासिक समन्वय बैठक सञ्चालन गर्ने।

**ख) स्रोत परिचालन र बजेट व्यवस्थापन**

- **मध्यकालीन खर्च संरचना (MTEF) सँग आबद्धताः**
  शिक्षा योजनाका क्रियाकलापहरूलाई गाउँपालिकाको वार्षिक बजेट र मध्यकालीन खर्च संरचनासँग आबद्ध गरी स्रोतको सुनिश्चितता गर्ने।
- **साझेदारी र पूरक कोष स्थापनाः**
  सङ्घीय र प्रदेश सरकारका ससर्त अनुदानहरूका अतिरिक्त गैरसरकारी संस्था, निजी क्षेत्र (CSR), र वैदेशिक विकास साझेदारहरूसँग साझेदारी गरी स्रोत परिचालन गर्ने।

**आ) अनुगमन, मूल्याङ्कन र योजना परिमार्जन**

- **नतिजामुखी अनुगमन सूचक (M&E Indicators) विकासः**
  शिक्षा योजनाको प्रगतिको मापन गर्न स्पष्ट, परिमाणात्मक र विशिष्ट सूचकहरूसहितको अनलाइन अनुगमन ड्यासबोर्ड तयार गर्ने।
- **वार्षिक समीक्षा र मध्यावधि मूल्याङ्कनः**



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

प्रत्येक आर्थिक वर्षको अन्त्यमा योजनाको 'वार्षिक प्रगति समीक्षा' (Annual Progress Review) गर्ने र योजना अवधि (३ देखि ५ वर्ष) को बिचमा एक स्वतन्त्र विज्ञ टोलीद्वारा 'मध्यावधि मूल्याङ्कन' (Mid-term Evaluation) गराई आवश्यकताअनुसार योजना परिमार्जन (Rolling Plan) गर्ने।

- **स्थानीय शैक्षिक प्रतिवेदन (State of Education Report) प्रकाशनः**
  पैयूँ गाउँपालिकाको शैक्षिक अवस्था, चुनौती र उपलब्धिहरू समेटिएको वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने।

**ग) लक्ष्य निर्धारण (Target Setting)**

आगामी योजना अवधि (३ देखि ५ वर्ष) भित्र स्थानीय शिक्षा योजना कार्यान्वयन प्रबन्धको क्षेत्रमा हासिल गरिने स्पष्ट र परिमाणात्मक लक्ष्यहरूः

| क्र.सं. | सूचक | वर्तमान अवस्था (आधार वर्ष) | आगामी ३/५ वर्षको लक्ष्य |
|---|---|---|---|
| १ | कार्यान्वयन र समन्वय समिति बैठक | हाल गठन नभएको | वर्षमा कम्तीमा ४ पटक (त्रैमासिक रूपमा) कार्यान्वयन समितिको अनिवार्य समीक्षा बैठक बस्ने |
| २ | वार्षिक बजेट आबद्धता (MTEF) | तदर्थ/सामान्य | शिक्षा योजनाका १००% कार्यक्रमहरूलाई गाउँपालिकाको वार्षिक योजना र बजेटमा समावेश गर्ने |
| ३ | बजेट परिचालन र खर्च दक्षता | विनियोजन फ्रिज हुने | शिक्षा क्षेत्रमा विनियोजित बजेटको न्यूनतम ९५% खर्च र वित्तीय अनुशासन सुनिश्चित गर्ने |
| ४ | वार्षिक प्रगति समीक्षा कार्यशाला | अनियमित | प्रत्येक वर्षको साउन/भदौ महिनाभित्र १००% सरोकारवालाहरूको सहभागितामा वार्षिक शैक्षिक समीक्षा गर्ने |
| ५ | मध्यावधि र अन्तिम मूल्याङ्कन | हाल नभएको | योजना लागु भएको तेस्रो वर्षमा १ पटक मध्यावधि र पाँचौं वर्षमा अन्तिम मूल्याङ्कन सम्पन्न गर्ने |
| ६ | साझेदारी र बाह्य स्रोत परिचालन | न्यून साझेदारी | शिक्षा योजनाका कम्तीमा २०% नवीन क्रियाकलापहरू बाह्य साझेदार र निजी क्षेत्रको सहकार्यमा सञ्चालन गर्ने |
| ७ | शैक्षिक प्रतिवेदन प्रकाशन | हाल नभएको | प्रत्येक वर्ष पैयूँ गाउँपालिकाको 'वार्षिक स्थानीय शैक्षिक प्रतिवेदन' अनिवार्य रूपमा प्रकाशन गर्ने |



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

## ५.४ अनुगमन तथा मूल्याङ्कन

### ५.४.१ परिचय

स्थानीय तहले शिक्षा कार्यक्रम कार्यान्वयन वार्षिक स्वीकृत कार्यक्रमअनुरूप कार्यान्वयन गर्नेछ। स्थानीय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ।प्रत्येक विद्यालयले र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारीअनुसार कार्यक्रम सञ्चालन गर्ने छन्।कार्यक्रम सञ्चालनका लागि बजेट र आवश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ।

जब कार्यक्रमहरूको कार्यान्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ।विद्यालय अनगुमनका क्रममा गाउँपालिकाले समग्र पक्षको (शैक्षिक,प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन,सुपरिवेक्षण, निरीक्षण गर्ने छन्।अनगुमनपश्चात् सरोकारवालाहरूसँग समीक्षा बैठक गरी अनुकरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।कार्यक्रम कार्यान्वयनका लागि नीतिगत रूपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ।

### ५.४.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरूमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ।खास गरी शिक्षा शाखाबाट अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको र जनप्रतिनिधिहरूबाट पनि समय समयमा अनुगमन गरिएको छ।विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ।कहिलेकाहीँ गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन।प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचालनमा समस्या छ।सफलता, सिकाइ र राम्रा अभ्यासहरूको दस्तावेजीकरण र प्रचार प्रसारको पनि खाँचो रहेको छ।

ऐन, नियमअनुसार कार्य भए नभएको लेखाजोखा गर्ने,लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरू नियमित रूपमा भइरहेका छन्।सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन गरिनेछ।

गाउँ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराई,सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यका लागि गाउँपालिका तथा सम्बन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ।योजनाको कार्यान्वयनका क्रममा गाउँपालिका, वडाहरू, सम्बन्धित समिति तथा उपसमितिहरूको बैठक कार्यतालिका वा आवश्यकताअनुसार बस्नेछ।

### ५.४.३ उद्देश्य

क) अनुगमन तथा मूल्याङ्कनका लागि संयन्त्रको निर्माण गर्नु।

ख) अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।

ग) योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

### ५.४.४ रणनीतिहरू

क) प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने ।

ख) शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने।

ग) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने।

घ) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।

ङ) विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षालाई थप व्यवस्थित र नियमित गर्ने।

च) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने।

छ) योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

### ५.४.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः**

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

**ख) प्रमुख क्रियाकलाप**

विद्यालय शिक्षा र शिक्षा योजना कार्यान्वयनको नियमित सुपरिवेक्षण, पृष्ठपोषण र गुणस्तर मापनका लागि आगामी योजनामा निम्न प्रमुख क्रियाकलापहरू समेटिनेछ।

**अ) अनुगमन प्रणालीको संस्थागत र प्राविधिक सुदृढीकरण**

- **एकीकृत अनुगमन निर्देशिका र सूचक विकासः**
  गाउँपालिका स्तरमा विद्यालय शिक्षाको भौतिक, वित्तीय र शैक्षिक पक्ष मापन गर्ने गरी स्पष्ट र मापनयोग्य सूचकहरू (M&E Indicators) सहितको 'स्थानीय अनुगमन तथा मूल्याङ्कन निर्देशिका' तर्जुमा गर्ने।
- **डिजिटल अनुगमन ड्यासबोर्ड (Digital Monitoring App/Dashboard):**



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

विद्यालयहरूको उपस्थिति, भौतिक अवस्था, दिवा खाजाको गुणस्तर र सिकाइ प्रगतिको रियल-टाइम (Real-time) अनुगमन गर्ने मोबाइल एप वा अनलाइन ड्यासबोर्डको विकास गरी प्रयोगमा ल्याउने।

- **अनुगमन टोलीको क्षमता विकासः**
  गाउँपालिकाका शिक्षा शाखाका कर्मचारी, प्राविधिक सहायक, स्रोत शिक्षक र सामाजिक विकास समितिका सदस्यहरूलाई नतिजामुखी अनुगमन र सुपरिवेक्षणसम्बन्धी विशेष तालिम दिने।

**आ) बहु-स्तरीय र सघन विद्यालय अनुगमन**

- नियमित तथा आकस्मिक विद्यालय निरीक्षणः
  शिक्षा शाखा र विज्ञ टोलीद्वारा गाउँपालिकाका सबै विद्यालयहरूमा कम्तीमा त्रैमासिक रूपमा नियमित र समय-समयमा विनासूचना आकस्मिक निरीक्षण (Surprise Visits) गर्ने व्यवस्था मिलाउने।
- **संयुक्त अनुगमन (Joint Monitoring):**
  जनप्रतिनिधि, कार्यपालिका सदस्य, शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरू तथा प्रतिनिधिहरू सम्मिलित संयुक्त टोलीद्वारा वर्षमा दुई पटक पालिकाव्यापी बृहत् अनुगमन सञ्चालन गर्ने।
- **कक्षाकोठा सघन पर्यवेक्षण (Classroom Observation):**
  केवल प्रशासनिक अभिलेख मात्र नहेरी शिक्षकको शिक्षण विधि र विद्यार्थीको सिकाइ स्तर मापन गर्न कक्षाकोठामै पुगेर प्रत्यक्ष सघन पर्यवेक्षण गर्ने र अन-द-स्पट (On-the-spot) पृष्ठपोषण दिने।

**ग) मूल्याङ्कन, उत्तरदायित्व र सिकाइ सुधार**

- **कार्यसम्पादनमा आधारित समीक्षा र र्‍याङ्किङः**
  अनुगमनबाट प्राप्त तथ्याङ्कका आधारमा प्रत्येक वर्ष गाउँपालिकाका विद्यालयहरूको 'शैक्षिक तथा व्यवस्थापकीय र्‍याङ्किङ' (School Ranking) सार्वजनिक गर्ने।
- **मध्यावधि र अन्तिम मूल्याङ्कनः**
  शिक्षा योजना कार्यान्वयनको तेस्रो वर्षमा बाह्य विशेषज्ञ टोलीमार्फत् 'मध्यावधि मूल्याङ्कन' (Mid-term Evaluation) र पाँचौं वर्षमा 'अन्तिम प्रभाव मूल्याङ्कन' (Impact Evaluation) गराउने।
- **त्रैमासिक प्रधानाध्यापक समीक्षा बैठकः**
  अनुगमनका क्रममा देखिएका समस्या र असल अभ्यासहरू (Best Practices) साटासाट गर्न प्रत्येक त्रैमासिकको अन्त्यमा गाउँपालिका स्तरमा सबै प्रधानाध्यापकहरूको समीक्षा बैठक आयोजना गर्ने।

**ग) लक्ष्य निर्धारण (Target Setting)**

आगामी योजना अवधि (३ देखि ५ वर्ष) भित्र विद्यालय शिक्षाको अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा हासिल गरिने स्पष्ट र परिमाणात्मक लक्ष्यहरूः

| क्र.सं. | सूचक | वर्तमान अवस्था (आधार वर्ष) | आगामी ३/५ वर्षको लक्ष्य |
|---|---|---|---|
| १ | अनुगमन निर्देशिका र सूचक निर्माण | हाल उपलब्ध नभएको | योजनाको पहिलो वर्षभित्रै १००% स्थानीय अनुगमन निर्देशिका र सूचकहरू स्वीकृत गरी लागु गर्ने |
| २ | नियमित विद्यालय अनुगमन दर | अनियमित/न्यून | गाउँपालिकाका १००% विद्यालयहरूको वर्षमा कम्तीमा ४ पटक (त्रैमासिक) सघन अनुगमन गर्ने |
| ३ | डिजिटल अनुगमन प्रणाली (LMS/App) | हाल अभ्यास नभएको | कम्तीमा ८०% विद्यालयको अनुगमन र रिपोर्टिङ डिजिटल एप वा अनलाइन प्रणालीमार्फत् गर्ने |
| ४ | कक्षाकोठा प्रत्यक्ष पर्यवेक्षण | न्यून/औपचारिक मात्र | विद्यालय अनुगमनका क्रममा कम्तीमा ५०% शिक्षकहरूको कक्षाशिक्षणको प्रत्यक्ष पर्यवेक्षण र पृष्ठपोषण सुनिश्चित गर्ने |
| ५ | प्रधानाध्यापक समीक्षा कार्यशाला | वार्षिक मात्र | वर्षमा ४ पटक (त्रैमासिक रूपमा) अनिवार्य प्र.अ. समीक्षा तथा सिकाइ साटासाट बैठक बस्ने |
| ६ | मध्यावधि र अन्तिम प्रभाव मूल्याङ्कन | हाल नभएको | योजनाको तेस्रो वर्षमा १ पटक मध्यावधि र पाँचौं वर्षमा १ पटक स्वतन्त्र अन्तिम मूल्याङ्कन सम्पन्न गर्ने |
| ७ | अनुगमन प्रतिवेदन सार्वजनिक र पुरस्कार | हाल नभएको | प्रत्येक वर्ष 'स्थानीय शैक्षिक अनुगमन तथा विद्यालय र्‍याङ्किङ प्रतिवेदन' सार्वजनिक गरी उत्कृष्ट विद्यालयलाई पुरस्कृत गर्ने |

# परिच्छेद ६
# लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलब्ध गराउने संवैधानिक प्रावधान रहेको छ। आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ। आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दूर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचनाबाहिरका ट्युसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले २३ ओटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ। कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तीय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकाले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तीय व्यवस्थापनअन्तर्गत दुई ओटा पक्षहरूलाई समेटिएको छ। एकातर्फ योजना कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारबाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउँदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ। शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन। विभिन्न प्रतिवेदनहरूले शिक्षामा कुल बजेटको २० प्रतिशत रकम विनियोजन गर्न सिफारिस गरे तापनि सो अनुपातमा पुग्न सकेको छैन। यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाका भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ। विद्यालयमा लगानी गर्नुपर्छ भन्ने समुदायको सोचमा गिरावट आएको छ। संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउँदै लैजाने नीति उल्लेख गरिएको छ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधासम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शी बनाउनु चुनौतीका रूपमा रहेका छन्। सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रूपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको राम्रो अवसर प्रदान गरेको छ ।

## ६.२ वर्तमान अवस्था

विश्वव्यापी रूपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तीमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिबद्धता रहे तापनि शिक्षा क्षेत्रको बजेट क्रमशः घट्दै गइरहेको पाइन्छ। ससर्त अनुदानका रूपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५ प्रतिशतभन्दा वढी रकम शिक्षक तलब भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवा खाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ। गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू

केन्द्रित रहेका छन्। विद्यार्थी सङ्ख्याका आधारमा एकाइ लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत ७५ हजार रहेको छ। तिहारमा खेलिने देउसीभैलो, अभिभावकको सहयोग तथा दानदातब्य विद्यालयका आम्दानीका प्रमुख स्रोतहरू बनेका छन्।

यो गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहने छन्। अभिभावक र समुदायको भूमिका परिपूरकका रूपमा रहनेछ। शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रूपमा साझेदारी गर्न सकिनेछ। समग्र वित्तीय व्यवस्थापनअन्तर्गत योजना कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापनमार्फत् वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन्। नतिजामा आधारित स्रोत विनियोजन पद्धतिमार्फत् विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ। स्रोतको आँकलन तपसिल बमोजिम गरिएको छः

| क्र.स. | वित्तीय स्रोतको व्यवस्थापन | कुल बजेट (रु. हजारमा) | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | १६५०००० | ३९.२८ | |
| २ | प्रदेश सरकार | २०००० | ० | |
| ३ | स्थानीय सरकार | १५०००० | ७.१४ | |
| ४ | अभिभावक तथा समुदाय | ० | ० | |
| ५ | सङ्घ संस्था तथा दातृनिकाय | १०००० | ० | |
| ६ | स्थानीय दाता तथा अन्य स्रोत परिचालन | ५००० | ० | |
| ७ | अपुग रकम | १००००० | | |
| जम्मा | | | | |

### ६.१.३ उद्देश्य

क) योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,

ख) पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,

ग) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

घ) खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु

### ६.१.४ रणनीतिहरू

क) सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

ख) आफ्नो तहभित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,

ग) स्रोतको उपयोग गर्ने विद्यालयलाई जवाफदेही बनाइने,

घ) वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

ङ) शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिने,

च) मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,

छ) वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने ।

### ६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

क) शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,

ख) वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्बन्धित विषय क्षेत्रअन्तर्गतका क्रियाकलापहरूको बजेट विवरण

| क्र.सं. | शिक्षाका उपक्षेत्रहरू | भौतिक लक्ष्य (५ वर्ष) प्रति एकाइ लागत ) (रु.हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १९८३२ | २१५५० | २२५५० | २३०५० | २५००० | १११९८२ | २२३९६४ |
| २ | आधारभूत शिक्षा | १०७६०० | ११२५०० | ११३५०० | ११४५०० | ११५५०० | ५६३६०० | ११२७२०० |
| ३ | माध्यमिक शिक्षा | २५९०० | २६७०० | २७५०० | २८५०० | २९८०० | १३८४०० | २७६८०० |
| ४ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | १०५८ | १२०० | १४५० | १६५० | १७०० | ७०५८ | १४११६ |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | १३८२ | १४५० | १५५० | १५७५ | १६०० | ७५५७ | १५११४ |
| ६ | शिक्षक व्यवस्थापन र विकास | ७२३१ | ८००० | ८५०० | ९००० | ९५०० | ४२२३१ | ८४४६२ |
| ७ | समता र समावेशीकरण | ४०५६ | ४५५० | ४८५० | ५२५० | ५५०० | २४२०६ | ४८४१२ |
| ८ | अन्तरसम्बन्धित विषय क्षेत्र | ५०० | ८०० | १००० | ११०० | १२०० | ४६०० | ९२०० |
| ९ | शिक्षामा सूचना तथा सञ्चार प्रविधि | १४७३ | २००० | २५०० | ३२०० | ३५०० | १२६७३ | २५३४६ |
| १० | विद्यालय भौतिक पूर्वाधार विकास | ०० | ३००० | ५००० | १०००० | २०००० | ३८००० | ७६००० |
| ११ | आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा | ० | ३०० | ५०० | ८०० | १००० | २६०० | ५२०० |
| १२ | विद्यालय सुरक्षा | ५०० | १००० | १५०० | २००० | २५०० | ७५०० | १५००० |
| १३ | संस्थागत क्षमता विकास | ८४१ | १३०० | १७०० | १८०० | २२०० | ७८४१ | १४२९६ |
| १४ | शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १०० | ६७२ | ८०० | १२०० | १४०० | ४१७२ | ८३४४ |
| १५ | योजना कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय र सहजीकरण | ३५० | ५५० | ६५० | ७०० | ८०० | ३०५० | ६१०० |
| जम्मा | | | | | | | ९७४७७७ | १९४९५५४ |

# परिच्छेद ७

## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### ७.१ परिचय

पैयूँ गाउँपालिकाले शिक्षा कार्यक्रम कार्यान्वयन वार्षिक स्वीकृत कार्यक्रमअनरूप कार्यान्वयन गर्नेछ।स्थानीय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। प्रत्येक विद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम सञ्चालन गर्ने छन्।कार्यक्रम सञ्चालनका लागि बजेट र आवश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ।

कार्यक्रमहरूको कार्यान्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको अनुगमन गरिनेछ ।विद्यालय अनगुमनका क्रममा गाउँपालिकाले समग्र पक्षको (शैक्षिक,प्रशासनिक, आर्थिक र भौतिक) नियमित अनुगमन, सुपरिवेक्षण,निरीक्षण गर्ने छन्। अनगुमनपश्चात् सरोकारवालाहरूसँग समीक्षा बैठक गरी अनुकरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।कार्यक्रम कार्यान्वयनका लागि नीतिगत रूपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ ।

### ७.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरूमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ ।खास गरी गाँउपालिकाको शिक्षा शाखाबाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनिधिहरूबाट पनि समय समयमा अनुगमन गर्ने गरिएको छ।विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरिएको छ ।अनुगमन मूल्याङ्कनका संरचना वा निकायहरू खडा भए तापनि सक्रिय बनाउन बाँकी नै छ।कहिलेकाहीँ गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन ।समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समीक्षा पनि हुन बाँकी नै छ।प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचालनमा समस्या छ। सफलता, सिकाइ र राम्रा अभ्यासहरूको दस्तावेजीकरण र प्रचार प्रसारको पनि खाँचो रहेको छ ।

ऐन नियमअनुसार कार्य भए नभएको लेखाजोखा गर्ने,लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरू नियमित रूपमा भइरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवाप्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन गरिनेछ।सङ्घमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा विभागले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय सञ्चालन गर्ने छन्।पैयूँ गाउँपालिकाको गाउँ शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराई

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

सो कार्यान्वयन भए नभएको सम्बन्धित निकायबाट अनुगमन गरिनेछ। अनुगमन प्रक्रिया तपसिल बमोजिम हुनेछ ।

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रक्रिया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अवलोकन, निरीक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | गाउँ शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय इकाइ | | इकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

गाउँ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराई, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यान्वयनका क्रममा आवश्यक सहयोग तथा सहकार्यका लागि गाउँपालिका तथा सम्बन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ। योजनाको कार्यान्वयनका क्रममा गाउँपालिका, वडाहरू, सम्बन्धित समिति तथा उपसमितिहरूको बैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

### ७.३ उद्देश्य

क) वार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,

ख) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत् नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार पारी समीक्षा र सुधार गर्नु,

ग) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु

**७.४ रणनीतिहरू**

क) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने,

ख) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने,

ग) शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने,

घ) राष्ट्रिय सूचकका अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आबद्ध गर्ने,

ङ) योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने,

च) प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने,

छ) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने,

ज) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने,

झ) सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने,

ञ) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एव प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,

ट) पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने ।

**७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

क) **उपलब्धिः**

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने,

ख) **प्रमुख क्रियाकलापहरू**

**अ) योजना कार्यान्वयन र सहजीकरण प्रबन्ध**

- **शिक्षा योजना कार्यान्वयन समिति गठनः**
  गाउँपालिकाका अध्यक्ष वा शिक्षा समितिको संयोजकत्वमा सरोकारवालाहरू (प्रधानाध्यापक, शिक्षाविद्, अभिभावक र नागरिक समाज) सम्मिलित एक उच्चस्तरीय 'शिक्षा योजना कार्यान्वयन तथा समन्वय समिति' गठन गरी कार्यविधि निर्माण गर्ने।
- **बजेट तथा खर्च संरचना (MTEF) आबद्धताः**
  शिक्षा योजनाका प्रत्येक क्रियाकलापलाई गाउँपालिकाको वार्षिक बजेट र मध्यकालीन खर्च संरचनासँग आबद्ध गरी बहुवर्षीय बजेट सुनिश्चित गर्ने।
- **कार्यसम्पादन सम्झौता (Performance Contract):**



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

गाउँपालिका र प्रधानाध्यापकहरूबिच शैक्षिक, भौतिक र व्यवस्थापकीय सुधारका स्पष्ट सूचकहरूसहितको वार्षिक कार्यसम्पादन सम्झौता लागु गर्ने।

**आ) बहु-स्तरीय र डिजिटल अनुगमन तथा मूल्याङ्कन**

- **डिजिटल अनुगमन एप/ड्यासबोर्ड विकासः**
  विद्यालयहरूको दैनिक उपस्थिति, दिवा खाजाको गुणस्तर, र भौतिक अवस्थाको रियल-टाइम (Real-time) अनुगमन गर्न मोबाइल एप वा अनलाइन ड्यासबोर्ड सञ्चालनमा ल्याउने।
- **कक्षाकोठा सघन पर्यवेक्षण (Classroom Observation):**
  शिक्षा शाखा र विज्ञ टोलीद्वारा प्रत्येक त्रैमासिकमा विद्यालयको प्रशासनिक अभिलेख र शिक्षकको शिक्षण विधिको प्रत्यक्ष कक्षाकोठामै पुगेर सघन सुपरिवेक्षण गर्ने।
- **मध्यावधि र अन्तिम प्रभाव मूल्याङ्कनः**
  योजना लागु भएको तेस्रो वर्षमा बाह्य विशेषज्ञ टोलीमार्फत् 'मध्यावधि मूल्याङ्कन' (Mid-term Evaluation) र पाँचौं वर्षमा 'अन्तिम प्रभाव मूल्याङ्कन' (Impact Evaluation) गराउने।

**इ) अन्तर-शाखा, अन्तर-सरकार र सरोकारवाला समन्वय**

- **अन्तर-शाखा एकीकृत समन्वय बैठकः**
  शिक्षा योजनामा रहेका स्वास्थ्य, पूर्वाधार र सूचना प्रविधिका कार्यक्रमहरूलाई एकीकृत रूपमा लैजान गाउँपालिकाको स्वास्थ्य, योजना, र पूर्वाधार विकास शाखासँग त्रैमासिक समन्वय बैठक गर्ने।
- **त्रैमासिक प्रधानाध्यापक समीक्षा कार्यशालाः**
  अनुगमनका क्रममा देखिएका समस्या समाधान गर्न र विद्यालयहरूबिच असल अभ्यासहरू (Best Practices) साटासाट गर्न प्रत्येक त्रैमासिकको अन्त्यमा गाउँपालिका स्तरमा प्रअ समीक्षा बैठक आयोजना गर्ने।
- **सामाजिक उत्तरदायित्व र सार्वजनिक सुनुवाइः**
  सबै विद्यालयहरूमा अनिवार्य रूपमा तोकिएको समयभित्र सामाजिक परीक्षण (Social Audit) र सार्वजनिक सुनुवाइ गराई नागरिक तवरबाट योजनाको अनुगमन गर्ने व्यवस्था मिलाउने।

**ग) प्रमुख नतिजाहरू (Key Outcomes/Results)**

उल्लेखित क्रियाकलापहरू सफलतापूर्वक सञ्चालन हुँदा योजना अवधिभित्र देहायबमोजिमका प्रमुख नतिजाहरू प्राप्त हुने छन्:

- **नतिजा १:** स्थानीय शिक्षा योजनाका लक्ष्य र कार्यक्रमहरू गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम र बजेटसँग शतप्रतिशत समाहित भई नियमित स्रोतको सुनिश्चितता हुनेछ।
- **नतिजा २:** सबै सामुदायिक विद्यालयहरूमा जवाफदेहिता, आर्थिक अनुशासन र सुशासन कायम भई पारदर्शी शैक्षिक नेतृत्व विकास हुनेछ।
- **नतिजा ३:** तथ्याङ्क र प्रमाणमा आधारित (Evidence-based) अनुगमन प्रणालीमार्फत् विद्यालयको भौतिक अवस्था र विद्यार्थीको सिकाइ उपलब्धिमा गुणात्मक सुधार आउनेछ।



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

- **नतिजा ४:** गाउँपालिकाका विभिन्न शाखाहरू र विद्यालयहरूबिचको एकीकृत समन्वय सुदृढ भई दिवा खाजा, स्वास्थ्य, र आइसिटी (ICT) जस्ता बहुक्षेत्रीय कार्यक्रमहरू प्रभावकारी रूपमा लागु हुने छन्।
- **नतिजा ५:** योजनाको समयबद्ध मूल्याङ्कन र समीक्षाका कारण स्रोतको दुरुपयोग रोकिई बजेट खर्च दक्षतामा वृद्धि हुनेछ।

घ) **लक्ष्य निर्धारण (Target Setting)**

आगामी योजना अवधि (३ देखि ५ वर्ष) भित्र कार्यान्वयन, अनुगमन र समन्वयका क्षेत्रमा हासिल गरिने स्पष्ट र परिमाणात्मक लक्ष्यहरू:

| **क्र. सं.** | **सूचक (Indicators)** | **वर्तमान अवस्था (आधार वर्ष)** | **आगामी ३/५ वर्षको लक्ष्य** |
|---|---|---|---|
| १ | योजना कार्यान्वयन र समन्वय समिति बैठक | हाल गठन नभएको | वर्षमा कम्तीमा ४ पटक (त्रैमासिक रूपमा) कार्यान्वयन समितिको अनिवार्य समीक्षा बैठक बस्ने |
| २ | वार्षिक बजेट तथा MTEF आबद्धता | तदर्थ/सामान्य | शिक्षा योजनाका १००% कार्यक्रमहरूलाई गाउँपालिकाको वार्षिक योजना र बजेटमा समावेश गर्ने |
| ३ | नियमित विद्यालय अनुगमन तथा सुपरिवेक्षण | अनियमित/न्यून | गाउँपालिकाका १००% विद्यालयहरूको वर्षमा कम्तीमा ४ पटक सघन अनुगमन गर्ने |
| ४ | डिजिटल अनुगमन प्रणाली (App/Dashboard) | हाल अभ्यास नभएको | कम्तीमा ८०% विद्यालयको अनुगमन र रिपोर्टिङ डिजिटल एप वा अनलाइन प्रणालीमार्फत् गर्ने |
| ५ | कार्यसम्पादन सम्झौता र र्‍याङ्किङ | हाल लागु नभएको | गाउँपालिकाका १००% प्रधानाध्यापकहरूसँग कार्यसम्पादन सम्झौता गरी वार्षिक रूपमा 'विद्यालय र्‍याङ्किङ' सार्वजनिक गर्ने |
| ६ | सामाजिक र वित्तीय परीक्षण (Social Audit) | अनियमित/सामान्य | गाउँपालिकाका १००% विद्यालयमा प्रत्येक वर्ष अनिवार्य सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ सुनिश्चित गर्ने |
| ७ | मध्यावधि र अन्तिम प्रभाव मूल्याङ्कन | हाल नभएको | योजनाको तेस्रो वर्षमा १ पटक मध्यावधि र पाँचौं वर्षमा १ पटक स्वतन्त्र अन्तिम मूल्याङ्कन सम्पन्न गर्ने |
| ८ | वार्षिक स्थानीय शैक्षिक प्रतिवेदन प्रकाशन | हाल नभएको | प्रत्येक वर्ष पैयूँ गाउँपालिकाको 'वार्षिक स्थानीय शैक्षिक प्रतिवेदन' अनिवार्य रूपमा प्रकाशन गर्ने |



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

अनुसूचीहरू

पैयूँ गाउँपालिकाको स्थानीय गाउँ शिक्षा योजना निर्माणका लागि राय सुझाव संकलनका लागि आयोजना गरिएको कार्यक्रममा सरोकारवालाहरूको उपस्थिति विवरण।

२०८३/०१/३० गते

**पैयूँ गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माणका लागि राय सुझाव संकलन तथा शिक्षा योजनाको मस्यौदा माथिको छलफलका क्रममा उपस्थित पैयूँ गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा पदाधीकारीहरु तथा शिक्षक अभिभावक संघका अध्यक्ष तथा पदाधीकारीहरूको उपस्थिति विवरण।**

| क्र.सं. | नाम र थर | पद | विद्यालयको नाम | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | दुर्गा चन्द्र काफ्ले | प्रधानाध्यापक | पालुस्थान मा.वि. | |
| २ | टिकाराम काफ्ले | प्रधानाध्यापक | श्री भिलरेख्या सं.मा.वि. | |
| ३ | राम प्रसाद तिवारी | नि. प्रधानाध्यापक | श्री विनु मा.वि. | |
| ४ | तेजेन्द्र प्रसाद न्यौपाने | प्रधानाध्यापक | श्री श्यामुने भञ्ज्यङ मा.वि. पैयूं-५ | |
| ५ | चेत प्रसाद शर्मा | ~~श्री सिन्दुरे प्राथमिक~~ वि.व्य.स.अ. | श्री सिन्दुरे प्रा.वि. पैयूं-३ | |
| ६ | विष्णु प्र. बराल | वि.व्य.स.अ. | श्री निर्मल, पैयूं-२ | |
| ७ | रेशम लाल न्यौपाने | शिक्षक | श्री पैयूं कालिका | |
| ८ | जगन्नाथ भुर्तेल | प्रधानाध्यापक | श्री देउराली आ.वि. पैयूं-५ | |
| ९ | पम्फा न्यौपाने सुवेदी | " | श्री सिन्दुरे प्रा.वि. | |
| १० | गंगा देवी उप्रेती | " | श्री बालकल्याण प्रा.वि. | |
| ११ | डम्बर बहादुर मल्ल | " | श्री गण्डकी प्रा.वि. | |
| १२ | पिताम्बर न्यौपाने | क्याम्पस प्रमुख | हुवास पञ्चमुखी क्याम्पस पैयूं-४ | |
| १३ | टेक बहादुर टमोल | अध्यक्ष | श्री जनता मा.वि. | |
| १४ | खेमराज भुसाल | शिक्षक | श्री जनसेवा सं.मा.वि. | |

Scanned with CamScanner



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

पैयूँ गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माणका लागि राय सुझाव संकलन तथा शिक्षा योजनाको मस्यौदा माथिको छलफलका क्रममा उपस्थित पैयूँ गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा पदाधीकारीहरु तथा शिक्षक अभिभावक संघका अध्यक्ष तथा पदाधीकारीहरूको उपस्थिति विवरण।

| क्र.सं. | नाम र थर | पद | विद्यालयको नाम | हस्ताक्षर |
|---|---|---|---|---|
| १५ | हिराकुमारी भट्टराई | शिक्षक | श्री चक्लाकु मा.वि | |
| १६ | तुलसी देवी तिवारी | प्र.अ. | श्री लक्ष्मी भवन प्रा.वि | |
| १७ | [illegible] अधिकारी | प्र.अ. | श्री धर्मोदय मा.वि | |
| १८ | नुमाकान्त शर्मा | शिक्षक | श्री जागृत मा.वि. | |
| १९ | छिउबहादुर विश्वकर्मा | शिक्षक([illegible]) | श्री दिपज्योति प्रा.वि. | |
| २० | हिमलाल बरेल | प्र.अ. | श्री निर्मल जनसेवा मा.वि. पैयूँ-२ | |
| २१ | विष्णु प्रसाद बस्नेत | वि.व्य.स. जेष्ठ [illegible] | श्री निर्मल जनसेवा मा.वि. | |
| २२ | चन्द्र बहादुर थापा | वडा अध्यक्ष | पैयूँ - ३ | |
| २३ | चक्रपाणी सापकोटा | प्रधानाध्यापक | श्री यज्ञश्वर आ.वि. | |
| २४ | | | | |
| २५ | | | | |
| २६ | | | | |
| २७ | | | | |
| २८ | | | | |

CS Scanned with CamScanner



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७४

२०८३।२।०८ गते।

पैयूँ गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माणका लागि राय सुझाव संकलन तथा शिक्षा योजनाको मस्यौदा माथिको छलफलका क्रममा उपस्थित पैयूँ गाउँपालिका का जनप्रतिनिधि ज्यूहरु, राजनैतिक दलका पदाधिकारी ज्यूहरु तथा शिक्षा प्रेमी, बुद्धिजिवी र वौद्धिक व्यक्तित्वहरुको उपस्थिति विवरण।

| क्र.सं. | नाम र थर | पद | कार्यालय/संस्थाको नाम | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | तोरण मल्ल ठकुरी | अध्यक्ष | पैयूँ गाउँपालिका | |
| २ | याम कुमारी राना | उपाध्यक्ष | पैयूँ गाउँपालिका | |
| ३ | जिवन गैरे | प्रमुख प्रशासकीय अधिकृत | पैयूँ गाउँपालिका | |
| ४ | मिन प्रसाद न्यौपाने | अध्यक्ष | १ नं. वडा कार्यालय | |
| ५ | नरभूपाल काफ्ले | अध्यक्ष | २ नं. वडा कार्यालय | |
| ६ | चन्द्र वहादुर थापा | अध्यक्ष | ३ नं. वडा कार्यालय | |
| ७ | टुकलाल न्यौपाने | अध्यक्ष | ४ नं. वडा कार्यालय | |
| ८ | नारायण भुर्तेल | अध्यक्ष | ५ नं. वडा कार्यालय | |
| ९ | गंगाधर अधिकारी | अध्यक्ष | ६ नं. वडा कार्यालय | |
| १० | तोयनाथ शर्मा | अध्यक्ष | ७ नं. वडा कार्यालय | |
| ११ | मिठु क्षेत्री | का.पा. सदस्य | पैयूँ गाउँपालिका | |
| १२ | चन्द्रकला न्यौपाने | का.पा. सदस्य | पैयूँ गाउँपालिका | |
| १३ | शर्मीला सुनार | का.पा. सदस्य | पैयूँ गाउँपालिका | |
| १४ | वविता हिताङ्ग | का.पा. सदस्य | पैयूँ गाउँपालिका | |

Scanned with CamScanner



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

पैयूँ गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माणका लागि राय सुझाव संकलन तथा शिक्षा योजनाको मस्यौदा माथिको छलफलका क्रममा उपस्थित पैयूँ गाउँपालिका का जनप्रतिनिधि ज्यूहरु, राजनैतिक दलका पदाधिकारी ज्यूहरु तथा शिक्षा प्रेमी, बुद्धिजिवी र वौद्धिक व्यक्तित्वहरुको उपस्थिति विवरण।

| क्र.सं. | नाम र थर | पद | कार्यालय/संस्याको नाम | हस्ताक्षर |
|---|---|---|---|---|
| १५ | फुलमाया सुनार | का.पा. सदस्य | पैयूँ गाउँपालिका | |
| १६ | उमादेवी वि.क. | का.पा. सदस्य | पैयूँ गाउँपालिका | |
| १७ | विष्णु प्र. भण्डारी | क. प्र. अधिकृत | | |
| १८ | ललित प्रसाद सेन | का.पा. वडाध्यक्ष वडा नं. ४ | पैयूँ गाउँपालिका | |
| १९ | मनोज कुमार भारती | कार्यालय सहायक | पैयूँ गा.पा | |
| २० | गिता पौडेल | सहायक पार्चो | पैयूं गा.पा. | |
| २१ | हिमाल शर्मा | प.स्व.प्रा | ,, | |
| २२ | डा. सुमन पौडेल | पशु चिकित्सक | पैयूँ गा.पा | |
| २३ | रमाकान्त तिवारी | का.स | ,, | |
| २४ | सान्ती कुवर | का.स | ,, | |
| २५ | निर्मला न्यौपाने | ,, | ,, | निर्मला |
| २६ | दशरथ चौधरी | ,, | ,, | |
| २७ | रामा प्रताप सेन | ,, | ,, | |
| २८ | शुशिला प्रधान | परिचारिका | | |

Scanned with CamScanner



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

पैयूँ गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माणका लागि राय सुझाव संकलन तथा शिक्षा योजनाको मस्यौदा माथिको छलफलका क्रममा उपस्थित पैयूँ गाउँपालिका का जनप्रतिनिधि ज्यूहरु, राजनैतिक दलका पदाधिकारी ज्यूहरु तथा शिक्षा प्रेमी, बुद्धिजिवी र वौद्धिक व्यक्तित्वहरुको उपस्थिति विवरण।

| क्र.सं. | नाम र थर | पद | कार्यालय/संस्थाको नाम | हस्ताक्षर |
|---|---|---|---|---|
| २९ | गुप्त ब. राना | का. वा | पैयूँ गा. पा. | [illegible] |
| ३० | वन्दना स्तापकोटा | अमिन | पैयूँ गाँ.पा | [illegible] |
| ३१ | अर्जुन थापा | अ. सव ई. | ,, | [illegible] |
| ३२ | तिलक तिवारी | | ,, | [illegible] |
| ३३ | [illegible] | | ,, | [illegible] |
| ३४ | मुकुन्द गौतम | | ,, | [illegible] |
| ३५ | धाम कुमारी राना | | ,, | [illegible] |
| ३६ | लाल बहादुर प्रधान | | ,, | [illegible] |
| ३७ | [illegible] चौधरी | | ,, | |
| ३८ | कल्पना [illegible] | | ,, | |
| ३९ | [illegible] न्यौपाने | | ,, | [illegible] |
| ४० | जमुना परियार | | पैयूँ गा. पा- ४, | [illegible] |
| ४१ | [illegible] नारायण [illegible] | | पैयूँ गा. पा. ४ | [illegible] |
| ४२ | [illegible] | | — | [illegible] |

Scanned with CamScanner

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

**पैयूँ गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माणका लागि राय सुझाव संकलन तथा शिक्षा योजनाको मस्यौदा माथिको छलफलका क्रममा उपस्थित पैयूँ गाउँपालिका का जनप्रतिनिधि ज्यूहरु, राजनैतिक दलका पदाधिकारी ज्यूहरु तथा शिक्षा प्रेमी, बुद्धिजिवी र वौद्धिक व्यक्तित्वहरुको उपस्थिति विवरण।**

| क.सं. | नाम र थर | पद | कार्यालय/संस्थाको नाम | हस्ताक्षर |
|---|---|---|---|---|
| ४३ | रचना तेपा लो | पशु स्वा. प्रा | पैयूं गा.पा | |
| ४४ | सोनी श्रेष्ठ | Edu | ,, | |
| ४५ | पवित्रा कुमा मगर | रवा पा निर | ,, | |
| ४६ | राज ब थापा | का स | ,, | |
| ४७ | ऋषिराम बसेल | | पैयूं-७, | |
| ४८ | आयुष बसेल | | पैयूं-७ | |
| ४९ | विश्वास अधिकारी | कृषि प्राविधिक | पैयूं गा.पा | |
| ५० | घोषणा थापा मगर | प्रा. स | ,, | |
| ५१ | रोशन भुसाल | लो. से. स्वा. पी. | पैयूं-गा.पा-६. | |
| ५२ | देवी प्रसाद भुर्तेल | औ.स्वा.नि. | पैयूं गा.पा | |
| ५३ | विष्णु कुमारी श्रेष्ठ | सि.अ.न.मी.मि. | पैयूं गा.पा. | |
| ५४ | कृष्ण प्रसाद तिवारी | ज्योतिर उद्घोषक | ,, | |
| ५५ | राजेन्द्र तिवारी | सब इन्जिनियर | पैयूं गा.पा | |
| ५६ | हरिकला वाग्लेभण्डारी | उपप्रमुख | ,, ६ | |

Scanned with CamScanner



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

पैयूँ गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माणका लागि राय सुझाव संकलन तथा शिक्षा योजनाको मस्यौदा माथिको छलफलका क्रममा उपस्थित पैयूँ गाउँपालिका का जनप्रतिनिधि ज्यूहरु, राजनैतिक दलका पदाधिकारी ज्यूहरु तथा शिक्षा प्रेमी, बुद्धिजिवी र वौद्धिक व्यक्तित्वहरुको उपस्थिति विवरण।

| क.सं. | नाम र थर | पद | कार्यालय/संस्थाको नाम | हस्ताक्षर |
|---|---|---|---|---|
| ५७ | देवेन्द्र बस्याल | सहायक स्तर पाँचौं | पैयूँ गा.पा. | (हस्ताक्षर) |
| ५८ | कमल बस्याल | सब-इन्जिनियर | " | (हस्ताक्षर) |
| ५९ | किरण कुमार यादव | अ.सब-इन्जिनियर | " | (हस्ताक्षर) |
| ६० | अनिल कमल ध्यौपाने | इन्जिनियर | " | |
| ६१ | | | | |
| ६२ | | | | |
| ६३ | | | | |
| ६४ | | | | |
| ६५ | | | | |

Scanned with CamScanner



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

योजना निर्माण सम्वन्धमा छलफल तथा अन्तर्क्रिया कार्यक्रममा तस्वीरहरु।








पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२




**<u>विशेष सल्लाहकारः</u>**

श्री तोरण मल्ल ठकूरी- अध्यक्ष- पैयूँ गाउँपालिका

श्री यामकुमारी राना- उपाध्यक्ष- पैयूँ गाउँपालिका

**<u>शिक्षा योजना लेखन समिति</u>**

१. श्री जिवन गैरे- संयोजक (प्रमुख प्रशासकीय अधिकृत)

२. श्री सम्जना आचार्य लामिछाने- सदस्य (प्रशासकीय अधिकृत)

३. श्री पुर्णचन्द्र काफ्ले- सदस्य -प्रधानाध्यापक (पालुस्थान मा.वि.

४. श्री हिमलाल वसेल- सदस्य - प्रधानाध्यापक (पालुस्थान मा.वि.

५. श्री गोविन्दराज सुवेदी- सदस्य -सचिव (शिक्षा अधिकृत)

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

# सन्दर्भसूची


जिल्ला समन्वय समिति, पर्वत। (२०७८)। *पर्वत जिल्लाको जनसाङ्ख्यिक तथा वस्तुगत विवरण*। जिल्ला समन्वय समिति, पर्वत।

जिल्ला विकास समिति, पर्वत। (२०७४)। *पर्वत जिल्लाको पार्श्वचित्र तथा भौगोलिक अवस्था प्रतिवेदन*। जिल्ला विकास समिति, पर्वत।

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय। (२०७२)। *नेपालको संविधान*। सिंहदरबार, काठमाडौंः कानून किताब व्यवस्था समिति।

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय। (२०७४)। *स्थानीय सरकार सञ्चालन ऐन, २०७४*। सिंहदरबार, काठमाडौंः कानून किताब व्यवस्था समिति।

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय। (२०७५)। *अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५*। सिंहदरबार, काठमाडौंः कानून किताब व्यवस्था समिति।

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय। (२०७७)। *सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७*। सिंहदरबार, काठमाडौंः कानून किताब व्यवस्था समिति।

नेपाल सरकार, राष्ट्रिय योजना आयोग। (२०८१)। *सोह्रौं आवधिक योजना (आ.व. २०८१/८२ — २०८५/८६)*। सिंहदरबार, काठमाडौं।

नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालय। (२०७८)। *राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन*। थापाथली, काठमाडौं।

नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र। (२०७६)। *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६*। सानोठिमी, भक्तपुर।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय। (२०७६)। *राष्ट्रिय शिक्षा नीति, २०७६*। सिंहदरबार, काठमाडौं।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय। (२०७६)। *विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६*। सिंहदरबार, काठमाडौं।




पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय। (२०७९)। *विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan - SESP)*। सिंहदरबार, काठमाडौं।

नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय। (२०७८)। *स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८*। सिंहदरबार, काठमाडौं।

संयुक्त राष्ट्र सङ्घ। (२०१६)। *दिगो विकास लक्ष्य (SDG 4: गुणस्तरीय शिक्षा)*। संयुक्त राष्ट्र सङ्घ नेपाल कार्यालय, काठमाडौं।